# दाऊद अनि अरुले डर र लाज माथि विजय गरे

बालकहरुका शिक्षक–शिक्षिकाहरुले अध्ययन ए. 2 ख लाई पढ्नु होस

## 1. शर्मभा परेका अनि दुर्बल भेड़ाहरुलाई प्रोत्साहन दिनलाईआफैलाई तयार पार्नु होस्।

उहाँका हराएका अनि चोट परेका भेंड़ाकोनिम्ति तपाईले सहानुभुति दिनलाई एक असल गोठालोलाई सोहनु होस्।

**परमेश्वरबाट साहस लिनु होस्। 2 शात्रुएल 11 र 12** मा पाउनु हुनेछ, परमेश्वरले दाऊदलाई शर्मबाट कसरी छुटयाउनु भयों।

[दाऊदले हित्ती उरियाहको विरुद्ध तुच्छ पाप गरेको हुनाले तिनलाई लाजको सामना गर्न साहस चाहिएको थियो। तिनले उरियाहकी स्वास्नी बेतशेबा सित व्यविचार गरेको हुनाले उरियाहलाई लड़ाईमा मर्न पठाए। जब सम्मन भविष्यवक्ता नातानले दाऊदलाई बाधा दिएनन् तिनले गरेका दुष्ट कामलाई स्वीकार गरेका थिएनन्, न ता आफैले आफैलाई। दाऊदले जब आफनो भुल स्वीकार्दछ तिनी शर्ममा पर्दछ। दाऊदको दोष–स्वीकार भजन संग्रह 51 मा पाइन्छ।]

वास्तविक दोष अनि शर्मको अनुभुति माझको भिन्नतालाई छुट्याउनु होस्। द सेफर्डस स्टोरी बुक, भाग तीन, अध्याय 12 मा एउटा क्षात्र जसले आफ्नै हत्या गर्न छुरी तयार पारेका थिए। तिनको मित्रले कराउंदछ, ''रोक!'' उसले उत्तर दिंदछ, ''मलाई प्राध्यापकले अउतीर्नको दर्जा दियो, अनि यसले गर्दा अब उसो म महाविध्यालयमा पढ्न सकिदन। मलाई अनि मेरो परिवारलाई शर्म मयो। म मर्छु!''



उसको मित्रले तिनलाई आश्वासन दिंदछ, ''परमेश्वरले'' पढ़ाईमा अउर्तीन भएकोले गर्दा तिमी दुष्ट भएको चाहनु हुन्न। तिमीले जत्ति गर्न सकथ्यौ त्यति गरयौ। आफैलाई हत्या गर्नु अझ धेर शर्मको अनि दोषको कारण हुँदछ।''

''त्यसो भए म प्रध्यापकको बहुमुल्य अनुवीक्षण यन्त्र (माइक्रोस्कोप) चोर्ने छु!''

''है न! बदलाको निम्ति चोरी गर्नु तिमीलाई सांह्रै दोषि ठहराउछ। लाज–शर्म अनि दोष के हो म तिमीलाई बुभउँछु। शर्म केवल अनुभुती मात्रा हुन्। दोष शर्मले परमेश्वरको डण्ड ल्याउंछ। तर चोरी गर्नाले शर्म र दोष दुवै ल्याउंदछ!''

''म त केहि भिन्नता पाउंदिन।''

''हामी राजा शावलको बारेमा अनि दुई प्रकारको शर्म बारे पढौं।'' (सेफर्ड्स् स्टोरी बुक Timothy.net. वाट सित्तैमा लिनु होस्।)

1 शामुएल 20:27–34 मा पाउनु हुन्छ ती क्षात्रहरुले दोष अनि लाज बारे के पत्ता लगाए :

- जोनाथनले उसको परिवारमाथि अनादर ल्याए भनी शावलले किन भने? [पद 30]
- शावलले यस्तो लज्जाजनक के काम गरेका थिए? [पद 34]
- परमेश्वरको अघि कुन मानिसको स्वभाविक गल्ती थियो, शावलको वा जोनाथनको?

जोनाथन लाजमा परे किन–भने दाऊदलाई तिनले साथी बनाएर परिवार माथि अनादर ल्याए अनि तिनका पिताले

भनेथे। तरै पनि, परमेश्वरको अघि जोनाथनले दोष गरेको थिएन। तिनको इर्ष्यालु बुवा, राजा शावल, जसले दाऊदलाई मार्ने इच्छा गरे तिनलाई अपमानको अनुभूति नै थिएन, एक निर्दोष मानिस। शावलको हृदय परमेश्वरको अघि लज्जाजनक थिए। जब माता–पिता, शिक्षक वा व्यक्तिले हामीलाई खुल्लम–खुल्ला प्काउछन्, हामीलाई पनि लाज लाग्छ। कहिले कांहि मुखे गलतीहरु गरी पठाउंदा हामी लाजमा पर्दछौं। तर यसकिसिमको अनुभूति वास्तविक दोष होइनन्।

शावल अनि जोनाथनको बारे जाने पछि, छात्र आश्चर्य मान्दछ, ''अच्छा! महाविव्यालयमा अउत्तिर्न हुनु अनादर थियो तर परमेश्वर समझ दुष्ट थिएन। अर्को तर्फ, प्रध्यापकबाट चोरी गर्नु वास्तविक बुराइ पो रहेछ। जुन कुरो बुरो नै थिएन त्यसलाई मैले अपमान सम्झें, तर चोरी गर्न मलाई लाज नै लागेन। अपमानको अनुभूतिलाई कसरी रोक्ने?''

''तिम्रो पापहरुलाई परमेश्वरमा मानिलिनु होस्। उहांले तिमीलाई क्षमा गर्नु हुन्छ, किनभने येशू हाम्रो पापको निम्ति मर्नु भयो।'' मित्रको सहायतामा छात्रले चोरी गर्न चाहेको अनि उसको अरु घेरै पापहरुको निम्ति परमेश्वरलाई येशूको नामया क्षमा मांग्दछ। तिनले आनन्द र शान्ती हासिल गर्दछ।

अरुलाई प्रोत्साहन अनि सन्त्वना दिने कौशललाई प्रगती गर्नु होस्।

लूका 15:1–10 मा पाउनु हुन्छ एउटा असल गोठालोले के गर्दछ।

हिब्रू 12 अध्यायमा पाउनु हुन्छ :

- मानिसहरूले परमेश्वरको दण्ड भोग्न किन खुशि साथ ग्रहण गर्नु पर्छ?
- तिनीहरुको भविष्यको आशा के हो?

गलाती 6:1–5 पाउनु हुन्छ। गलतमार्गमा हिंड़ने विश्वासीलाई सुधार अनि पुन:स्थापना गराउने दायित्व।

यहुन्ना 20:22–23 मा पाउनु हुन्छ, पश्चाताप गर्नेहरुको निम्ति पवित्र आत्माले तपाई द्वारा के गर्नु हुन्छ।

हितोपदेश 18:13–14 मा पाउनु हुन्छ तिनीहरु जसले आफूलाई खराब सम्झन्छन् त्यस्ता लोकहरुलाई सान्त्वना दिनलाई दुइ कुरो याद राख्नु।

कण्ठ गर्नुहोस्–हितोपदेश 18:13–14।

**2. हप्ता भर गरिने क्रियाकलापहरुको योजना सहकमीहरुसित बनाउनु होस्।**

- उत्साह अनि प्रार्थनाको खंचोमा परेका मानिसहरुलाई सम्झनु होस्। दाऊदले झै तिनीहरुको डर–भयहरु, अपमान अरु कुनै समस्याहरूको सामना गर्नलाई सहायता दिन जानु होस्–परमेश्वरको क्षमा अनि सहयोगमा।
- यदि कसैलाई कुनै कुरामा नराम्रो लागी रहेछ भनें, तिनीहरुको सुन्नु होस् अनि जान्न दिनु होस् कि तपाईले तिनहरुको फिक्री गर्नु हुन्छ। तिनीहरुसित प्रार्थना गर्नु होस्।
- यदि कुनै विश्वासी बगाल देखि बरालिएका छन् भने वा कुनै अर्को व्यक्ति प्रति तितो पन छ भनें, अरू सहयोगीहरुको साथमा तिनलाई भेट गर्नु होस्, गलाती 6:1 अनुसार। यदि उसले पाप गरेको छ भनें, विस्तारै पुन: स्थापन गराउनु होस्।
- विरामीहरुलाई निरीक्षण गर्नु होस् अनि येशूको नाउँमा प्रार्थना गर्नु होस्।

**3. आउंदो आरधनाको योजना सह–कर्मी सित बनाउनुहोस्।**

**पावल-तिमोशी गोठालोको अध्ययन-आश्वासन र परामर्श ए. 2 ए**

स्थानिय रिती-रिवाजहरु अनि प्रसंगमा सुहाउने क्रियाकलापहरु चुन्नु होस्।

दाऊद अनि गोल्यतको नाटक बालकहरुलाई प्रस्तुत गर्न लगाउनु होस्। प्रौढ़हरुको निम्ति प्रश्नहरु पनि तयार पार्न लगाउनु होस्।

**आशा** अनि आशारहित बारे एउटा व्यंग प्रस्तुत गर्नुहोस्।

**आशा:** ''मेरो नाम आशा हो। म सित खुशिको खबर छ।''

**आशारहित :** ''पर्ख! मेरो नाम आशारहित हो। म सित नराम्रो खबर छ! म मरेको छु।''

**आशा :** ''तिमी के अरे?''

**आशारहित :** ''म मरेको छु। के तिमी सुन्न सकदैनौ? साचद तिमी पनि मरेकै होला।''

**आशा :** ''तिमी मरयौ भनि तिमी किन भन्छौ? म तिम्रो नाड़ी छामौं।'' (नाड़ी छाम्नु होस्) ''तिम्रो ह्दयको धड़कन ठिक छ, तिमी मरेको छैनौ।''

**आशारहित :** ''हो मरेको छु। मैंले सपनामा देखें। म मरेकै भएर ब्यूँझिए।''

**आशा:** ''आशारहित तिमी मृत्यु सित औधी डराउंछौ।''

**आशारहित:** अब पछि के हुन्छ भलाई डर लाग्छ। भैंले जे पनि गरें, म लज्जित छु।''

**आशा:** ''आशारहित, परमेश्वरले अपमान अनि दोषलाई कसरी हटाउनु हुन्छ हामी तिमीलाई बुझाउने छौ।'' (मण्डली सित बोल्नु होस्) ''परमेश्वरले हाम्रो अपमानलाई कसरी हटाउनु हुन्छ आशारहितलाई सझाउनमा मलाई मदत गर्नु होस्। दया गरी, मलाई मदत गर्नु होस्।'' (मानिसहरुलाई आशारहित सित बात गर्न लाउनु होस्। तपाईले एक दुई जनाको नाम काड़ेर भन्नु पर्ला)।

भन्नु वा कार्य गर्नु होस् 1 शामुएल 20:27-34 अनि दुइ किसिमको शर्मलाई बुझाउनु होस्।

2 शामुएल 11र 12 भन्नु होस् वा कार्य गर्नु होस अनि दाऊदलाई परमेश्वरले कसरी शर्मबाट स्वतन्त्र गराउंनु भयो बुझाउनु होस्।

प्रभु भोज को परिचय, 1 कोरिन्थी 10:16। हामी के मा भाग लिइरहेका छौ, बुझाउनु होस्।

अर्को हप्ताको निम्ति तयार पारिएको योजनाहरूलाई सुचित गराउनु होस्।

दुइ वा तीनकोझुण्ड बनाउनु होस अनि विश्वासीहरुले एका-दुस्रालाई मदत गरुंन्। तिनीहरुलाई प्रार्थना गर्न लाउनु होस्। तिनीहरुको योजनालाई पक्का गरुन् अनि एका - दुस्रालाई प्रोत्साहित गराउन।

## जब हामी डराएका अनि लाजमा परेका हुन्छौ परमेश्वरले मदत गर्नु हुन्छ

यस अध्ययनबाट प्रत्येक नानीले परमेश्वरमा शान्ति अनि सुरक्षा प्राप्त गरुन भनि प्रभुलाई मांग्नु होस्।

**तयारी:** चिल्लो दूंगाहरु बटुल्न होस् जसमा नानीहरुले लेख्न सकोस्।



दाऊद अनि गोल्यतको कथा सुनाउनु होस् वा 1 शामुएल 17:20-51 पढ्नु होस्। हुन सकछ भनें, ठूला नानीले अरुको निम्ति पढ़ि दिऊन। परमेश्वरको शक्तिले डर अनि लाजलाई कसरी पराजय गर्नु हुन्छ त्यस बारे नानीहरुलाई प्रश्नहरु गर्नु होस्।

- दाऊदका दाइहरु सेनाहरुसित युद्ध गरी रहेको बेला दाऊद चाँहि के गर्दै थिए?
- दाऊदले आफ्नो बुवाको भेंड़ाहरु हेर्दाहुदि तिनले के गर्न सिकेका थिए?
- जब दाऊद युद्धभुमिमा आए तिनका दाइहरुले के भनेर शिकायत गरे?
- जब दाऊद युद्ध गर्न जान लाग्दा तिनले शावलको झिलम लगाउन किन इन्कार गरे?
- गोल्यत राक्षसको विरुद्ध लड़न निस्कंदा तिनलाई कसले सामर्थी बनाए?
- मानिसहरुलाई भयभीत गराउने राक्षसलाई मार्न एउटा सानो ठिटोलाई परमेश्वरले कसरी मदत गर्नु भयो?



**पावल–तिमोथी अध्ययन ए. 2 बी, डर अनि लाजलाई पराजीत गर्नु**

**क्रियाकलाप:** हाम्रो भयहरुलाई पराजित गर्नु।

- मानिसहरुमा हुने डर–भयहरुलाई एउटा ठूलो कागजको टुक्रामा लेख्नु होस्। नानीहरुले तिनीहरुमा भएका डरहरुलाई उल्लेख गरुन्।
- परमेश्वरलाई वर्णन गर्ने शब्दहरुमा ठूला नानीहरुले ढूंगाहरु माथि लेखुन्। परमेश्वरको विषयमा भनिने शब्दहरु सबै नानीहरुलाई उल्लेख गर्न लाउनु होस्। केहि उदाहरणहरु छन् : ''शक्तिमान'', ''सबथोक जान्नु हुने'', ''मलाई प्रेम गर्ने'', '' सर्वव्यापी'', अनि ''मलाई बचाउने।'' कागजमा उल्लेख गरिएका तिनीहरुको डरहरुलाई निशाना बनाई नानीहरुले ती दूंगाहरुले त्यसलाई हिर्काउन्। यो गर्नलाई नानीहरुलाई बाहिर लान सक्नु हुन्छ।

केहि विचार गर्नु पर्ने : ढूंगाहरूले कमजोड़ मानिसहरुलाई रक्षा गर्ने परमेश्वरको शक्तिलाई सझना गराउंछ। जुन ढूंगालाई दाऊदले गोल्यतलाई फयांके त्यो सानो भएता पनि परमेश्वरले शक्तिशाली बनाउनु भयो।



परमप्रधानको गुप्तठाउं। चार जना बालकहरुले पढ्न, कण्डस्थ सुनाउन, वा भजन संग्रह को चार भागहरु गाउन्।(पदरु 1,2,4,5,7,11,12)

जो परम प्रधानको गुप्त ठाउंमा बास गर्दछ,

त्यो सर्वशक्तिमानको छत्र छायामनि रहन्छ।

परमप्रभुको विषयमा म भन्छु, ''उहाँ मेरो शरणस्थान र मेरो किल्ला हुनुहुन्छ,

मेरा परमेश्वर, जसमा म भरोसा राख्तछु।

उहांले तिमीलाई आफना पखेटाले ढाकनुहुनेछ,

उहांको पखेटामनि तिमीले शरण लिनेछौ,

उहांको सत्यता सानो ढाल ठूलो ढाल हो।

तिमी रातको ठूलो त्रास देखि,

दिनमा उड़ेर आउने वाणदेखि,

## पावल–तिमोथी अध्ययन ए. 2 बी, डर अनि लाजलाई पराजीत गर्नु

राती चल्ने रुढ़ीदेखि,

दिउँसो क्षय गर्ने नाशदेखि डराउनेछैनै।

एक हजार जना तिम्रो नजीक लोटनेछन्,

तिम्रो दाहिने हाततर्फ दश हजार जना, तर तिम्रो नजीक कोही आइपुग्दैन।

किनकि उहांले आफना दूतहरुलाई तिम्रा सबै मार्गहरुमा रक्षा गर्नलाई कड़ा आज्ञा दिनुहुनेछ।

तिनीहरुले तिमीलाई आफना हात माथि माथिनै उठाउनेछन्,

नत्रता तिम्रा खुट्टाले दुङ्गामा ठेस खानेछ।

**दाऊद अनि गोल्थतको कथालाई नाटकमा परिणत गर्नुहोस्,** 1 शामुएल 17:1–51 बाट।

- प्रौढ़हरुलाई नाटक प्रस्तुत गर्नलाई आराधनाका अगुवाहरुसित मिलाउनु होस्।
- यदि समय कम छ भनें देखि, कम महत्व भएका भागहरुलाई छोड़े हुन्छ।
- केहि नानीहरुले पलिस्तीहरुबनेर खेल्नु पर्छ, अरुले इस्राएली सेनाहरुको। यदि नानीहरु कम भए, प्रौढ़हरुको मदत लिनु होस्।
- के गर्नु र भन्नु सबैले नजाने सम्म प्रयास गर्नु होस्।

जब कथक कथाको त्यस भागमा आइपुग्दछ, कलाकारहरुले बाइवलमा भएका व्यक्तिहरुको शब्दहरु बोल्नु अनि चालहरु चल्नु होस्।

गोल्यतले एउटा लट्ठी लिएर (भालाको प्रतिनिधित्व गर्ने) अनि रिसाए जोड़ सित कराउनु।

**दाऊदः** धुँयेत्रों चलाएको बहाना गर्नु। त्यो एउटा छालाको सानो थैली जस्तो दुई पट्टि डोरीले कसेको हुनपर्छ। चलाउनेले त्यसलाई आफ्रो टाउको माथि घुमाएर दुंगालाई छोड़दा एउटा डोरीलाई छोड़ी दिनु पर्छ।

**प्रार्थनाः** स्वर्गमा हुने सर्वशक्तिमान परमेश्वर, हाम्रो डरहरुलाई पराजय गर्न हामीलाई मदत गर्नु होस्। दाऊदलाई गर्नु भए झै हामीलाई मदत गर्नु होस्। दाऊदलाई गर्नु भए झै हामीलाई पनि त्यो विश्वास अनि भरोसा प्रदान गर्नु होस्। येशूको नाममा। आमेन।

# परिवार अनि व्यक्तिगत् समास्याहरु माथि आत्मीय परामर्श

## नातानले गेर झैं मानिसहरुको समस्यामा मदत गर्नुहोस्

स्थानीय प्रथा अनि वर्तमान खांचोहरुलाई सुहाउने क्रियाकलापहरु चुन्नुहोस्।

**प्रार्थना :** ''प्यारो प्रभु, मलाई प्रेमको साथमा सत्य बोल्नमा सहायता गर्नुहोस्।'' (इफिसी 4:15)

### 1. मार्ग निर्देशनहरुको प्रयोग गरी आत्मीय परामर्श दिने तयारी

जसलाई सुधारको खांचोछ उसलाई कष्टजनक सत्यता बताई दिनु अनि स्नेहमय कुरो तिनीहरुलाई तपाईले गर्न सकनुहुन्छ। दाऊदलाई परमेश्वरसित मिलाउन नातानले कसरी सहयोग गरे पत्ता लाउनु होस् (2 शामुएल अध्याय 11–12)

1. यदि समस्या निजी हो भनें, गुप्तमा नै व्यवहार गर्नुहोस्, नत्र भने एउटा सानो झुण्डमा व्यवहार गर्नु होस्, जसमा अरुले पनि परमेश्वरको सहायताको निम्ति अनुरोध अनि प्रार्थना गर्न सक्छन्।

यदि समस्या अर्को विश्वासीको अपराधको कारण छ भनें, तब अपराधीले के गर्नु पर्छ मत्ती 18:15–16 मा पत्तो गर्नुहोस्।



2. विपरीत लिङ्गलाई अरु कसैले देखि रहेको बेला मात्र परामर्श गर्नु होस्। तिनीहरुलाई एकलै वा बन्द कोठामित्र भेट नगर्नुहोस्। हामीले दुष्टको उपस्थितिलाई पनि टार्नुपर्छ (1 थिस्सलोनी 5:22)।



3. सम्बन्धीत व्यक्तिसित मात्र समस्या को कुराकानी गर्नुहोस्, व्यक्ति, परिवार वा विश्वासीहरु जो समस्याले चोट परेका छन्। एस्तरले हामानको दुष्ट चाललाई तब सम्मन् दोष लगाएनन् जब सम्म तिनले उसको अनि राजाको, सामने केहि गर्न सक्थ्यो, जसलाई उसले धोका दिएका थिए। (एस्तर, अध्याय 5–7)।



4. मानिसहरुले समस्या व्यक्त गर्दा सुन्नुहोस्। जब सम्मन् लुकेको कारणको जड़ पत्ता लाग्दैन प्रश्नहरु राख्नुहोस्। याकूब 1:5 बाट पत्ता लाउनु होस् समस्यालाई राम्रो गरी बुझ्नलाई हामीले के गर्नु पर्छ।

**समस्या यही हो कि मेरो लोग्नेले मलाई नानीहरुको देखभाल गर्नमा मदत गर्दैन्**

**समस्या यही हो कि तिमीले नानीहरुलाई साह्रै हम्फाउंछौ! तिमीले तिनीहरुलाई अरु साधरण नानीहरु जस्तै खेल्न दिंदैनौ।**



मानिसहरुको गुप्त कुराहरु आफैमा सिमित राख्नुहोस्। गुप्तमा सुनेका कुराहरू अरुसित नगर्नु होस्। कुरा ओसार्नेलाई परमेश्वरले के सम्झनु हुन्छ, हितपोदेश 11:13 मा हेर्नुहोस्।

जब तपाईले मेरो नातेदारलाई गुप्तमा बताएका कुराहरु के भन्नु भयो ?

परामर्श गर्नु भयो हामीले दाह्रोआउनु हुदैन्।

5. समस्याका जड़हरुमा परमेश्वरको वचन प्रयोग गर्नु होस्। अगाड़ि सुन्न भएको शिकायतहरु मात्र हुन। बुरो कुराहरुलाई परमेश्वरको वचनले सच्याउनुहोस्। ‘‘सारा ज्ञानमा ख्रीष्टको वचनले तिमीहरुमा प्रशस्तसंग बास गरोस्। तिमीहरु एउटाले अर्कोलाई सिकाएर अर्ती दिंदै भजन, स्तुतीगान आत्मिक गानद्वारा आफ्रा ह्दयमा अनुग्रह साथ परेश्वरका निम्ति गाओ।’’ कलस्सी 3:16। 1 तिमोथी 4:1 मा पत्तो गर्नुहोस्, विश्वासविहिन मानिसहरुले झुटलाई अंगाल्दछ।

**म कुव्यवहारलाई रोक्न सक्दिन। यो अत्ति कड़ाछ।**

**शैतानले तपाईलाई त्यो झूट बोल्यो! येशूको शक्तिमा तपाईको विश्वासलाई कमजोड़ गर्न त्यसलाई दिंदै हुनुहुन्छ। तपाई एक प्रौढ़ हुनु हुन्छ अनि कसरी व्यवहार गर्नुपर्छ निश्चय, गर्न सकनु हुन्छ।**



- यदि कोहि अझ पनि विश्वासगर्दैन भने देखि, ख्रीष्ट येशूमा परमेश्वरको क्षमा प्राप्त गर्न अनि पश्चाताप गर्न उसलाई मदत गर्नु होस्।
- यदि एउटा, विश्वासी तर आफूलाई अयोग्य सम्झन्छ, तब इफिसी 1 अध्याय संग–संगै अध्ययन गर्नु होस् अनि उनी परमेश्वरको दृष्टिमा को हुन्, अनि येशूमा उसको निम्ति सदाको लागी के छ भनि देखाउनु होस्। यसमा परमेश्वरलाई धन्यवाद टक्रयाउनमा सहयोग दिनुहोस्।
- यदि कोहि, परमेश्वरले उसलाई प्रेम गर्नु हुन्न मनी डराउछन् अनि असुरक्षित अनुभव गर्छन् भने तब तपाइले कलस्सी 1 देखि 3 अध्याय देखाइ दिनुहोस्, कसरी येशूले परमेश्वरका अदृश्य कुराहरु अनि शक्तिहरु उहाँ आफैमा प्रकट गर्नुभयो।

6. मानिसहरुले समस्यालाई संशोधित गर्नलाई के गर्नुपर्छ भनि सठिक प्रकारले व्याख्या गर्नमा सहायता गर्नु होस्, अनि परमेश्वरको पवित्र आत्माको सहायतामा तिनीहरूको आचरणलाई बदलाउनमा मदत गर्नुहोस्।

**अच्छा!**
**मलाई क्षमा दिऊन भनि मेरो**
**स्वास्नीलाई भन्नु खांचो परि**
**रहेछ, अनि मैंले पनि तिनलाई**
**क्षमा दिनै पर्छ, अनि परमेश्वरलो**
**भने अनुसार उसलाई माया गर्नुपर्छ।**

**यो कटु सत्य हो!**
**परमेश्वरले सम्पूर्ण समस्या**
**समाधान नगरुञ्जेल सम्मन म**
**तपाईलाई भेटि रहनेछु।**



6 जसले बदलाव चाहन्छ तिनीहरुलाई मात्र परामर्श गर्नुहोस्। यदि मानिसले तिनको आचरणलाई बद्लाउन चाहन्दैन भने, वा नबदली तपाई सित बातचित मात्र गर्न चाहन्छन् भने, तब तिनीहरुसित भेट गर्न छोड़ी दिनुहोस्। जुन व्यक्तिले तपाईको ध्यान मात्र चाहन्छ तिनीहरु प्रति आफ्नो समय नष्ट नगर्नुहोस्। कतिपय मानिसहरु शिकार बनेकोमा आनन्दीत हुन्छन्। कत्तिले आफनै मात्र विचार गर्दछन्। येशूले भन्नुभयो, '...आफ्रा मोतीहरु सूंगुरका अगाड़ि नफाल. ..' मत्ती 7:6)।

**2. हप्ताभर गरिने क्रियाकलापको योजना सह-कर्मीहरुसित बनाउनु होस।**

परिपक्क विश्वासीहरुलाई आत्मिक सल्लाहकारहरु गर्न माथीका मार्गनिर्देशनहरुमा तयार पार्नु होस्।

परामर्शको खांचो परेकाहरुलाई परिक्षण गर्नु होस्।

आउने आराधनाको समयहरुलाई सह-कर्मीहरुसित बसेर तयार पार्नुहोस्।

नातानले दाऊदलाई कसरी सल्लाह दिए बताउनुहोस्, 2 शामुएल अध्याय 11-12।

माथीका केहि सल्लाहका मार्गनिर्देशनहरुलाई बाइबलको आधारमा बुझाउनुहोस्।

परमेश्वरको प्रशंसा गर्नुहोस् वा आत्मिक परामर्शद्वारा हालैमा विजय प्राप्त भएको प्रतिवेदन दिनु होस्।

नानीहरुले तयार पारेका नाटक, कविता अनि प्रश्न उत्तरीलाई प्रस्तुत गर्नलाउनुहोस्।

एकसाथ कण्ड गर्नुहोस् 1 कुरिन्थी 14:3

प्रभु भोज परिचय गर्दा 1 कोरिन्थी 11:18-32 मा दिइएको चेतावनीहरुलाई संक्षिप्तमा बुझाउनुहोस्।

प्रार्थना, योजना गर्नलाई अनि, आत्मिक परामर्श प्राप्त गर्नलाई दुइ वा तीनको झुण्डहरु बनाउनुहोस्।

# व्यक्तिगत् अनि परिवारको समस्याहरु प्रति बालकहरुलाई परामर्श

**प्रार्थना:** ''प्रिय प्रभु, बालकहरुले यूसुफ झै परिवारका सदस्यहरूसित व्यवहार गर्नमा मदत गर्नुहोस्।''

बर्तमान आवश्यक्तालाई सुहाउने कुनै पनि अभ्यास गर्ने क्रियाकलाप चुन्नुहोस्।

यूसुफलाई मिश्रमा लैजाने एउटा ऊँठको तांतको चित्र बनाउन दिनुहोस्।



ठूला बालकहरु वा शिक्षकले यूसुफको कथाको मुख्य विषयहरु एक-क्षण हेर्नु होस् अनि तिनका दाइहरु, जसको वंश इस्राएलका कुलहरु हुनआए। (उत्पत्ती 37 र 39 अध्याय देखि 46 सम्म)।

- यूसुफका दाइहरु तिनी सित आरिस गर्थे किनभनें तिनीहरुका पिता इस्राएलले, जसलाई याकूब भनि यन्दछ, यूसुफलाई एउटा सुन्दर कोट दिनु भएको थियो। (यहां भएको यूसुफ मरियमको लोग्ने होइन)।
- तिनीहरुले यूसुफलाई घृणा गर्थे किनभने तिनले सपनामा दाइहरुले तिनलाई दण्डवत् गरेका देरवेका थिए।
- तिनीहरुले यूसुफलाई मार्ने षड़्यन्त्र रचेका थिए, तर त्यसको बदला, तिनलाई विदेशीहरुको हातमा एउटा दासको रूपमा बेचिदिए।
- पोतीफर, मिश्री राजाको एक पदाधिकारीले यूसुफलाई ल्याए अनि तिनले पोतीफरको सेवा बुद्धिमान सित गरे।
- यूसुफ, अत्याचार, थिचोमा परे पश्चात, फिरऊन राजाको साथमा साशन गर्न खड़ा भए।
- अनिकालको समयमा यूसुफका दाइहरु अन्न किन्नलाई मिश्रमा आए तर तिनीहरुले तिनलाई चिन्न सकेनन्।
- यूसुफले तिनीहरुको पैसा फिर्ता गरिदिए अनि भनें तिमीहरुको कान्छा भाइ बिन्यामीनलाई साथमा नल्याए सम्म फर्केर नआउनु।
- उत्पत्तीको 44 अनि 45:1-15 देखि कथाको अन्तिम भाग बताउनु होस् वा गरेर देखाउनु होस। जब तिनका दाइहरुले कान्छा भाइ विन्यामीनलाई साथमा लिइ मिश्रमा फर्के यूसुफले के गरे।

**प्रश्नहरु :** कथा सुनाए पछि यी प्रश्नहरु गर्नु होस् :

यूसुफले चाकरहरुलाई वेन्यामीनको अनाजको धोक्रा भित्र के हालिदिने हुकुम गरे? (हेर्नुहोस् उत्पत्ती 44:2)।

यदि कसैले त्यो चांदीको कचौरा चोरी गरेका छन् भनें सजाय के हुनेवाला थियो? (हेर्नुहोस्-उत्पत्ती 44:10) के यूसुफलाई गरे झै ती दाइहरुले वेन्यामीनलाई त्यागे? (त्यागेन, हेर्नुहोस उ. 44:33)

दाइहरुले के गरेथे त्यसमा दु:खि थिए ? (ज्यू. हेर्नुहोस, उत्पत्ती 44:34) जब यूसुफ आफ्रा दाज्यू भाइहरुसित बोल्दै थिए तिनलाई कस्तो अनुभव भइरहेको थियो ? (हेर्नुहोस् उत्पत्ती 45:15-16)

यूसुफ अनि तिनका दाइहरुको कथाबाट केहि अंश नाटकमा परिवर्तन गर्नुहोस्। यो नाटकलाई वालकहरुले प्रस्तुत गर्नलाई मण्डलीका अगुवाहरुले प्रबन्ध मिलाई दिनु होस्।

ठूला नानीहरुले वा प्रौढ़रुले कथक, यहूदा, नोकर अनि यूसुफ जसको हातमा एउटा धोक्रा हुन पर्छ, पाठ गरुन।

सवै भन्दा सानो नानीलाई बेन्यामीन र अरुलाई दाइहरु बनाउनु होस्। दाइहरुसित अनाजको लागी धोक्राहरु हुन पर्छ।

**कथक :**उत्पत्ती 44:1-13 देखि कथा भन्नुहोस्। त्यसपश्चात भन्नुहोस्, ''सुन्नुहोस यूसुफले भारादारहरुलाई के भन्दछ।''

**यूसुफ :**हेर, यो कचौरा कान्छा भाइको अनाजको धोक्रामित्र राखिदेऊ।

**नोकर :**कचौरालाई बेन्जामीनको धोक्राभित्र लुकाइदिनु।

**दाइहरु :**(हिंड़दछ) ''प्रभु धन्यवाद। हाम्रा भोकाएका परिवारहरुको निम्ति मिश्रीहरुले अनाज लैजान दिए।

**नोकर :**बेन्यामीनको पछि दौड़न्दछ, भन्दछ,''तिमीले मेरो मालिकको कचौरा चोरेका छौ ! हेर त, त्यो त-तिम्रो धोक्रामा छ। अब तिमीले एउटा दास बनेर यसको मोल चुकाउनु पर्छ।''

**दाइहरु :**दुखि बन्दै फर्केर जांदछ। भन्दछ,''हामी दास वन्न तयार छौं।'' यूसुफ सित हामीले जे गरयौं त्यसको सजाय परमेश्वरले हामीलाई दिंदैहुनुहुन्छ।''

**कथक :**कथाको दोस्रो भाग उत्पत्ती 44:14-34 बार बताउनुहोस्। भन्नुहोस्, यूसुफले के भन्दछ।''

**यूसुफ :** ''मेरा दाइहरु, म अति खुशि छु। तपाईहरुले म प्रति गर्नु भएको बुराइ देखि परमेश्वरले मलाईमा परिणत गर्नुभयो। मलाई उहाँले तपाईहरु अनि परिवारको खातिर यहाँ मिश्रमा ल्याउनु भयो। म तपाईहरुको सवैथोक क्षमा गरिदिन्छु।''

**कथक वा ठूलो नानी :** नाटकमा भाग लिने सवैलाई धन्यवाद।

**प्रश्न गर्नुहोस्।** यदि बालकहरुले यस नाटकलाई प्रौढ़हरुका निम्ति प्रस्तुत गर्दछन् उनीहरुलाई माथिका प्रश्नहरु प्रौढ़हरुलाई सोधुन्।

परिवारका सदस्यहरु भित्र एक-दुस्राले गरेका दोषहरुलाई एउटा पन्नामा लेख्नुहोस्।

ती सबैलाई एउटा कचौरामा हाल्नुहोस् अनि यी बुरो थोकहरुको निम्ति परमेश्वरसित क्षमा मांग्नुहोस। हामी यी थोकहरु परमेश्वरलाई कसरी दिन्छौं भनि देखाउनलाई ती पन्नाहरुलाई भुमिमा पोरव्नुहोस्। हामीलाई जत्तिले चोट पुराएकाछन् तिनीहरुलाई क्षमा दिन, प्रेमगर्नमा परमेश्वरले सहायता गरून भनि फेरि एक पल्ट प्रार्थना गर्नु होस्।

**चित्र :** बालकहरुले नकल गर्नको निम्ति एउटा धोक्राको चित्र बनाउनुहोस्। यसवारे अर्को आराधनाको समयमा प्रौढ़हरुलाई वा घरमा माता-पितालाई व्याखा गर्न लगाउनुहोस्। यस दृष्टान्तले परिवारको सदस्यहरु माझको ईखलाई कसरी हटाउन सकिन्छ भनि बुझाउंदछ। हाम्रो ईखहरुलाई धोक्रा मित्र हालीदिऊं अनि परमेश्वरले लिऊन। उहांले हाम्रा पाप अधर्महरु हाटाई दिनु हुन्छ।




**छलफल गर्नुहोस:** विगत दिनहरुमा परिवारका सदस्यहरुले चोट पुरयाएका थोकहरुलाई हामीले क्षमा दिनु पर्छ भन्ने अरु कुनै उदाहरणहरु के हुन सकछ?

**बालकहरुको व्यक्तिगत् समस्याहरुसित् व्यवहार गर्नु :**

- यदि कुनै वालकको समस्या छ भनें, झुण्डदेखि अलग वसेर तिनीहरुसित समय विताउनुहोस्।
- तिनीहरुको समस्याको जड़लाई बुझ्ने कोशिष गर्नुहोस्। मदतको लागी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- तिनीहरुले सुनाएका शिकायतहरुलाई पहिले हेर्न भन्दा त्यसको जड़सित व्यवहार गर्नुहोस्।
- समस्याहरुसित सुहाउंदो गरी व्यवहार गर्नुहोस्। यदि आवश्यक परेमा, माता-पितासित बातगर्नुहोस।
- समस्याको कारणलाई परमेश्वरको वचन प्रयोग गर्नुहोस्।
- बालकहरुले तिनीहरुको आचरणलाई बदलाउन एक-पटकमा एउटा सिजलो कदम चाल्नमा मदत गर्नुहोस्।
- यदि कुनै बालक खराब विचारले पिड़ित छन् भने ध्यान दिनुहोस्। कसैले आफैलाई नराम्रो सम्झी रहन्छ? तिनीहरुलाई सन्त्वना दिएर भन्नु होस् कि तिनीहरु परमश्ेवरका बालकहरु हुन् अनि परमेश्वरले क्षमा गर्नुहुन्छ अनि तिनीहरुलाई प्रेम गर्नुहुन्छ।
- कत्ति बालकहरुले ध्यान आकर्षण गर्न भनि बदमाश गर्दछन्। तिनीहरुले अरु बालकहरु वा तिनीहरुका माता-पिता प्रति उपयोगी बन्नलाई केहि कुरो गर्न दिनुहोस्। तिनीहरुले गरेकोमा प्रशंसा गर्नुहोस्।
- ठूला बालकहरुलाई सानाहरुसित केहि गर्न दिनुहोस्। ठूलाहरुलाई 'ठूलो दाइ' झै सानाहरुको निम्ति उपयोगी बन्न दिनु होस् अनि तिनीहरुलाई चेला बनाउन। हर-एकको एक जना ''ठूला दाइ'' हुनदिनोस्।

**प्रपठन:** पांच बालकहरु प्रत्येकले फिलिप्पी 2:5-9 देखि एक-एक पद प्रपठन गर्न दिनुहोस्।

ठूला बालकहरुलाई परिवारका सदस्यहरुलाई क्षमा गर्ने विषयमा कविता, गीतहरु वा नाटक लेख्न लगाउनु होस्।

**कण्ठ गर्नुहोस् :**इफिसी 4:32

**प्रार्थना :**''प्रभु, हाम्रो परिवारमा हामीलाई चोट पुरयाउनेहरुलाई क्षमा गर्नु गाह्रो छ, क्षमा दिनमा हामीलाई मदत गर्नु होस्।''

**पावल–तिमोथी गोठालोको अध्ययन–आश्वासन परामर्श, जी. 3 ए.**

# परमेश्वरको अमलेख अनुग्रह यूसुफ अनि अरूहरूले प्राप्त गरे

## बाल शिक्षक : बाल अध्ययन जी. 3 ख पढ्नुहोस्

## पत्रुस अनि पावल

**प्रार्थना!** ''हाम्रा स्वर्गमा हुनुहुने पिता, हामीलाई येशू झैं स्थिर रहन मदत गर्नुहोस् जसले तपाईको असिम अनुग्रहको स्वतन्त्र बहाऊको विरुद्दमा उठेका मानिसहरू, चलि–आएका प्रथाहरूको प्रतिरोध गरेका थिए।''

1. **हाम्रा परमेश्वरको सित्थैको अनुग्रहको निम्ती तपाईको हृदयलाई परमेश्वरको वचनले तयार पारौं।**

नयाँ नियमले भन्दछ

अनुग्रह परमेश्वरको

वारदान अनि विश्वास गर्ने

हरेक पापीको निम्ति अनन्त

जीवन हो। रोमी. 5:8:21 मा

पाउनु हुनेछ–अनुग्रहको एक

मात्र श्रोत।

परमेश्वरको उद्धारताले पापीहरूलाई

पश्चताप तर्फ डोरयाउदछ,

रोमी 2:8।

विश्वासीहरूले

के गर्नु उद्धारले डोरयाउदछ

तितस 2:11:15 मा पाउनु हुनेछ।

विश्वास द्वारा अनुग्रहबाट मुक्ति

छ। अथवा कामको प्ररिणाम देखि

हाम्रो उदारको कारण, इफिसी

2:8:10 मा पाउनु हुनेछ।

धार्मीक परम्पराले भन्दछ

''यदि अनुग्रह सित्थैमा छ भनें,

इसाईहरूले यो विचार गर्नेछ कि

तिनीहरूलाई जे इच्छा लाग्दछ त्यही

पाप गरे पनि हुनेछ।'' यदि यो

सत्य हो भने रोमी 6:1:18 मा

पाउनु हुनेछ।

''धार्मीक अगुवाहरूले असल

नियम बनाई शरण, अनि

बाइबल बाहेक मानिसले बनाएका

नीतिहरूले मण्डलीलाई शासन गर्न

कड़ा कानुन लगाउनै पर्छ''

''मुक्तिको निम्ति असल कामहरूको

खाँचो छ। यदि निषेध गरिएको

मेरा सूचीमा आनन्दहरू, लुट्दछौं

भने तिमी बाँधिएका छैनौ।''

उत्पत्ति को 37 अध्याय 39–45 मा यूसुफको कथा पढ्नुहोस्। येशले कसरी उहाँको विरुद्धमा पाप गर्नेहरूलाई क्षमा गर्नुहुन्छ जब तिनीहसले पश्चताप गर्दछ, त्यसको एउटा उद्धार लिनुहोस। यूसुफलाई घेरै प्रकारले येशूको अनुरूप देखिन्छ:

पिताले तिनलाई प्रमे गर्थे

तिनका दाइहरूले उसलाई तिरस्कार

गरे बेचिदिए।

तिनीले उसका दाइहरूको पक्ष लिए।

तिनले आफैलाई एक भोजन

दिलोउनेको रूपमा जाहेर गरे।

तिनलाई अन्यायको साथमा
दण्ड दिइयो।
तिनी एउटा अधिकारको स्थानमा
खड़ा भए।
तिनलाई चोट पुरयाउनेहरूलाई क्षमा गरे।

हामी येशूको मुहारलाई त्यस
महान भोजमा देखने छौं।
(प्रकाश 19:6-9, 1 यूहन्ना 3:2)।

2. **अर्को सप्ताहको कार्यक्रमहरूको योजना सह-कर्मीहरूसित बनाउनुहोस्।**

धार्मिक विधिहरू को कमारा बनेका विश्वासी र गोठालाहरूको निरीक्षण गर्नुहोस्; अनि अनुग्रहको बारेमा बुझ्‍ाउनुहोस्।

3. **आउँदो आरधनाको समयको योजना सह-कर्मीहरू सित बनाउनुहोस्।** (नानीहरूकोनिम्ति सुहाउँदो विषयहरू चुन्नुहोस्)।

यूसुफको कथा सुनाउनुहोस अनि येशूको अनुग्रह उसको जीवनमा उदारण वनेको छ भनि अन्य तरिकाले बुझाउनु होस्।

धार्मिक परम्परावाट ''सात मुक्तिहरू'' बताउनुहोस्। हामीले ती मुक्तिहरूलाई स्वास्थ्य माण्डलीक जीवनको निम्ति चलाउनै पर्छ अनि खीष्टको निम्ति बिस्तृत रूपमा सञ्चालन हुन दिनुपर्छ।

- एउटा चिन्ह तयार पार्नुहोस् जसमा ''श्री परम्परा'' पढ्न अनि कसैलाई यो माग लिन लाउनु होस्।
- ''श्री परम्परा'' ले मानिसले वनाएको अवरोधहरूलाई लागू गर्छन् भनि बताउनु होस्। यो जही-कहि छन्! प्रत्येक स्वतंत्रता पढ़े पश्चात, श्री परम्पराले तपाई सित वहस गर्नेछ। त्यसलाई सुधार्न मानिसहरूलाई भन्नुहोस्।

(1) **येशूले आज्ञा दिएका अनि प्रेरिताहरूले अभ्यास गरेका सबै गर्नलाई स्वतंत्र छौं।** उहाँका आज्ञाहरूमा विश्वासीहरूलाई परमेश्वरको सित्थैको अनुग्रह अनि क्षमा छ। मानिसले कथेका जरूरी विषय विना वप्तिसमा दिनु, अनि विश्वासीहरू जही कहि भेला हुँदा प्रभु-भोजमा सामेलहुनु विश्वासीहरूलाई निश्चित गर्नुहुन्छ।

श्री परम्पराले उसको चिन्ह देखाउछन् अनि वहस गर्छन्, तिनको आफ्नै शब्दमा, ''अभिषिक्त पुरोहितले मात्र पवित्र सेवा अनि बप्तीस्माको काम गर्न सकछ। बप्तिस्मादाता सदस्यहरू पवित्र छन् भनें प्रमाण दिन तिनीहरू पहिले पानीमाथि हिंड़नु पर्छ।''

श्री परम्परालाई सुधार गर्न विश्वासीहरुलाई भन्नुहोस्। त्यसपश्चात् हामीले मानिसको आदेश पालन गर्न अघि येशूको आदेश पालन गर्नु छ भनेर बुझाउनु होस।

- प्रेरित 2:38-86 मा यरूशलेम पहिले विश्वासीहरूले शुरूदेखि नै येशूको आदेशलाई पालन गर्न शुरू गरे।
- 7 अभ्यासहरूमा उहाँका आज्ञाहरूलाई हामी छोटकरीमा भन्न सकछौं कि 3000 नयाँ विश्वासीहरूले पालन गरे, प्रेरित 2 मा।
- तिनीहरूले पश्चताप गेर अनि पवित्र आत्मा, ग्रहण गरे, बप्तिसमा लिए, प्रभु भोज लिए, तिनीहरूको संगतीमा एकार्कालाई प्रेम गरे, प्रार्थना गरे, दिने गरे अनि चेलाहरू बनाए।
- येशूले मत्ती 28:18-20 मा के भन्नु भयो सोह्नुहोस। सारा मानिसले नियम माथि उहांको आज्ञाहरू पालन गर्नु पर्छ।

**(2) खोजनेहरूको घरमा जान्न, स्वतंत्रता प्रचारगर्नु अनि एउटा नयाँ मण्डली तिनीहरूको घर वाटै शुरू गर्नु, तिनीहरुको परिवारहरू अनि संस्कृतिहरू माझ काम गर्नु।**

- श्री परम्परा असहमत छन्। ''नयाँ विश्वासीहरूलाई बुरो मित्रहरूको असरहरूवाट तुरन्तै अलग गरि हाल! अर्को नयाँ मण्डली खड़ा गर्न भन्दा धेरै वर्ष अघि पहिलो मण्डली परिक्कभएको हुनु पर्छ। यसको निम्ति हाम्रो क्षेत्रिय कार्यालयवाट सिफारीस चाहिन्छ, अनि नयाँ पास्टरको वेतन पर्याप्त सदस्यहरूले दिंदछ।''

- श्री परम्परालाई सुधार शर्न विश्वासीहरूलाई भन्नुहोस्। परिवारको असलकामहरू माझ हामीले काम गर्ने पर्छ भनि बुझाउनु होस्। येशू अनि प्रेरितहरु प्राय मानिसहरूको घरमा पस्थे अनि भोजन गर्थे। तिनीहरूले परिवारहरू अनि खोज्नेहरूको मित्रहरूसित तुरन्तै व्यवहार गर्थे। तिनीहरू जही-कंहि गए त्यहां चाहिने भवन वा वेतन बिना नै नयाँ मण्डलीहरू शुरू गरे।

**(3) जत्ति सानो झूण्डहरूमा एक-अर्कोलाई सेवा पुरयाउने स्वतंत्रता हुँदछ, त्यति सदस्यहरू एका-दुस्रा संग बातचित गर्न सकछन् (1 केरिन्थी 14:24-26)।**

- श्री परम्परा झगड़ा गर्छ : ''हामीले सबकुरो शिष्ठता अनि विधान अनुसार गर्नैपर्छ। मैले जे भन्छु त्यही विधान हो! शिक्षित पाद्रीहरूले मात्र मण्डली सेवा नेतृत्व गर्नु पर्छ।''

- श्री परम्परालाई सुधार गर्न विश्वासीहरूलाई भन्नुहोस्। अनि यो बुझाउनु होस कि परमेश्वरले हामीलाई हाम्रा विभिन्न अत्मिक सुधार गर्नुहुन्छ। हामीहरूलाई बात गर्न अलि सानै झुण्ड बनाउन स्वतंत्रता छ किन कि प्रत्येकले बोल्न सकदछ।

**(4) जसले परमेश्वरको खांचोलाई वेतन वा वेतन बिना पुरा गर्दछ तिनीहरूकोनाम लिन स्वतंत्रता।**

- श्री परम्परा वहस गर्दछ : ''हाम्रो मण्डलीमा पास्टर अभिषेक हुन खांचोंछ। हाम्रो राजनीति पुस्तकमा सुचीत भएको 734 बटा प्रयोजनहरू साथै व्यवसायिक शैक्षिक मुञ्जुरीहरू पहिले पूरा गर्नु पर्छ।

- श्री परम्परालाई सुधार गर्न विश्वासीहरूलाई भन्नुहोस्। अनि बुझाउनु होस् कि पावलले नयाँ मण्डाली को गोठाला गर्ने अनि उपदेश दिनेलाई (एल्डर) धर्मगुरुहरू भनि नाम दिए, (प्रेरित 14:23)। तिनले तितसलाई पनि त्यसै गर भनि मन्नभयो, (तितस 2:5-9)।

**(5) पुरानो मण्डलीहरूको प्रथालाई नकल नगरी विभिन्न तरिकाले काम गर्ने स्वतंत्रता।**

- श्री परम्परा असहमत : ''मैले अनुमोदन गरेको सम्पूर्ण विधिहरू प्रयोग गर्नैपर्छ। ख्रीष्टमा एकताको खांचों छ कि हामी एउटै रीतिहरूलाई मान्छौ। हामी सबैले वचनलाई एकै तरिकाले प्रचार गर्नुपर्छ। परमेश्वर (पुल्पीट) धर्मउपदेश गर्ने आसनमा उत्तम गुणले अति उत्कर्ष हुनुहुन्छ।''

- श्री परम्परालाई सुधार गर्न विश्वासीहरूलाई भन्नुहोस्। तब बुझाउनु होस् कि हामीले धेरै तरिकाहरू प्रयोग गर्न सकछौं जसरी येशू अनि प्रेरितहरूले गरे, अनि प्रत्येक झुण्डको नापलाई तिनीहरूको अगुवाको परिपक्कता अनि स्थानीय प्रथा अनुसार अनुकूल वनाउन सक्छौं।

**(6) नयाँ बगालको तात्कलिक खांचोलाई पुरा गर्न गोठालाहरू प्रशिक्षकको निम्ति स्वतंत्रता।**

- येशूले भन्नुभयो कि बुद्धिमानी शिक्षकहरूले नयाँ अनि पुरानो थोकहरू प्रदान गर्दछ, मत्ती 13:52। हामीले नयाँ अगुवाहरूलाई छनौट गर्न दिनुपर्छ जसमा तिनीहरूले नयाँ बगालको वर्तमान खांचोहरू अनुसार उचित अध्ययनहरू चुन्नु सकने छन्।

- श्री परम्परा साबित गर्दछ : ''मेरो तालिम कार्यक्रमको एक नियमित पाठ्यक्रम छ। प्रत्येक छात्रले एउटै विषय सिक्दछ, एकै ठाउंवाट शुरू गर्छ, अनि एउटै मार्गमा हिंडछ। तिनीहरूको स्नातकीकरण अनि पादरी भए पछि तिनीहरूले भविष्यमा यी सबै प्रयोग गर्छन्।

- श्री परम्पपरालाई सुधार गर्न विश्वासीहरूलाई भन्नुहोस्। त्यसपछि बुझाउनु होस् कि येशूले सिकाउनुभयो-बर्तमान परिस्थिती अनि तत्काल खांचोंहरूलाई प्रतिक्रिया जनाउनु। पावलले तितसलाई क्रेटको नयाँ मण्डलीहरूको खांचोंहरूमा व्यवहार गर्नु भन्नु भयो।

**(7) एउटाक्षेत्रमा तीतस झै प्रवन्धगर्ने स्वतन्त्रता, जस्ले नयाँ मण्डली अनि गोठालाहरुलाई तालिम दिंदछ, जसै पावलले तीतसलाई सिक्राएका थिए, तितस 1:5।**

- श्री परम्परा बहस गर्दछ, ''नयाँ मण्डलीहरु आफैले परिचालन गर्न पर्छ, विशपबाहेक जसले पांच वर्षमा एकपल्ट परिक्षण गर्नेछ। यदि कसैले नयाँ मण्डलीको देख रेख गर्नै पर्छ भनें, म आफै गर्नेछु।''

- श्री परम्परालाई सुधार गर्न मण्डलीलाई लाईमन्नुहोस्। तस पछि बताउनहोस् कि नयाँ जन्मेको शिशुझै नयाँ मण्डली, पाको मण्डली अनि अगुवाहरुको खांचो अनि सहायताको जरूरी पर्छ। पावलले प्रत्येक मण्डलीको खांचोहरुमा व्यवहारगर्नलाई धर्मगुरुहरु नियुक्त गर्न तीतसलाई क्रेटमा छोड़ीराखे।

बालकहरूलाई उड्न्ता पुत्रको बारेमा नाटक प्रस्तुत गर्न लाउनुहोस्। नाटकको बारेमा कविता पठन वा प्रौढ़हरूलाई प्रश्न गरे हुन्छ। सहयोगीहरूले, जक्कैको कथा लूका 19:1:10 अनि पापी स्त्री को कथा, लूका 7:36-50 वाट कुनै एउटा वा दुवै भनुन का काम गरे देखाऊन। कथा सुनाए पछि मानिस हरूलाई प्रश्न गर्न होस् कि यीशूको अनुग्रह यहां कसरी देखिन्छ। विश्वासीहरूलाई परमेश्वरको क्षमादिने अनुग्रह बारे साक्षीहरू वाँट्न लगाउनुहोस।

**कण्ठपार्नु होस् यूहन्ना 1:18** त्यो के थियो जो येशूमा भरीए, याद गर्नुहोस्।

# परमेश्वरको अनुग्रह

**प्रार्थना :** ''हाम्रा स्वर्गमा हुनहुने बुवा, तपाईको अनुग्रहलाई बालकहरूले पत्तो लगाउन अनि कदरगर्नलाई यस अध्ययनमा मदत गर्नुहोस्।

तपाईका बालकहरूको पृष्ठभूमि अनि स्थानीय रिवाजहरूलाई सुहाउने गरी क्रिया कलापहरू रोज्नुहोस्।

**1. उड़न्ता पुत्रको कथा, लूका 15:11 पढ़नु होस् वा मुखस्त सुनाउनु होस्।,**



यदि सम्भव भए ठूला नानीहरूले अरु नानीहरूलाई कथा वर्णन गर्नलाई तयार पार्नुहोस्।

कथा वर्णन गर्न भन्दा अघि यसको तात्पर्य एउटा जवान मानिसलाई उसको बुबाले क्षमा दिदां चकित भएका थिए भनि  बुझाउनु होस्। पुत्रले अफ्रो बुवालाई अत्ति दुष्ट व्यवहार गरेका थिए।

कथालाई वर्णन गरे पछि यी प्रश्नहरू सोह्नुहोस:

- पुत्रले उसको बुवालाई के दिनु भनि मांगे?
- पुत्रले उसको उत्तराधिकारलाई के गरे?
- जब उसको उत्तराधिकार सम्पत्ती उड़ाए अनि सिद्ध्याए, पुत्रलाई के भयो?
- पुत्रले उसको बुबालाई के भन्न चाहन्थ्यो?
- बुवाले आफनो पुत्रसित कस्तो व्यवहार गरे? सानु भाइको बारेमा ठूलो दाइको के भावना थियो?



- ठूलो दाइलाई बुवाले के बुझाए?
- उड़न्त पुत्रले चराउन पर्ने बंगुरहरूको चित्र बनाउनु होस्।

- ठूला नानीहरूले सानाहरूलाई चित्र बनाउन मदत् गरून।
- प्रौढ़हरूलाई बुझाउनु होस् : हामी परमेश्वर देखि जत्तिनै टाड़ा भागे पनि परमेश्वरको अनुग्रह हामी सम्म आइपुग्दछ यो सुंगुरहरूले दृष्टान्त दिंदछ। हामीले जस्तै खराब पाप गरेता पनि उहाँले माफ गर्नुहुन्छ: जब हामी हाम्रा पापहरू त्यागछौं, उहां तर्फ फर्कन्छौं अनि उहाँमा क्षमा मांगदछौं।

**2. प्रौढ़हरूको निम्ति ''उड़न्ता पुत्र'' लाई नाटकमा ढाल्नु होस् अनि अभ्यास गर्नुहोस्।**

- प्रौढ़हरूलाई नाटक प्रस्तुत गर्न नानीहरूको निम्ति उपासनाका अगुवाहरूले बन्दोवस्त गर्नुहोस्।
- जब कथकले कथाको एक भाग पठन गर्दछ, कलाकारहरूले बाइबलको कथामा भएका व्यक्तिहरूको शब्दहरू बोल्दै अभिनय गरून।
- नाटक पश्चात प्रौढ़हरूलाई प्रश्न गर्नलाई यस कथाको विषयमा नानीहरूलाई प्रश्नहरू तयार गर्न लाउनुहोस्।
- प्रत्येकले के गर्नु अनि भन्नु नजाने सम्म अभ्यास गराउनुहोस।

**कथकः** अन्य कलाकारहरूले नबोलेका कथाको भागहरू पढ़नुहोस्। तिनीहरूलाई अभिनय अनि तिनीहरूको भाग बोल्नदिनलाई एकक्षण् रोकनुहोस्।

**उड़न्ता पुत्र :** कान्छो पुत्रको शब्दहरू भन्नुहोस्। के भइरहेछ सो स्पष्ट पार्न चालहरू वा शब्दहरू जोड़नुहोस्।

**बुवा :** शब्दहरू भन्नुहोस अनि बुवाको अभिनय गर्नुहोस्।

**जेष्ठ पुत्र :** शब्दहरू भन्नुहोस अनि जेष्ठ पुत्रको अभिनय गर्नुहोस्।

**नोकर :**शब्दहरु भन्नु होस् अनि नोकरको अभिनय गर्नुहोस्, साथै बलियो पाठा समात्ने अनि मार्ने।

**पाठा :**यदि कथालाई अलिक रोचक बनाउन चाहनुहुन्छ भने, दुइ बालकहरुलाई पाठा बनाउनु होस्। तिनीहरुलाई घोप्टो पारेर पिठयूंमाथि एउटा च्यादरले ढाक्नुहोस्।

**खराब मित्रहरु :**यदि प्रशस्त बालकहरु छन् भने, थौरेलाई खराब मित्रको अभिनय गर्नलगाउनु होस्, जसले कान्छो पुत्रको पैसा विदेशमा नष्टगरी दिंदछ।



**3. कविता (भजन संग्रह 103, पदहरु 2,3,4, र 12)।**

- दुइ बालकहरुले दुइ भाग सुनाउन्।
- यो कविता तिनीहरुले प्रौढ़हरुलाई सुनाउन सक्छन्।

**भाग-1**

हे मेरो आत्मा, परमप्रभुलाई धन्य भन्, उहांका सबै उपकारकहरु नबिर्सी।
जसले तेरा सबै अधर्महरु क्षमा गर्नुहुन्छ
जसले तेरा सबै रोगहरु निको पार्नुहुन्छ।

**भाग-2**

जसले तेरो जीवनलाई सर्वनाशवाट मुक्त गर्नुहुन्छ।
जसले तँलाई करूणा र कोमल कृपाको मुकुट लागाइदिनुहुन्छ।
किनकि पृथ्वीबाट स्वर्ग जति अल्गो छ।
उहांसग डराउनेहरुमाथि उहांको कृपा त्यत्तिकै ठूलो हुन्छ।

**4. याद गर्ने पद : एफिसी 2:8-9**

**5. प्रार्थना :**

''प्रभु, हाम्रो जीवन पापले पूर्णछन्, अनि तपाई विनाको जीवनमा, हामी नष्ट भएका थियौ।

''हामीले गरेका कुकर्महरुलाई क्षमा गरीदिनु भएको निम्ति तपाईलाई धन्यवाद।

''जब हामी तपाई तर्फ फर्केर आयौं तपाईले हामीलाई ग्रहण गर्नु भएको निम्ति तपाईलाई धन्यवाद।

''हामी आनन्द गर्छौ किन भने जब हामी तपाई कहां फर्किन्छौ तपाई खुशि हुनुहुन्छ।

''जब हराएका मानिसहरु तपाईकहां फर्कि आउंछन् हामीलाई आनन्दीत हुनमा मदत गर्नुहोस्।

''यी सबै हामी येशूको अनमोल नाममा मांग्छौ। आमेन।''

# अनुग्रहको पवित्र नदी



**यो काल्पनिक कथामा मानिसलाई शैतानले कसरी ढांटदछ, अनि परमेश्वरको दयालाई तिनीहरुले देख्न नसकुन भनि अन्धा पार्द छ, अनि येशूले कसरी तिनीहरुलाई छुटकारा दिनुहुन्छ भनि देखाउंदछ।**

**मूल लेखक**

**जर्ज प्याटर्शन् अनि गालेन का कुराहरु**

**यसलाई अनि पावल-तिमोथी अध्ययनलाई नयाँ सिकारु इसाई मण्डलीको निम्ति http:www.paul-timothy.net. बाट सित्थैमा हेर्नु अनि उतार्नुहोस्।**

## अध्याय-1

### मिक्टर अनि लोरीले अनुग्रहको नदी कसरी पत्ता लगाए

मिक्टर एउटा सानो गांव देखि शहर तर्फ लागे, त्यहां तिनले फलाम जोड्ने काम चाँडै सिक्न सके। अनि एउटा गाड़ी मर्मत गर्ने पसलमा काम पाए। उसले नयाँ मित्रहरु खोजी रहेको समय लोरीलाई भेटाए जो हालै त्यस शहरमा आएकी थिइन।

तिनीहरुको मित्रता बड़दै गए अनि एकदिन ती दुइले बिवाह गरे। लोरीले स-साना अनि सस्तो कोठालाई फूलहरुले सजाएर सुन्दर बनाएर भिकटरलाई चकित पार्दथे, जुन सीले कल्पना गर्न सकथे, विशेष जसले धेरै पुस्तकहरु पढ़दछ, लोरीले झै। भिकटरले तिनलाई भने, 'तिमी सुन्दरी मात्र छैनौं, लोरी; तिमी सृजनात्मक पनि छयौ। तिमीले मलाई प्रत्येक दिन नै जीवनको बारे अनि तिम्रो बारे केहि उदेकको नौलो थोक मलाई थाहा गर्नदिंदछौ। उसले तिनको लामो, चिटिक्क चिल्लो सिधा कालो कपाललाई मसार्दै भन्दछ, ''म एउटा भाग्यशाली मान्छे हूँ।''

तिनले उसको प्रबल, स्थिर मुहारलाई हेर्दछ, अनि उसमा एउटा यस्तो व्यक्ति देखा पर्दछ जसले गनगनाहट नगरी कुनै पनि कठिन जिम्मेवारीलाई स्वीकार गर्न सक्दथे। ''अनि तिमी विचारशील छौ, मिकटर,'' तिनले मधुर आवाजमा उत्तर दिंदछीन्। ''तिमी एउटा गहिरो सोंच्ने व्यक्ति हौ। हाम्रो जीवन पटाइलाग्ने हुने छैन्। तिमी संधै...म कसरी भनौं ? तिमी खोजी निकाल्छौ।''

तिनीहरुको सानो संसारमा खोज्दै अनि सृजना गर्दै भए पनि तिनीहरुको जीवन एउटा स्वर्गनै थियो। तर एक दिन

भिकटर अध्यारो मुहार लिएर घरमाआईपुग्दछ। लोरीले उसको मुहारलाई एकै पटकमा पढ़न सकदथिइन्, अरु कसैले नसकेता पनि।

''मर्मत गर्ने पसलमा अब फलाम जोड़नेको खांचो छैन् मैले एउटा नयाँ नियोजक खोज्न पर्छ।''

तिनी झट्ट बस्दछीन्, गहिरो स्वांस लिन्छीन् अनि तिनको हुई हात तिनको काख माथि अंठयाएर राख्छिन्। ''मलाई आशा छ तपाईले चांड़ै गर्नु हुनेछ किनमने हाम्रो परिवार बड़दैछ। आज मलाई थाहा लाग्यो कि हाम्रो एउटा नानी हुनेवाला छ।''

तीन हप्ता पछि भिकटर घर फर्कि आउंदछ उसको मुहार पहिलेको भन्दा अझ अंध्यारो भएको तिनले थाहा गर्दछीन्। ''अब फेरि के भयो?''

''अब कसैलाई पनि फलाम जोड़नेको खांचो छैन्। हामीले अर्को महिना घरको बाल तिर्न सकदैनौं। मलाई सुर्ता भइरहेछ।''

''मलाई पनि धेरै कुरामा सुती लागी रहेछ,'' लोरीले मानी लिंदछ। ''कहिले काहि मलाई डर लाग्छ कि मैले कत्तै खराब काम गरेकोले परमेश्वरले मलाई सजाय पो दिंदै हुनुहुन्छ कि।''

''कत्तिपल्ट म पनि यस्तै विचार गर्छु,'' भिकटरले जवाब दिंदछ। ''मेरो आफन्तले भनेको कि केहि मित्रहरु आज राती एउटा हिन्दु स्वामीलाई भेटन जाने अरे अनि ध्यानमा बस्ने रे। हामी पनि यसो कोशिष गरौं न-। हामीले कुनै पनि धर्मलाई त्यत्ती राम्रो साधना गरेकाछैनौं।

''यो त राम्रो छ, भिकटोर। म जीवनमा अत्ति अर्थपूर्ण कुरो पत्तो गर्न चाहन्छु। मेरो मतलब, हाम्रो जीवनमा। म अनुभव गर्न इच्छुक छु।''

''अच्छा, म तिमीलाई त्यहीं भेटने छु।'' भिकटरले सल्लाह दिंदछ। ''म पहिले घरपेटीलाई भेटेर आउनेछु। उ यहीं नजिकमा बस्छ। म उसलाई घरको बाल केहि दिन सम्म परर्वी दीनोस् मनी बिन्ती गर्नेछु। स्वामीलाई कहां भेट गर्न पर्छ यो ठेकना हो। म अलिक ढिलो गरी आउँछु होला।''

भिकटरले दिएको ठेकाना सफा थिएन इ तिनी गलत घरमा पुग्दछिन्। ''के साधना गरिने घर यही हो?'' तिनले ढोका अधि सोधिन्।

''साधना? ए। ठिकै हो। अलिक चांड़ो हुन भयो।'' लोरी कै उमेरको स्त्रीले तिनलाई स्वागत गरी। ''भित्रै आउनु होस्। मेरो नाम जुली हो। मेरा लोग्ने, टिनोले अगुवाई गर्नुहुन्छ। आजको सांझ छलफल गर्नलाई अगुवाई गर्ने उहांको पालो छ। अलिकता चिया पिउनुहोस्।''

अरुहरु बाइबलहरु बोकेर केहि क्षणमा आइपुग्छन्। तिनीहरुले एक-दुस्राको निम्ति प्रार्थना गरेको सुनेर लोरी चकित पर्देछिन्। एकटी अधवैश पुगेकी महिलाले येशूको प्रेम बारे बताउंदछ, ''म सित घेरै पापहरु क्षमा गरिनु पर्ने थियो। कि परमेश्वरको अनुग्रहले मैले गरेका सबै बुरो कामहरु ढाक्न सक्छ भनि मलाई थाहा नै थिएन, तर...'' तिनले वाक्य पुरा गर्न सकिन। तिनी आनन्दले सुकँ-सुंकाउन लागीन्।

एक बृद्ध मानिस, लजाउंदै सवैको मांझ बोल्न शुरू गरे, ''हप्ता भरी तपाईहरुले मेरो निम्ति प्रार्थना गरीदिनु भयो। मेरो एकफाइसेमा (फोकसोमा धेर हावा भरिनाले स्वास फेर्न नसकिने रोग) निको हुनलाई परमेश्वरलाई अर्जी टक्राउनु भयो। उहांले निको गर्नु भयो। मैले कुन नयाँ औषधी लिए भनि डाकटरले सोह्नु भयो। मैले उहांलाई भनें 'प्रार्थना'। केवल प्रार्थना, येशूको नाममा। डाकटरले भन्नु भयो, 'त्यही नै हुन पर्छ।' त्यस वाहेक त पूर्ण चंगाई-अरु कुनै हिसाबलै हुनै सकदैन त्यो म जांन्दछु।''

''प्रभुको महिमा होस्।'' जुली खुशिभएर झट्ट कराउंदछ जसले पछि बसिरहेकी लोरीलाई उदेकपार्दछ।

एक जवान युवकले उसको साक्षी दिंदछ, ''तपाईहरुलाई थाहा छ म कस्तो दैनिय अवस्थामा थिएं, ड्रगसको दास बनेको थिएँ। तर हाम्रो प्रभु येशू ख्रीष्टले मलाई उद्धार गर्नुशूयो।'' फेरि सबैले प्रभुको प्रशंसा गरे। टिनोले त्यस जवान युवक संग प्रतिज्ञा गर्नुभयो, ''हामी तपाईलाई परमेश्वरको अनुग्रहमा बड़नमा मदत गर्नेछौं।

लोरीले जुलीलाई कानमा भनिन्, ''मलाई लाग्छ सायद कसैले पनि मलाई बोल्नु भन्दैन् होला। म त यहाँ नयाँ छु।''

''यदि तपाई बोल्न चाहनु हुन्छ भने, बोल्न सकनु हुन्छ, लोरी।''

जुलीको लोग्ने, टिनो, एक विद्वान झै देखिन्छन्। उसले बाक्लो चस्मा लगाएको हुनाले प्राध्यापक झै देखिन्छन्। उसको दाह्री सफासित मिलाएको थियो अनि बोल्दा निर्धक्क साथ पक्का गरी बोल्देथे, एक स्पष्ट आवाजमा। ''मलाई लाग्छ मैले यो मानिस माथि भरोसा राख्नु पर्छ,'' उसको हँसिलो मुहारलाई पढ़ेर लोरीले बिचार गर्न लाग्दछिन्।

टिनोले झुण्डलाई भन्दछ, ''परमेश्वरले अनुग्रहको बारेमा के भन्नुहुन्छ बाइवलमा हामी पढ्नेछौ। रामी 5 अध्याय निकाल्नु होस्।'' जुलीले एउटा बाइबल लोरीको हातमा थमाइ दिंदछ, तर तिनले रोमीको किताब भेटाउन सकिनन्। ''म तिमीलाई मदत गर्छु,'' जुलीले मधुर स्वरमा भनिन्। जुलीले कसरी शान्तभावना अनि दक्षतापूर्वक व्यक्ति–व्यक्तिमा काम गर्थे, स्वागत गर्थिन, तिनीहरुको स्वास्थ्यवारे सोध पुछ गर्थिन, अनि अतिथि सत्कार पनि, यी सवै लोरीले ध्यान सित विचार गरीन्। तिनी छिट्टो हांस्ने गर्थीन्, एक आत्माविश्वास भएकी व्यक्ति जसले अतिथिहरुलाई सुविधा दिने गर्थीन्। त्यो जवान युवक जेसले ड्रगसको लतवाट छुटकारा पाएका थिए गम्भीर भावले पढ्दछ, ''...जहां पाप प्रशस्त मात्रामा भयो, अनुग्रह झन् अति प्रशस्त मात्रामा हुनआयो, कि जसरी पापले मृत्युमा राज्य गरचो, त्यसरीनै येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले पनि धार्मिकता द्वारा अनन्त जीवनसम्म राज्य गरोस्।

टिनोले झुण्डलाई प्रश्न गर्दछ, ''यसले परमेश्वरको वारेमा के प्रकाश गर्दछ?''

तिनीहरु एकक्षणको निम्ति परमेश्वरको प्रशस्त अनुग्रहमा छल–फल गर्दछ, अनि त्यसपछि टिनोले भनेका ''अनुग्रहको नदी'' विषयमा पालै–पालो पढ़न लाग्दछ।

एक पाको महिलाले शुरू गर्दछ। उसले पुरानो लुगा लगाएकी थिइन अलि गरीब देखिन्थे। ''यशैया 55:1 को प्रतिज्ञाहरु,'' हे सबै तिर्खाउने हो, पानीनेर आऊ। औ रूपीयाँ नहुने पनि आऊ किनेर खाऊ। आऊ, विनापैसा विनादाम दाखमद्य र दूध किन। मलाई यो प्रतिज्ञा मन पर्छ।''

चंगाइ पाएका मानिसले भजन संग्रह 36:8–9 विस्तारै पढ्दछ, 'तपाईको भवनको पुष्टकारी भोजनले तिनीहरु प्रशस्तगरी तृप्त हुनेछन्। र तपाईको सुखभोगको नदीबाट तपाईले तिनीहरुलाई पियाउनु हुनेछ। किनकि जीवनको मूल तपाईसंग छन्। तपाईकै ज्योतिमा हामी ज्योति पाउनेछौ।'

प्रत्येक पल्ट कसैले बाइबलको किताबबाट केहि पढ्थे, लोरीको हृदय उथुल–पुथुल हुंदथ्यो। एउटा सानो नानी प्राय: दश वर्ष उमेर पुगेकोले लजाउंदै प्रकाश 22:1 कण्डस्थ सुनाए, ''तब जिनले मलाई परमेश्वर र थुमाको सिंहासनबार निस्किरहेको त्यस शहरको सड़कको बीचमा बिल्लौरजस्तो चहकिलो जीवनको नदी देखाए। त्यस नदीको वारि पारि प्रत्येक महीना बाह्रै किसिमको फल फलाउने जीवनको रूख थियो। त्यस रूखका पातहरुचांहि जाति जातिका मानिसहरुलाई निको पार्नको निम्ति थिए।''

एउटी महिला जसले उज्यालो रंगको कपड़ा पहिरेकी थिइन अचानक खड़ा भइन अनि विस्तारै त्यस कोठावाट गइ हालिन। उसले त्यस संगतीमा बोलेकी थिइनन्। उसको मुहारमा कुनै अभिव्यञ्जना नै थिएन। तब अधवैशे महिला

जसले परमेश्वरको क्षमाको प्रशंसा गरेकी थिइन, तिनले यूहन्ना 7:37-38 आनन्द साथ पढ़िन, ''...येशू यसो भन्दै कराउननुभयो, 'कोहि तिर्खउंछ भने, त्यो म कहां आओस र पिओस। जसले मलाई विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार, त्यसको अन्तस्करणबाट जिउंदो पानीका खोलाहरु बगिनिस्कनेछ।''

तिनीहरु त्यसपश्चात दुइ अनि तीन व्यक्तिहरुको झुण्डमा बसेर एकार्कासित कुरा गर्न थाले। कत्तिजना प्रार्थना गर्न थाले। जुलीले लोरीलाई सोधे, यी झुण्डमा भएकाहरुले के बात मार्दैछन् बुझनुहुन्छ?''

संगतीको भाग सिद्धिए तर कोहि बसेरै विस्तारै बातचित गर्नलागे। जुलीले तिनको श्रीमानलाई भने,''टिनो, के तपाइले बताईदिनु हुन्छ कि अनुग्रहको नदी भनेको अर्थ के हो।''

''खुशि साथ! तिनी लोरी तर्फ फर्केर केहि अप्टेरो मान्दछ। उसले कसरी भनौ भने जस्तो देखिन्थ्यो। अचानक तिनको मुहार मुस्कानले भरियो।'' अनुग्रह मेरो मन परेको विजय हो। परमेश्वरको अनुग्रह उहांको किन्न नसकिने उपहार हुन्, उहांको सिद्ध प्रेम अनि अन्तनै नहुने दया हुन्। हामी यसको लायक छैनौं, उहांको अनुग्रह विश्वास द्वारा मात्र हामीले प्राप्त गर्छौ, जब येशू ख्रीष्टले हामीलाई हाम्रा पापहरु देखि यस संसारमा रहुञ्जेल, अनि अनन्त सम्मलाई बचाउनु हुन्छ। म यसलाई नदी भन्दछु किनभने बाइबलले भन्दछ 'जहां पाप प्रशस्त मात्रामा भयो, अनुग्रह झन् अति प्रशस्त मात्रामा हुनआयो।'' अर्को बाइबलको भागमा पनि निको पार्ने एउटा महा नदीको बारेमा बताउंदछ जो परमेश्वरको स्वर्गीय सिंहासनवाट निस्किआउनेछ।''

''यो पानी हामीले कहां पाउंछौ?'' लोरीले सोधीन।

''तपाई क्षमा पाउनलाई हाम्रो उद्धारकर्ता येशू ख्रीष्टमा भरोसा राख्नु होस्। परमेश्वर पिताबाट पवित्रआत्मा बहने छ, विश्वास गर्नेहरुको निम्ति प्रशस्त जीवन शित्तैमा ल्याउनुहुनेछ। लोरी, उहांले तिमीलाई नवीन, शुद्ध, प्रशस्त अनि अनन्त जीवन दिन प्रतिज्ञागर्नु भएकोछ। यो शित्तैमा छ। परमेश्वरको उदेकको वरदान! बाइबलको यहून्ना 14:16-17 मा यसो भन्दछ कि प्रभु-येशूले स्वर्गमा हुने पितासित प्रार्थना गर्नुभयो, एकमात्र सर्वशक्तिमान परमेश्वरलाई, अनि हामीमा पवित्र आत्मा पठाइ दिऊन भनि बिन्ति गर्नुभयो। उहां नदी हुनुहुन्छ जसरी परमश्वेरको अनुग्रह हामीमा ल्याउनु हुन्छ।''

''यस्तो त मैले कहिले सुनेको छैन,'' लोरीले मानिलिदंछ। ''मैले त यत्ति मात्र सुनेको कि परमेश्वरले हाम्रो असल र बुरो कामअनुसार न्याय गर्नुहुन्छ। म छक्क पर्छु किन मेरा माता पिता अनि शिक्षकहरुले यस्ता अनुग्रह जस्तो उदेकको कुरो किहिले भनेन।''

''बाइबलले शैतानको बारेमा बताउंदछ, हाम्रो सबैमन्दा ठूलो शत्रु, जसले मानिसहरुलाई आत्मिकीरूपमा अन्धो बनाउंदछ।'' टिनोले बुझाए। ''शैतानले हाम्रो ध्यानलाई'' आकर्षित गर्दछ। अनुग्रहको बहाउ देखि हाम्रो ध्यान परमेश्वरको असीम ज्ञान, जो मानवजातिले बुझन सकदैन, शैतानलाई कामगर्नु दिंनुहुन्छ। उहांले हाम्रो भरोसाको जांच गर्न शैतानलाई झुट वोल्न दिनुहुन्छ। हामीले शैतानको प्रतिरोध गर्नैपर्छ, अनि परमेश्वरको अनुग्रहलाई हाम्रो जीवनहरुमा बग्न दिनु पर्छ। कत्ति मानिसहरु शैतानको झुटहरुलाई विश्वास गर्न रुचाउंछन्, किनमने तिनीहरु आफ्रो जीवनलाई आफै नियंत्रन गर्न चाहन्छन् अनि परमेश्वरलाई तिनीहरुको आफ्रो हृदयमा प्रवेश गर्न दिंदैनन्। तिनीहरुलाई विश्वासको आत्मा दिऊन भनि परमेश्वरको आत्मालाई चाहंन्दैनन्। मलाई विश्वास छ कि जब हामीले हाम्रो मुक्तिदाता येशू ख्रीष्टलाई विश्वास गर्छौ, परमेश्वरको प्रेम तपाईले प्राप्त गर्न हामीलाई मदत गर्न दिनु होस्।''

लोरीले जुलीलाई प्रश्न गर्दछ, के आज सांझ यहां गरेको त्यहीनै साधना हो? के तपाईको श्रीमान स्वर्गीय स्वामी हो?''

''हैन नी। स्वामीको झूण्ड त यो सड़क पारि पट्टि भेटदछन्। उसको चेलाहरु सायद गांजा-चरस वा ड्रग्समा अहिले मस्त होला। हामी एउटा ईसाई परिवारका झुण्ड हौं, एउटा सानो मण्डली। के तपाई गल्तीले यहां आउनु भयो?''

''यो त मेरो जीवनमा शौभाग्यशाली गतली थियो। मैले यस्तो आनन्द अनि प्रेम कहिले देखेको छैन्।''

## अध्याय-2

## भिकटर अनि लोरीले अनन्त मुक्तिको आश्वासन कसरी पाए।

घरमा लोरीले भिकटरलाई परमेश्वरको उदेकको अनुग्रहको नदी बारे बुझाउदंछ।'' ती अत्ति महान! स्वामीले, मेरो मतलब ईसाई गुरु अथवा तिनीहरुले जे भने पनि, भन्नु भयो कि अनुग्रहको महा नदी अमाजोन, नील अनि गंगा सबै मिलाए पनि त्यसमन्दा चौड़ाछ। जो परमेश्वरको स्वर्गीय सिंहासनबाट लगातार बगीरहन्छ।''

''तिम्रो मतलब के हो? भिकटोरले सोद्धछ।'' संसारमा यस्तो नदी त-कत्तै पनि छैन्।''

''तिनीहरुको अगुवा टिनोले भन्नु भयो, कि अनुग्रहको नदी हामीले पिउन भनि नजिकै छन्, किनभने परमेश्वरको पवित्र आत्मा हामीले स्वास फेर्दा हावा जत्ति नजिक छ त्यत्ति नै छ अरे।''

''के तिनीहरु ईसाई हुन?''

''तिनीहरुले येशूलाई प्रेम गर्छन् भन्छन्। उहांको बारे धेरै कुराहरु गदर्छन्। टिनोले भन्दै हुनुहुन्थ्यो कि जब हाम्रो विश्वास परमेश्वरमा कमजोड़ हुदंछ, हामी शैतानको झुटहरुलाई सुन्छौं। अनि जीवनको पानी देखि टाड़ो हेर्न लाग्छौं। हाम्रा प्राणहरु तृषित छन्। हाम्रा आत्माहरु रुखो बन्दछ। उसले यो पनि भन्नु भयो कि जब हामी परमेश्वरको अनुग्रहलाई शंका गर्छौ, हामी आफैलाई-न्यायसंगत संभझन्छौ।''

''पख-पख! तिमीले मलाई छोड़यौ।'' भिकटर कराउदंछ। ''सभामा तिमीले के पियौ हँ? तिमीले ड्रग्स लियौ? 'न्यायसंगत' भन्नु को तिनीहरुको तात्पर्य चांहि के हो?''

''यत्ति धेर प्रश्नहरु। मलाई लाग्छ कि तिनीहरुको मतलब हामीले चांहि अनावश्यक धार्मिक विधानहरुको अभ्यास द्वारा आफैलाई पवित्र गर्ने प्रयास गर्छौं। हामी आफै पनि अनुग्रहको नदी देखि टाड़ा छौं अनि अरुलाई पनि सित्तैमा पिउन देखि टाड़ो राख्दछौं। हाम्रो हृदयमा परमेश्वरको कामको सट्टा हामी धार्मिक अनि मानिसको धर्माचारहरुलाई स्थान दिन्छौं।''

''के तिनीहरुले कड़ा घुप बाल्ने गर्छ? भयानक चित्रहरुले सजाएको छ? इन्द्रजाल विद्युतिकरण यंत्रहरु प्रयोगगरे?

''है न! त्यस्तो केहि होइन, भिकटर। तिनीहरु भन्छन् कि अनुग्रहले प्रेम, आनन्द अनि क्षमा ल्याउंछन् रे। यो परमेश्वर देखि बगी निस्कन्छन्, मानिस द्वारा, कुनै विद्युतिकरण पुर्जा, सुन्दर घरहरु, सुगन्धीत् धुप वा अचम्भको आवाजको ध्वनीले होइन।''

अर्फो साता टिनो र जुलीले भिकटर अनि लोरीको परिक्षण गरे। टोनीले भिकटरलाई सोधे, ''हामी तपाईलाई असल समाचार, येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानको सत्य कथा सुनाउन सक्छौं? परमेश्वरमा फर्कि आउने अनि उहांलाई विश्वास गर्नेलाई क्षमा अनि अनन्त जीवन छ भनि येशूले प्रतिज्ञा गर्नुभएको छ।''

''हुन्छ भन्नु होस्, बस्नुहोस्।''लोरी चिया लिएर आउ। टिनोले लूका 24:46-48 पढ़दछ अनि छोटकरीमा त्यसलाई बुझाउंदछ।'' परमेश्वरले सारा जगतका मानिसहरुलाई क्षमा गर्नु हुन्छ जब तिनीहरु परमेश्वर तर्फ फर्कि आउँदछ, अनि येशूको मृत्यु र पुनरुत्थानको कथालाई ग्रहण गर्दछ जसद्वारा उहांले हामीलाई वचाउनु भएर हामीलाई अनन्त जीवन दिनु हुन्छ।''

''यो बड़ो सांचो छ,'' भिकटरले अनुमान गर्दछ। उसले यस बारे अरु धेरै प्रश्नहरु गर्दछ।

टिनो र जुली त्यहां वाट जान अघि, भिकटर अनि लोरीलाई अर्को साझको सभामा टिनोको घरमा निमंत्रना दिए।

त्यस सभामा इस्माएल, एक गुरूजन जसले टिनोको सानो झूण्डलाई अगुवाई गर्थे, भिकटोरलाई भनें, ''मैले सुनेको कि तिमी एक फलाम जोड़ने काम गर्छौ अरे। म एउटा सानो फलामको पसल चलाउंछु अनि मलाई एक जना फलाम जोड़ने कारीगरको जरुरत छ।''

भिकटर ले अर्को दिन देखि इस्माएलको पसलमा काम शुरू गर्दछ। त्यस रात तिनले लोरीलाई जोड़ले अंकमाल गर्दै भन्दछ, ''तिमीलाई कस्तो लाग्छ, हामी ईसाईहरुले गरे झैं प्रार्थना गर्न अनि नयाँ कामको लागी धन्यवाद दिनसकछौ ?''

''हाम्रा नयाँ मित्रहरुले गरे झैं मेरो आफनै शब्दमा यो मेरो पहिलो प्रार्थना हुनेछ।''

अर्को सभामा भिकटर अनि लोरीले येशूलाई, एक सर्वशक्तिमान परमेश्वरको पुत्रलाई प्रार्थना गरे अनि तिनीहरुलाई पापबाट बाचाउन भनि विन्ति गरे। धेरै विश्वासीहरु कुरा गर्न बसेका थिए। लोरीले भनिन्, ''मलाई अत्ति हल्का अनुभव भइरहेछ।''

''जबदेखि तपाईहरुले पश्चाताप गरेर अनि हाम्रो प्रभु यीशुलाई विश्वास गर्नुभयो, ''टिनोले विन्ति गर्दछ,''तपाईहरुले बप्तिस्मा लिनुपर्छ।

''पख, टिनो।'' इस्माएल, पसलको साहुले वहस गर्दछ्। ''तिनीहरुको परिवर्तन पक्कागर्नलाई पहिले तिनीहरुको जीवन ठीक गर्नु पर्छ। सबै कुरोलाई। भिकटर म सित काम गर्छ। बेला-बखतमा पूर्जाहरुले काम नगर्दा उसले अश्लील शब्दहरु प्रयोग गर्छ। लोरी, तिमीले पनि एउटा इसाई जस्तो पोशाक लाउन सिक्नपर्छ। तिमीले प्रसाधन ज्यादै प्रयोग गर्थ्यौ। भिकटर तिमीले चुरोट पिउन बन्दगर्नै पर्छ। तिमीहरुले कमसे कम एक वर्ष जत्ति पर्रर्वनुपर्छ, अनि हाम्रो सम्पूर्ण सिद्धान्तहरु सिकनु पर्छ। तब, यदि तिमीहरु त्यस अवधिमा पापमा परेनौ भने, तिमीहरुलाई बप्तिस्मा दिन सकछौं।'' लोरीले तिनलाई केहि भन्न चाहन्थीन् किनकि उसले तिनीहरु प्रति अन्याय गर्दै थिए, तर उ एउटा दृड़ विचार भएको व्यक्ति हुनाले तिनीसित दांज्न डराए। इस्माएलको चौड़ा छाती, हातहरु बलिया अनि ठूला, शक्तिशाली पारवुरा थिए। उसको मुहारमा संकल्प झल्कन्थ्यो। तिनी कहिल्यै मुस्कराउदैन थिए।

''इस्माएल।'' टिनोले विरोध जनाउंदछ, ''नयाँ विश्वासीहरुको विश्वासलाई प्रेरितहरुले यसप्रकारले पक्का गर्ने तरीका होइन।''

इस्माएलले ध्यानै दिंदैन। तिनले भिकटरको हातमा एउटा कागजको पन्ना थमाई दिंदछ, ''यहां मैंले केहि नियमहरु नयाँ विश्वासीहरुले पालन गरुंन भनि तयार पारेकोछु, हाम्रो झूण्डको सदस्य बन्नको निम्ति। सम्पूर्ण नयाँ सदस्यहरुले ड्रग्स त्याग्नै पर्छ, मद-पान, व्यभिचार, जुवा-तास, सब प्रकारका नृत्यहरु, चुरोट फुक्ने, अशुद्ध बोली, संसारीक संगीत अनि सुचिमा भएको अरु सबै त्याग्नै पर्छ। हप्तै पछि उपवास वस्नु पर्छ अनि कमसे कम दिनमा दुइ घण्टा प्रार्थना गर्नु पर्छ। तिमीले एउटा पवित्र जीवन विताइरहको छौ भन्ने हामीलाई प्रमाण गर्नुपर्छ।''

जुलीले लोरीको कानमा कानेखुशि गरिन्। मलाई डरछ कि इस्माएलले गलत श्रोतवाट यो आचरणलाई लिएको छ। उसको व्यर्थको नियमहरुले मानिसहरुलाई परमेश्वरको अनुग्रहलाई कदर गर्नदेखि रोक्ने शैतानको एउटा हतियारको परिणाम हो। एउटा अग्नीवाणले 'न्याप्यवाद' को छाप लगाउंदछ।''

इस्माएलले जुलीलाई कानेखुशि गरिरहेको थाहा हुन्छ अनि उसको स्वर ठूलो अनि रिसालु बन्दछ। परमेश्वरको अनुग्रहसित हामी होशियार हुनै पर्छ। टिनोले गर्न चाहेको जस्तो हतार हामीले गर्नुहुंदैन। जब एउटा पापी ईसाई हुदंछ, उसले सुचीमा भएका सवै त्याग्नु पर्छ अनि धार्मिक बनेर हामीबाट स्वीकृती पाउनुपर्छ। लोरीले सुचीलाई भिकटरको हातमा थमाउंदै बिस्तारै उसलाई भन्दछ, ''यो पर्चामा भएको सबै विवरणहरु म कहिल्यै यादगर्न सक्दिन।''

भिकटरले त्यो सुचीलाई इस्माएललाई फिर्ता गरि दिए। ''यसले त हामीलाई झूण्डवाट बाहिर गर्छ। यो हाम्रो लागी अत्ति भयो। म दु:खि छु।''

भिकटरले भनीरहेका टिनोले सुने, इस्माएललाई नम्र भएर हप्काए, ''तिमी यी नयाँ विश्वासीलाई व्याकुल पार्दैछौ। परमेश्वरको दृष्टिमा, तिनीहरु नयाँजन्म पाएका हुन्, आत्मिक बालकहरु, अनि तिमीले चांहि यिनीहरुवाट धेरै गराउन चाहेकाछौ जो थोरै परिपक्क इसाईहरुले मात्र पूर्णगर्न सक्छन्। यदि हामीले तिनीहरुलाई ग्रहण गर्न ढिलायौ, तिनीहरुले यी सवै सिद्यान्तहरुलाई सिकुञ्जेल र प्रत्येकको प्रमाण दिइरहुञ्जेल सम्म त हामीले यिनीहरुलाई निरुउत्साहीत गर्छौ। तपाईको निषेधाज्ञा तपाईकै व्यक्गित् विचारहरुबाट हुन्, धर्मशास्त्रबाट होइन।

भिकटर अनि लोरीलाई परमेश्वरको अनुग्रहको आश्वासनको खांचोछ।'' टिनोले प्रेरितको किताबबाट पढ़ेर सुनाए कि कसरी नयाँ पश्चातापी विश्वासीहरुलाई अबेर नगरी मुक्तिलाई दृढ़ गराउन वप्तिस्मा दिएका थिए।

इस्माएलले केहि बेर सुनी रहे अनि गन-गनाउन थाले, ''पुरानो समयका कुरा अलगै हो।''

इस्माएल,'' टिनोले बिन्तीगरे, ''के तपाईले भुल्नुभयो कि भिकटर अनि लोरी ख्रीष्टमा 'बालक' विश्वासीहरु हुन्? तिनीहरु अत्मिक नानीहरुहुन्। भर्खरै जन्मेका। जब-तपाईं जन्मनुभयो तपाईको आमाले तपाईलाई कपड़ामा झाड़ापिसाप नगर्ने भइञ्जेल बाहिर चिसो ठिहीमा राखेनन्। त्यसरी नै, हामीले नयाँजन्मेकाहरुलाई मण्डलीको नियानोपन भित्र ल्याउनुपर्छ, जसरी प्रेरितहरुले संघै गर्थे। प्रेरितहरुले तिनीहरुलाई कहिल्यै पर्खन लगाएन। प्रेरितरुले बुरो व्यक्तिहरुलाई पनि ग्रहण गरे जसले येशूमा विश्वास गरे, अनि बिलम्ब नगरी तिनीहरुलाई बप्तिसमादिए। यहूदीहरु जसले परमेश्वरलाई अघिबाटै चिन्दथे अनि अन्यजातिहरु जसले उहांको विषयमा पहिलो पटक सिकिरहेका थिए, बप्तिस्मा लिइहाले। बाप्तिस्मा पाउनु नयाँ विश्वासीहरुले गर्नुपर्ने पहिलोकुरो थियो।

अर्को हप्ता पावलले ती जवान जोड़ालाई बप्तिस्मा दिए। तिनीहरु अनन्दित भए तर इस्माएलले भनेका कुराहरू गलतधारणा हुनगयो। अर्को सभामा आराधना शुरू हुनभन्दा अघि, पावलले नयाँ सदास्यहरु भिकटर अनि लोरीलाई शुण्डमा परिचय गराउन चाहेका थिए, तर इस्माएलले बाधा दिए, ''मेरो सुन्नुहोस्।''दृढ़भएर बोले, ''हामी तिनीहरुलाई हाम्रो झूण्डमा अधीकारीरूपले सदस्य ग्रहणगर्न सकदैनौ जबसम्म तिनीहरुको जीवनमा पाप हुंदछ।''

''प्रेरितहरुले तिनीहरुलाई ग्रहण गरेका थिए, इश्माएल,'' टिनोले सच्च्याउदंछ, उसको स्वरलाई शान्तभावनामा राख्दै। प्रेरितहरुले हामीलाई नयाँ विश्वासीहरुको पापलाई रद्द नगरी कसरी सुधार गर्नु देखाएकाछन्। प्रेरित पावलले विश्वासीहरुको आत्माहरुलाई रद्द नगरी पापको खराबीहरुलाई सुधार गरे। त्रुटीगर्ने विश्वासीहरुलाई तिनीहरुको स्थान परमेश्वरको अनुग्रह द्वारा परमेश्वरको पुत्रझै ग्रहण गरिएको छ भनि दयाको साथ संझना गराएका थिए, तब तिनले तिनीहरुलाई विन्ती गरे, किनभने, जो परमेश्वरका पुत्रहरु गनिएका छन् अनि ख्रीष्टका शन्तानभएका छन्, तिनीहरुलाई अधार्मिक जीवन जीउन बन्दगर्नु पर्छ। यसरी...''

''तपाईले त स्वर्गको राज्यमा पस्ने सजिलो बाटो बनाउंदै हुनुहुन्छ।'' इश्माएलले बाधा दिंदछ।

''नयाँ ईसाईहरुमा दोषहरुहुन्छन्, कत्तिपय दोषहरु धेरै खल्लम-खुल्ला छन्। यसकारणले त परमेश्वरले मण्डलीमा थुमाहरुलाई ठिकसित डोरपाउनलाई गोठालाहरु दिनुभएको छ। नयाँ नियममा बप्तिस्मा खराब मानिसहरुको निम्ति थियो।

एउटा ईसाई हुनु गम्भीर विषय हो। उदाहरणको लागी, पुरानो नियममा जसले विश्रामको दिनमा कामगर्दछ त्यसलाई दूंगाले हिर्काउंदथ्यो।''

''इश्माएल, दयागरी मलाई बुझाइसक्न दिनुहोस्,''टिनोले विन्ति शर्दछ। भिकटर अनि लोरी योग्यका छन्, किनमनें तिनीहरुले पश्चतापी ह्दय लिएर परमेश्वरलाई तिनीहरुको पाप स्वीकार गरेकाछन्।''

''तर त्यसपछिका कुराहरु बदलिसकेका छन्'' इश्माएलले दोहोर्याउंछ।

''ठिकै हो,'' टिनोले स्पष्ट गर्दछ। ''समाज बदलिएको छ। शिल्पशास्त्र अध्ययनको उन्नत्ति भइरहेकोछ, तर यी सबैले तत्वहरुसित मात्र व्यवहार गर्दछ। आत्मिक सत्यताहरुले बप्तिस्मालाई वर्णन गर्दछ, को अपरिवर्तनीय छन्। पाप

संधै पाप नै हो। अनुग्रह संधै अनुग्रह नै छ। येशू सदा एकै हुनुहुन्छ। मण्डलीको उत्तरदायित्व नयाँजन्मेका पाठाहरुमा परमेश्वरको अनुग्रह सितै बदलाव ल्याउ छन्। भिकटर अनि लोरीलाई आज अनुग्रहको खांचो छ, जति सावल लाई दमीसकको बाटोमा थियो।''

इश्माएलले जवान जोड़ालाई हेर्दछ। ''टिनोले के भन्छ मलाई वास्ता छैन्। तिमीले एउटा काम गर, भिकटर। म जे भन्छु तिमीले त्यसै गर।''

''यिनीहरुले येशूको आज्ञा पालन गर्नेछ।'' टिनोले निश्चयतासित मन्दछ। ''इश्माएल, हेर्नुहोस्। हामी येशूले जे गर्नु भन्नु भएको छ त्यही नयाँ विश्वासीहरुलाई गर्नलाई भन्दछौं। तिनीहरुले प्रेमको साथ येशूको आज्ञा पालन गर्नेछ, हामीले धम्काएर होइन। जे प्रेरितहरुले नयाँ विश्वासीहरुलाई भनेथे त्यसबाहेक यिनीहरूलाई जबरजस्ती गर्न लगाउने हामीलाई अधिकार छैन्।

इश्माएल, के ख्रीष्टको सट्टा तिम्रो आज्ञा पालन गरेको तिमी इच्छा गर्छौ ? येशूको बदली तिम्रो पछि लागेको चाहन्छौं अनि येशू र प्रेरितहरुको आज्ञाहरुको सट्टामा तिम्रो नियमहरु पालन गरेको चाहन्छौ ?''

इश्माएलले भन्दछ, ''म एकजना अतिथीलाई परिचय गराउन चाहन्छु। बहस शुरूभएको केहि क्षण पछि कोठामा एउटा मानिस प्रवेश गरेका थिए। भिकटर अनि लोरीले त्यस व्यक्तिलाई अघाड़ि देखेका थिएनन्।'' इश्माएलले घोषणा गर्दछ, ''आर्थर एउटा आत्मामा जोशिलो व्यक्ति हुनुहुन्छ। उसले ढिलोगरी रातमा गाड़ी हांकछन् जब हामी चांहि मस्त निन्द्रामा हुन्छौं। दिनमा प्रभुको सेवा गर्छन्। र म जांन्दीन कि कहिले सुत्छन्।''

अरुले अर्थरलाई स्वागत गर्दछ, तब इश्माएलले उसलाई सोद्धछ, ''हामीले जे वहस गारिहेका छौ यसवारे तपाईलाई कस्तोलाग्छ, आर्थर ज्यू ?''

''हप्तामा एकपल्ट उपवास वस्नु भनी तपाईले भन्नु भएको मलाई खुबै राम्रौ लाग्यो। तपाईको त्यो सुचीमा अरु धेरै यत्न मलाई मन पर्छ। जुन झुण्डले जत्ति कड़ा नियमहरु पालन गर्छन् धेरै आत्मिक हुंदछ। नयां सदस्यहरु इमानदार छन्, पक्का हो।

टिनोले विन्तिभाव गर्दछ, इश्माएल र आर्थर, धेरै नियमहरु स्थापित गर्ने तपाईहरुको जो इच्छा छ त्यसले हामीलाई पुरानो नियम तर्फ फर्काइ लैजानेछ।'' तिनले मिकटर अनि लोरीको उदास मुहार देखेर भन्दछ, ''यी विषयहरु अहिले यहां हामीले बहस गर्नुहुंदैन।''

आर्थरले त्यत्ति ध्यान दिंदैन अनि भिकटरलाई अरु धेरै भन्दछ किनकि उसले संम्झदछ कि एउटा 'सांचो' ईसाईले यसै गर्नुपर्छ। तब आर्थरले टिनोलाई भन्दछ, ''पुरानो नियमका व्यवस्थाहरुलाई पालन गर्दा के गलती छ ?''

''गल्ती के छ भनें तपाईमा पुरानो नियमको आचरणहरु छन्। यो व्यवस्था भित्र, मानिसहरुले आफ्रै असल कामहरु द्वारा परमेश्वरको अनुग्रहलाई कमाउने प्रयास गर्दछन्। नयाँ नियममा येशू ख्रीष्टको रगतको छापले विश्वासद्वारा अनुग्रह प्रदान गर्दछ। परमेश्वरको अनुग्रह द्वारा उहांले हामीलाई उहांको दाहिने बाहुलीमा राखनुहन्छ, येशूको पुनरुत्थानको कारण, हाम्रो आफ्रै कोशिसबाट होइन। एफिसी पहिलो अध्यायले नयाँ विश्वासीहरुलाई आश्वासन दिंदछ, भिकटर अनि लोरीलाई झैं, जसमा तिनीहरुले पशस्त मात्रामा दया, प्रेम र शान्तीको उपभोग गर्न सकछन्।''

''ज्यू, पक्कै हो, मेरा सम्पूर्ण सदस्यहरुले तिनीहरुको कमाइबाट दशवा अंश भन्दा बड़ी दिने गरून भनि म चाहन्छु। तिनीहरुले परमेश्वरको काममा हात बढ़ाउन पर्छ। हेर्नु होस्, हामीले तिनीहरुका पैसाले के के गरेका छौं। मेरा झुण्डले एउटा शुन्दर मुल्यको पुलपीट किने। हो ! हामी त्यस प्रकारका थोकहरु जुटाउन सकछौं। मैंले विश्वासीहरुलाई धेरै दिने बनाएको छु। हो ! हो ! तिनीहरुसित परमेश्वर हुनुहुन्छ भनि प्रमाण दिएको छु।''

लोरीले भिकटरलाई विस्तारै कानमा भन्दछ, ''आर्थरको आंखा त उल्लूको जस्तो पो लाग्यो।''

यो ट्याक्स चालक लगातार बोली रहेका थिए, मुखलाई चाटदा मात्र रोकिन्थ्यो। उसको शब्दहरु एउटा मशिनगन् जस्तै पढ्कीरहेथ्यो। यत्ता-उत्ती लगातार हेरिरहन्थ्यो, जसै उसले सबैठाऊं एकैपल्टमा हेरे जस्तै, कि पछिलाग्ने देखि भाग्न प्रयास गारेझै। जे भए पनि, जब तिनी एक व्यक्ति सित बोल्थे तब मुर्ति ढल्के जस्तो विस्तारै ठल्करे आंखा नझिम्काई तिनीहरुलाई तीक्ष्णदृष्टिले बाघझैं हेर्दथे।

सम्पूर्ण झुण्डमा बहस भए पश्चात्, तिनीहरुले के सिक्न सके त्यसबारे बातचीत गर्नलाई, क्रियाकलाप को योजना गर्न अनि एकार्काको निम्ति प्रार्थना गर्नलाई स-साना झूण्डहरु बनाए। टिनो, भिकटर र लोरी सभामा बसे। मिकटरले तिनलाई सोधे, ''टिनो, त्यसको मतलव परमेश्वरको स्वीकृति हासिल गर्न आर्थर र इश्माएलले भनेका कुराहरु हामीले गर्नु हुंदैन ?''

''जब हामीले असल काम गर्छौ परमेश्वर संधै खुशि हुनुहुन्छ, भिकटर। तिमीले यहां अलस काम गरेको इनाम उहांले तिमीलाई स्वर्गमा दिनुहुनेछ। तर हाम्रो असल कामले हामीलाई बचाउंदैन। केवल येशूले मात्र बचाउन सकनुहुन्छ, जसै हामीले उहांको मृत्यु अनि पुनरुत्थानमा विश्वास द्वारा भाग लिंदछौ। परमेश्वरलाई खुशि तुल्याउन असल कामको आवश्यकपर्छ, तर परमेश्वरबाट को मुक्ति अनि उहाँका बदलाव गर्ने शक्ति हामीमा काम गर्नु त्यही परिणाम हो।

अर्को दिन टिनो भिकटर अनि लोरीलाई भेटन गए, अनि तिनीहरुलाई भन्दछ, ''हिज हामीले परमेश्वरको अनुग्रह बारे बहस गरेको तपाईहरुले सुन्नपर्‍यो हामी क्षमा चाहंन्छौ। परमेश्वरको वचनले तपाईहरुलाई आश्वासन दिन्छन् कि जो उच्च अनि सिद्ध पवित्र परमेश्वरले तपाईहरुलाई क्षमागर्नु भाग्कोछ। तपाईहरुले उहांलाई विश्वास गर्नु भयो अनि उहांले तपाईहरुलाई परिवर्तन गर्ने काम शुरू गर्नु भएकोछ। उहांले तपाईहरुलाई उहांको बाहुली सुरक्षित राख्नुभएकोछ। अनि उहांले अनन्त सम्मलाई यसै गर्नुहुन्छ। येशूले यूहन्नाको 10 अध्यायमा त्यसै भन्नु भएकोछ। भिकटरले भछ, ''इश्माएललाई विश्वास भएको छैन रहेछ कि लोरी र मैले परमेश्वरको अनुग्रह पाएका छौं। यदि परिपक्क विश्वासीहरु अनि ठूलाहरुले इश्माएल अनि आर्थर झै शंका गर्छन् भने, तब लोरी र म कसरी यसमा निश्चय हुन सकछौ ?''

''यसैले त म तपाईहरुलाई भेटन आएको। हिज मैले स्थानिय मण्डलीका अरु ठूलाहरुसित बात गरें। तिनीहरुले सहमत जनाए कि तपाईहरुलाई ख्रीष्टको मण्डली द्वारा वप्तिस्मा दिऔ। ग्रहण गर्नलाई मानिसले चाहेको कुराहरुलाई पालन गर्नु पर्नेछैन्। हामी रोमी आठ अध्यायलाई परमेश्वरको अन्नुग्रहको आश्वासन प्राप्त गर्न एकसाथ पढ़ौं।''

भिकटरले रोमी आठ जोड़सित पढ़दछ, लोरी रुन लागिन जब तिनले पढ़े कि ख्रीष्टमा हुने विश्वासीहरुको निम्ति परमेश्वरको अनन्त प्रेम देखि अलग हन असम्भवछ।

''यो आश्वासन पूर्ण छ।'' पढ़ीसके पछि कराए। ''हामी दुइनै निरुत्साहित भएका थियौं, इश्माएल र आर्थरको भनाईको कारणले। पेटमा जोड़ले लातहाने जस्तो। कत्ति चौड़ै हामीले शंका गर्नलाग्यौं ?''

''तपाईहरुलाई शैतानको अग्निबाण ले लागेको थियो,'' टिनोले भन्दछ।

लोरीले संम्झदछ, ''जुलीले भनेकी थिइन कि बाणमा'' सत्यवादी छाप लागेको थियो। त्यो कष्टदायक थियो। यसको केहि बचाव छैन्, टोनी, ''सर्वशक्तिमान परमेश्वरले नै सुरक्षा प्रबन्धगर्नुहुन्छ। परमेश्वरको वचनले हामीलाई सिकाए अनुसार सवै अग्निवाणहरु रोकनलाई विश्वासको ढाल बलियो गरी थामी राख्नुपर्छ।''

''के त्यो हामी पढ़नसकछौं ?'' भिकटरले विन्ति टक्राउंदछ। ''हुन्छ। एफिसी 6:10-18 ले परमेश्वरको हात-हतियारको विषयमा भन्दछ जो हामीले दुष्टको विरुद्ध प्रयोग गर्छौ।'' यी पदहरु पढ़े पछि, भिकटर कराउंदछ, ''अब मलाई थाहा लाग्यो किन हामी अति खराब भयौ। हाम्रो आत्माहरुलाई शैतानको अग्निवाणले घायते बनाएको रहेछ।''

‘‘तपाई दुइ मात्र होइन, हाम्रा भाइहरु इश्माएल र आर्थरलाई पनि सत्यवादीको वाणले धेरै समय देखि विसलागेको थियो।’’

केहि क्षणको निम्ति लोरीले आफ्रो आंखा बन्द गरीन्, अनि खुशिले कराए, ‘‘यसो विचार गर्नुहोस्। यदि हिज हामीले स्वर्गे दुतहरुको आंखाले हेरेको भए, हामीले शैतानलाई त्यसको धनु वाणहरुको साथमा देख्ने थियौं। त्यसले सत्यवादीको वाण हामीलाई हिर्काउंदै गरेको देख्ने थियौं।’’

‘‘येशूले हामीलाई सत्यवादी देखि होशियार गराउनु भएको छ,’’ टोनीले जवाब दिए। ‘‘यो फरिसीहरुको संक्रामक बिष हो,’’ ‘‘तिनीहरु धार्मिक व्यक्तिहरु थिए जसले येशूको विरोध गरे जब उहांले पापीहरुलाई परमेश्वरको सित्तैको अनुग्रह बांड्दैहुनुहुन्थ्यो। हाम्रो इश्माएल भाई को दुषित सल्लाह झैं, फरिसीहरुले पनि परिपक्कताको मांग गर्थे। हामी विश्वासको ढाललाई प्रयोग गरौ।’’

## अभ्यास

कुन असल बाटो हुन् जसले विश्वासीहरुलाई परमेश्वरले प्रेम गर्नुहुन्छ, ग्रहण गर्नु हुन्छ, अनि क्षमा गर्नु हुन्छ भनि आश्वासन दिंदछ।

तिनीहरुलाई परमेश्वरको वचन अनि प्रेममा भरोसा पर्न सिकाउनु।

तिनीहरुलाई कड़ा नियमहरु पालन गर्न लगाउनु। (कल्लसी 2:20 देखि 3:1 मा उत्तर पाउनुहुनेछ।)

एक विश्वासीलाई येशूको आज्ञा पालन गर्नलाई कुन उदेश्य सही हुन्छ?

प्रेम

डर

(यहून्ना 14:15 म उत्तर पाउनु हुन्छ।)

परमेश्वरको अनुग्रहलाई कदर गर्न तपाईको मण्डलीमा भएका विश्वासीहरुलाई सहायता गर्न तपाईको योजना बताउनु होस्।

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

## अध्याय-3

## भिकटोर अनि लोरीले पुरानो सर्पलाई कसरी प्रतिरोध गरे (ड्रेगन, शैतान)

भिकटोर र लोरीले नदेखिने, अर्को अग्निबाण जसमा ''डर'' को लेबल गरिएकोछ मानिसहरुको शत्रुले तिनीहरुमा छोड़दछ। घ्वांङ्ग।

दोस्रो कांड़ उड़ेर आंउदछ, भन्दोरहेछ ''अविश्वास'' विरोधीले फेरि निशाना बनाउंदछ, इश्माएल र आर्थर तर्फ। घ्वाङ्ग! घ्वाङ्ग! दुइ वाणहरु-एउटा 'मौलिकवाद' अनि अर्को 'मुक्तिवाद' पृथ्वी तर्फ उड़दै आए।

सबै दुष्ट आत्माहरुको टाउको दुष्ट हांसोसित गर्जन्दछ, त्यस पछि त्यसको प्रेत सहयोगीहरुलाई आज्ञा गरे, ''सबै भन्दा बेसी पोल्ने वाण लिएर आऊ। त्यसलाई पठाउनेछौं।''

एउटा दैत्यले वाण सल्काउंदछ अनि शैतानले निशाना गर्दछ। घ्वांङ्ग। ''राजशक्तिको मुखा'' आफ्रो निशाना तर्फ उड़दछ, टिनोकी झुण्डमा।

''परमेश्वरको अनुग्रह बग्न चांड़ै बन्दहुनेछ।'' दैत्यहरुको मालिक घमण्ड गर्दछ।

अर्को समय जब सबैजना प्रशंसाको प्रारम्भगर्ने समय पर्खि रहेका थिए, इश्माएलले एउटा सुचना दिंदछ। ''म संग एउटा असल खबर छ। आर्थरले आफ्रो झूण्डलाई त्याग्ने निर्णय गरेकाछन् अनि हाम्रो झुण्ड सामेल भएर अगुवाई गर्नेछ। तिनी अनुभवी छन् अनि कड़ा। अनुशासनलाई कसरी कायम राख्नु जान्दछ।''

भिकटरले लोरीलाई सुटुक्क भन्दछ, ''हेर्नु तिम्रो ऊल्लू।'' उंहास्न थाल्छीन अनि उसको मुख छोप्द छिन्।

टिनोले आर्थरलाई सोधे, ''तिमीले किन आफ्रो झूण्डलाई त्यागको ?''

''तिनीहरु आत्मिक छैनन् म अगुवा भएको म जे चाहन्छु त्यो तिनीहरुले गर्न मानेन। मेरा संगती तिनीहरु बाट तोड़नु यो मेरो कर्तव्य बन्यो। हो! तिनीहरु सांचो ईसाईहरु होइनन्।''तिनी झट्ट फर्के अनि टिनोसित बात गरे।''बाघले झम्टयो!'' लोरीले भिकटोरलाई काने-खुसि गर्दै भने अनि पछि हल्का खितका छाड़न थाले।

सभाको समयमा इश्माएल र आर्थर बात गर्थे। टिनोले आफनो नियंत्रण गुमाउदैन। जब प्रभु-भोजको तयारी हुनलागे, इश्माएलले नयाँ विश्वासीहरु शिक्षा दिनलागे, ''यदि तपाईहरुले विता साता पापगर्नु भएको छ भने भाग लिनसकनु हुन्न।''

आर्थरले पनि थप जोड़ दिंदछ, ''तपाई नयाँ विश्वासीहरुले केहि बुंझनुछ। प्रभु भोजमा परमेश्वरले कुनै विशेष केहि गर्नु हुन्न। कुनै रहस्य छैन्। यो चांहि प्रभु यीशु ख्रीष्ट मर्नु भएको संझना गराउने नैतीक मदत मात्र हो। पवित्र आत्माले कुनै अलौकिक काम गर्दैन। रोटीले केवल येशूको देहलाई प्रतिनिधित्व गर्दछ। हो! यो हाम्रो संझनालाई सहयोग गर्ने नैतीक मदत मात्र हो अरु केहि पनि होइन। तपाईहरुले यो भनेको सुन्न चाहन्न कि 'हो' येशूको देह। यसले येशूको देहलाई मात्र 'प्रतिनिधित्व' गर्दछ।

टिनोले उत्तर दिंदछ,'आर्थरले अहिले जे भने त्यो उसको आफ्रै धारणा हो। म तपाईहरु सवैले यो जानेको चाहन्छु कि यो पवित्र विधिमा एउटा अत्ति सत्य रहस्य छ। आर्थरले बहस गर्न थाल्दछ, तर टिनो उसलाई भन्दछ,''यस विषयमा हामी अहिले बहस नगरौं। हामी यहां आराधना गर्नलाई छौं। यदि तपाई यसवारे कुरा गर्नु चाहनु हुन्छ भने, केहि पछि गर्ने छौं।''

केहि दिन पछाड़ि, टिनो र जुलीले फेरि भिकटर र लोरीलोई परिक्षण गर्दछ, जो वप्तिस्मा भइ सकेका थिए अनि

ख्रीष्टमा तिनीहरुको नौलो विश्वास विस्तारै गरि बढ़दै गइरहेका थिए। लोग्ने मानिसहरु कुरा गर्नलागे अनि दुई महिलाहरु मान्साकोठा तर्फ लागे। जुलीले याद गरेर भन्दछ, ''आज तिमीलाई दु:खि देखिन्छ नी, लोरी।''

''भलाई कष्ट भइरहेछ, जुली। मलाई त्यही आनन्द अनुभव भएको छैन् जब येशूलाई पहिने पटक अपनाएको थिएँ। अनुग्रहको नदी मेरो निम्ति सुके जस्तो छ। मैले केहि बुरो थोकहरु गरेको छु, भिकटर सित मैले बहस गरेथे जब कि म नम्र हुनु पर्ने थियो। लाज्जै नलाग्ने गरी म ढिट भएको थिएं। म तपाई जस्तो संधै असल व्यवहार गर्न सकिदन, जुली। म एक व्यर्थको असफल व्यक्ति हूं।''

''होइन, लोरी। तिमी एक नयाँ विश्वासी हौ, ख्रीष्टमा आत्मिक बालक। हामी सबैले नै यस्ता असफलताहरु अनुभव गरेकाछौं।''

''के परमेश्वरले हामीलाई सांच्चै बचाउनु भएकोछ? इश्माएल अनि आर्थर देखि सुनेपछि भिकटर अनि म निरुत्साहित बनेकाछौं। तिनीहरुले धेरै मांगहरु गरे। यदि हामी परमेश्वरको अनुग्रह पाउने योग्यका छौं भनि भिकटर छक्क परिरहेछ।''

''हामी कोहि अनुग्रहको लायक छैनौं, लोरी!'' जुलीले तिनलाई सम्झाउंदछ। 'तपाईहरुमा पवित्र आत्मा वास गर्नु हुन्छ, परमेश्वरको सबै अनुग्रह ल्याउनुहुन्छ। अनुग्रह तपाईको निम्ति संधै त्यहीं छ। उहांको उपस्थिति अनि उहांको अनुग्रहलाई आश्वासन दिने जे थोक पनि दिनु हुन्छ, हामीले अंगाल्नु छ।''

''कुन थोकहरु, जुली? जब हामी लज्जीत वनेका हुन्छौ कसरी परमेश्वरको अनुग्रहको निश्चय गर्न सकछौं?''

''यो बुझाउनलाई हामी टिनोलाई सोधौं। उहाँले परमेश्वरको वचन मानिसहरुलाई उत्साहित गर्नमा आनन्द गर्नुहुन्छ।

तिनीहरु पुरुषहरुसित सामेल हुन्छन् अनि जुलीले सुझाउ दिंदछ, ''टिनो, दया गरेर बताइ दिनु होस किन परमेश्वरको अनुग्रह हामीले पाएका छौं भनि किन निश्चय हुन सकछौं।''

''परमेश्वरले आफ्नो बालकहरुलाई आनन्द अनि, अन्य ईसाई गुणहरु दिनुहुन्छ,'' टिनोले उत्तर दिंदछ। ''यो अनुग्रह उहांवाट धेरै प्रकारले आउंदछ। यो उहांको वचन अनि हाम्रो हृदयमित्र उहांको काम द्वारा आउंदछ जसै हामी परमेश्वरको पवित्र आत्माको शक्तिमा एकार्काको सेवा गर्दछौं। यो बप्तिस्मा, प्रार्थना अनि प्रभु भोज द्वारा पनि आउंदछ।''

''भिकटर अनि मैलै परमेश्वरको वचन अध्ययन गर्छौं अनि प्रार्थना,'' लोरीले भन्दछ। ''हामी पनि बप्तिस्मा भएका छौं अनि प्रभुभोजमा भाग लिन्छौं, अनि हामी पक्कै अरुको सेवा गर्न चाहन्छौं। तर मलाई अझ पनि लाज लाग्छ अनि डराउछु किनभने भैंले धेरै खराब कुरोहरु गरेकी छु।''

''शैतानले त्यसको बल्दोबाण तिमीहरुमा फेरि हिर्काउदैछ। लोरी। त्यसले तिमीहरुको मनमा शंकाको विष हाल्ने प्रयास गर्दछ। धेरै नयाँ विश्वासीहरुको पहिलो आनन्द कमजोड़ भएपछि यस्तो हुंदछ। हाम्रो भावनाहरुमा हामीले विश्वास राख्नु हुंदैन।''

भिकटरले मन्दछ, ''मैले आर्थरलाई सुनेपछि शंकाको भावनालाई रोकन सकिदन। जान्दिन किन हो।''

''आर्थरको मतलबहरु ठिकै हो, तर उ युक्तीवादी हुन्,'' टिनोले बुझउने कोशिष गरे।

''युक्तीवादी के हो?''

''ईसाई युक्तीवादीहरुले परमेश्वरको वचनलाई तिनीहरुको मानव विचारले विश्लेषण गर्दछन्। तिनीहरु संझन्छन् कि तिनीहरुले विश्वास गर्न अघिनै धेर-थोर सबै बुझीसकेका हुन्छन्। तर कुनै मानिसले परमेश्वरको अनुग्रहलाई विश्लेषण द्वारा बुझन सकदैन। अनुग्रह तर्कहीन छ। अर्को तर्क, न्याय तर्क विषयक छन्। दयालाई पनि तर्कशास्त्र

अनुसार बुझन सकिन्छ। तर अनुग्रहले सवै मानव विश्लेषणलाई विरोध गर्दछ, किनभने यो संधै अनुचित हुंदछ। जब मानिसहरुले हाम्रो प्रभु येशू ख्रीष्टलाई थुके, निन्दागरे, अनि क्रुसमा चढ़ाए, उहांले तिनलाई सताउनेहरुलाई प्रेमको क्षमाको साथ जवाब दिए। शिद्ध अनुग्रह यही थियो, भिकटर, हामी मनुष्यको समझ देखि बाहिर।''

''त्यही कारण हो आर्थरले प्रभु भोजमा रहस्य छैन् भनेको ? भिकटरले सोधे।'' यसले विरक्त बनायो। हामी 1 कोरिन्थी 10:16 पढ़ौ कि हामी येशूको देहमा सम्भागी हुन सकौं। यो एउटा सांचो रहस्य जस्तै मेरो निम्ति देखा पर्छ।

''यो बहुमुल्य छ!'' लोरी खुशिले कराउछिन्।

''यो सांच्चै एउटा स्वर्गीय रहस्य हो,'' टिनोले किटेर भन्दछ।

''प्रभुभोज लिंदा ख्रीष्टको शरीरको वास्ता नगर्ने विश्वासीलाई परमेश्वरले दण्डदिनु हुन्छ। तरै पनि, आर्थरले युक्तीवाद आधारमा मात्रै बताएका हुन्। तिनले कुनै अलौकिक कामलाई इन्कार गर्दछ। उसको विचार यो छ कि हामीले रोटी तोड़दा पवित्राआत्माले छुट्टी लिनुहुन्छ। मैले पनि एकपल्ट त्यसै संझेथें, तर मैंले मेरो शंकाको क्षमा परमेश्वरसित मांगे। उहांले क्षमा गर्नुभयो, लोरी। मैंले मेरो आफ्नै नास्तिकतामा शंका गर्न सिकेकोछु।''

''रहस्यको अर्थ के हो ?'' भिकटरले सोध्दछ।

''येशू अनि प्रेरित पावल दुवैले भनें कि रोटी येशूको देह हो। तिनीहरुले यो भन्दैनन् कि यसले उहांको देहलाई ''प्रतिनिधित्व'' गर्छ। रोटी रोटी नै हो, तर सांचो आत्मिक प्रकारले यो ख्रीष्टको देह हो। यो एउटा चिन्ह हुन सकछ, तर चिन्हले सच्चाईको शक्तिमा लैजान्छ किनभने यसले चिन्हारी गराउंछ, यदि हामीले यसलाई विश्वास सित लिन्छौं भनें।''

''प्रभुभोजको समयमा परमेश्वर काम गरिरहनु भएको म थाहा पाउंदछु,'' भिकटरले याद दिलाया। ''मलाई लाग्दथ्यो कि ख्रीष्ट सांच्चै उपस्थित हुनु भएको थियो। अब म थाहा गर्छु किन। तर मेरो अर्को प्रश्न छ इश्माएलको मित्र आर्थरले मानिसहरुलाई पैसा दिन भनि जोड़ लगाउंछ। मण्डलीको भण्डारमा रकमहरु बड़ाउनलाई अनि अर्को कुरो उसले भन्दछ जसले मलाई दोषी ठहराउंछ। तपाई अनि आर्थर दुवैले बाइबल चलाउनुहुन्छ, तर तपाईले हामीलाई दोषी ठहराउंनु हुन्छ। तपाई अनि आर्थर दुवैले बाइबल चलाउनुहुन्छ, तर तपाईले हामीलाई दोषी ठहराएर छोड़नु हुन्न। किन यसप्रकारको भिन्नता ?''

''मलाई लाग्छ आर्थर एक अनात्मवाद हुन, टिनो। उसले परमेश्वरको अनुग्रह मानिसहरुको जीवनलाई तिनीहरुले कमाएका सामग्री वाट नाप्ने गर्दछ। उसले यो पनि विचार गर्दछ कि एउटा मण्डलीमा यदि तिनीहरुको आफ्नै सम्पत्ती छ भने त्यसलाई सफल मान्दछ। एकपल्ट म यस्तै झूण्डमा थिएं। उसले त परमेश्वरको सेवा कसरी गर्नु भन्ने बारेका अरु सदस्यहरुद्वारा नयाँ बिचारहरु लिएर अंठयाउने गर्दथ्यो। उसले भन्थे कि यसप्रकारको योजनाहरुले मझडलीको पैसा नष्टगरि दिन्छ चाहे त्यस योजनामा खर्च नै किन नलागुन त्यो देखनसकछु। हामीले उसको अनि इश्माएलको निम्ति प्रार्थना गर्नुपर्छ। मलाई लाग्छ कि तिनीहरुको मतलब ठिकै छ, तर यसप्रकारको संसारीक विचारहरुले यिनीहरुलाई असर पार्दछ। त्यत्तिमात्र होइन कहिले कहिं असल ईसाईहरु पनि परमेश्वरवाट भन्दा मानिसहरु अनि शैतानको बिचारहरुलाई लिन्छन्।''

एक महिना पछि टिनोले धेरै ससाना भूण्डहरुको अगुवाहरुलाई भेट गरे। तिनीहरुको कामहरु हेर्न भनि भिकटरलाई पनि भनें। सभामा टिनोले सल्लाह दिए, ''जुन झुण्डलाई अगुवाइ गर्न मैंले सहयोग पुराइ रहेकोछु अब सदस्यहरु बड़ेको हुनाले सम्भाल्नलाई ठूलो भएको छ। यसकारण म कमसे-कम दुइ नयां झूण्डहरु बनाउन चाहन्छु। मेरो विचारमा एउटा झूण्ड भिकटर अनि लोरीको घरमा भेटगर्न सकिन्छ होला। तिनीहरु ख्रीष्टमा बड़दैछन्, अनि तिनीहरुले चौड़ै एउटा झुण्डलाई सम्भाल्ने हुनेछन्। जुली र म तिनीहरुको हेर-बिचार गर्नेछौं।''

''त्यसले त विभाजन ल्याउंछ, टिनो!'' इश्माएल आवेशमा बोलीरहेको थियो, यदि हामीले नयाँ विश्वासीहरुलाई घरेलु झुण्डलाई अगुवा गर्न दियौ मनें, हाम्रो मण्डलीमा पक्कानै बिभाजन आउनेछ।

आर्थर अझ बोल्दछ, तिमी जस्तो सृजनात्मक विचार भएकोलाई म विश्वास गर्दीन, टिनो। तिनीहरु जहिले पनि नयाँ कुरो शुरू गर्न चाहन्छन्। हामीले घरेलु झुण्डकाहरुलाई कड़ा गरेर राख्नुपर्छ। हामी सित कड़ा नियम हुनु पर्छ। हो! घरेलु झुण्डलाई सानो मण्डली जस्तो काम गर्न दिनु हुंदैन। तिनीहरुलाई धेरै स्वतन्त्रता हुन्छ। इश्माएलले प्रबन्ध गरेका अध्ययनका सामग्रीहरु प्रयोग गर्नुपर्छ। तिनीहरु एक साधरण बाइबल अध्ययन गर्ने झूण्डको रूपमा मात्र रहनुपर्छ।''

तर्कको माझ छोटो विराम हुंदा भिकटरले टिनोलाई सोधे, ''तपाईले किन मन्नु भएको कि हाम्रो निर्देशनको लागी नयाँ नियमलाई प्रयोगगर्नु पर्छ'

''पुरानो नियमलाई हामी अरु उदेश्यहरुको निम्ति प्रयोग गर्दछौं, तर नयाँ नियमको मण्डलीको क्रियाकलापहरुलाई व्याखा गर्नु होइन। अन्यथा, आइतवारको दिन दाउरा बटुल्नेलाई ढुंगाले लोहोरयाएर मार्न पर्छ। हामीले सबै क्रियाकलापहरु ख्रीष्टले अनि उहांका प्रेरितहरुले चाहनु भएझै हामीले गर्नैपर्छ।

टिनोले के भर्ने अनि बताए आर्थरले सुनि रहे, ''हामीले सबै क्रियाकलापहरु पक्कै गर्नेछौं। हो। हामीले विभिन्न खांचोहरुलाई पुरागर्न मानिसहरु नियुक्त गर्नेछौं। एउटा झूण्डले प्रत्येक सेवाकाइलाई हेर्नेछ। एउटा झूण्डले एउटै सेवा लिनेछ अनि त्यसमानै रहनेछ। हो। सम्पूर्ण झूण्डहरुले वचन सिकाउनेछन्। तैपानि, एउटा झूण्डले मात्र सुसमाचारलाई देखरेख गर्नेछ। अर्को झूण्डले आरधनालाई सम्भाल्नेछ। अर्कोले रुपियां पैसालाई सम्हाल्नेछ अनि दिनेकामलाई बृद्धि गराउनेछ। हामी यसप्रकारले सम्पूर्ण झूण्डलाई कड़ा नियन्त्रनमा राख्ने छौं। प्रत्येकले के गरीरहेका छन् हामीले थाहा गर्नेछौं।'' आर्थरले उसको आवाज सानो पार्‍यो अनि अरु ठूलाहरुले उसलाई अनि टिनोलाई सुनिरहेका थिए।

''यसप्रकारको विशेष संस्थाले धर्मशास्त्रले चाहेको कुरालाई विरोध गर्दछ।'' टिनोले गराउंदछ। ''तिमीहरुले मानिसलाई सानो कोठामा बन्द गर्दछौ। तिमीहरुले परमेश्वरले दिनुभएका विभिन्न आत्मिक बरदानहरुलाई अलग गर्दछौ। तिनीहरुको योग्यतालाई अरु विश्वासीहरुको निम्ति उपलब्ध बनाउनु भन्दा एउटै आत्मिक वरदान भएकाहरुलाई एउटै झूण्डमा बटुलेर राख्दछौ। तिमीहरुको यो तरिका (सानो झूण्डमा) ताल-मेल खान सकदैन। परमेश्वरको वचनले यो चांहदछ कि प्रत्येक झुण्डमा विभिन्न सेवाको विभिन्न वरदानहरु भएका मानिसहरु हुन खांचो छ, यसैले तिनीहरु एक-दुस्राको सेवा गर्न सकदछ।''

''म मान्दीन! आर्थर कराउंदछ।'' छुट्ट कार्यक्रमहरुको आयोजन द्वारा हामी झूण्डहरुलाई नियन्त्रन गर्नसकदछौं। हो! यो मात्र बाटो हो! अन्य दुइ ठूलाहरु पनि आर्थर संगै मिलेर गनगनाउन थाल्छ।

टिनोको अनुहार निरुत्साहित देखा पर्छ। उसले विन्ति गर्दछ, ''दया गरेर बाइबलको कुरालाई धेर विचार गरौं। ख्रीष्टको मण्डलीलाई संगठित बनाउनलाई हामीले विभिन्न आत्मिक वरदान भएकाहरुलाई एकसाथ तिनीहरुको कामलाई ताल-मेल गराएको परमेश्वर चाहुनुहुन्छ, अलग गर्नहोइन। पढ्नुहोस्, 1 कोरिन्थी 12, रामी 12 अनि एफिसी 4:22-16। हामीले एउटै शरीरमा एकार्कालाई विभिन्न सेवकाइद्वारा सेवा गर्नुछ। प्रेम भावले। हाम्रो सानो झूण्डहरुले यसरीनै धेरै असल गरीरहेछ। हाम्रो बाइबलको कार्य-विधिलाई त्यागनु पर्दैन।''एउटा मण्डलीमा तिमीले झुण्ड बनाउन चाहन्छौं।'' आर्थरले जोड़सित शिकायत गर्दछ। यसप्रकारको झूण्डहरुलाई नियंत्रन गर्नु गाहरोछ। हो! हामीलाई यस्तो प्रकारको संस्थाको खांचो छ जसले हामी जस्ता अगुवाहरुलाई बल मिल्दछ।''

''तिमी साह्रैनै तिम्रो बलको फिक्रि गर्दछौ, आर्थर। प्रत्येक झुण्डलाई नियंत्रन गर्नलाई बरु हामीले पवित्र आत्मको शक्तिमा भर पर्नुपर्छ, अनि प्रत्येक झुण्डलाई परमेश्वरले जसरी डोरयाउनुहुन्छ त्यसरी नै सेवकाइहरुमा बढ्नदिनु पर्छ। 2 कोरिन्थी 3:17 मा यस प्रकारको आत्मामा स्वतन्त्रताको प्रतिमा दिइएकोछ।''

''तिमी नयाँ कुरोहरु परिचय दिन चांहन्छौ, टिनो,'' आर्थर क्वाँई-क्वाँई गर्दै बोल्दछ। ''तिम्रो झुण्डमा प्रत्येकलाई केहिभिन्नै गर्न देउ। हो नी! एक साता देखि अर्को साल के हुन्छ कसैलाई थाहा पनि हुंदैन। धेरै स्वतंत्रता दिंदा गड़बड़ी आउनसकछ। यसले हाम्रो एकता बिगार्न पनि सकछ। हामीलाई सम्पूर्ण झूण्डको निम्ति एउटा स्तरको अभ्यास गर्नु खांचो छ। प्रत्येक झूण्डमा हर-एकले! हो! एकतालाई कसरी कायम राख्नुछ!''

''एकतासित समानतालाई झूठो साबीत नगरौ,'' टिनोले विन्तिगरे। ''ख्रीष्टमा भएको एकताको अर्थ यो होइन कि प्रत्येकले एउटै क्रियाकलापहरु अभ्यास गर्नपर्छ। यसको अर्थ अलिक बेग्लैछ। प्रेरितहरुले शरीरको एकता वारे सिकाए जब तिनीहरुले आत्मिक वरदानहरुसित ब्यवहार गरे। तिनीहरुले यो जाहरे गरे कि ख्रीष्टमा भएको एकताको अर्थ हो कि हामीमा विभिन्न वरदानहरुछन्, अनि पवित्र आत्माले हाम्रो विभिन्न सेवकाइहरु प्रेमको साथमा गर्ने ताल-मेल राख्दछ।''

एक ज्येष्ठ व्यक्ति जसले अलिक अघि आर्थरलाई समर्थन दिएका थिए, बोल्दछ। ''यो त बड़ो चाखलाग्दो सत्य छ, भाइ टिनो। मैले अघि ध्यान दिएको थिइन। ज्यू! 1 कोरिन्थी 12 अध्यायले बहुतै स्पष्ट सित सिकाउंछ। पवित्र आत्माले विभिन्न सेवकाइहरुलाई एकै प्रकारले सुरमा राख्दछ जसरी हाम्रो शरीरका विभिन्न अंगहरुले एकसाथ काम गर्दछ। धन्यवाद, टिनो। मण्डलीको उन्नतीको लागी म विश्वासीहरुलाई मेरो झूण्डमा सिकाउन र तयार पार्न शुरू गर्नेछु।''

''उत्तम!'' टिनोले जवाब दिंए। तिमीले पनि पत्तो लाउनेछौ कि एक-दुस्राको सेवकाइको निम्ति खांचोहरु अनि मौकाहरु लगातार बदलिरहदंछ, नयाँ नियममा तिनीहरुले गरे झैं।''

इश्माएल अनि आर्थर बाहेक अरु ज्येष्ठ अगुवाहरूले टिनोलाई समर्थन गर्दछ। इश्माएलले तर्कलाई अघि बड़ाउँछ, ''तपाई अनुग्रहलाई ज्यादै जोड़ दिनु हुन्छ, टिनो। तपाईलेभन्न चाहएको कि विश्वासीहरुले जे चाहन्छन् तिनीहरुले त्यसै गर्न सकछ। तपाईको शिक्षाको कारणले हाम्रो मण्डलीमा अनुसाशन हराउंदै जानेछौं।''

''हामी अनुग्रहलाई साह्रै जोड़दिन सकदैनौं, यदि हामीले यसलाई ठिकसित व्याखा गर्दछौ,'' टिनोले इश्माएलाई बुझाउंदछ। कत्तिले सिकाउंछन्, जसरी म गर्छु भनि तपाई भन्नुहुन्छ, कि अनुग्रहले हामीलाई कुनै पनि पाप जो हामी इच्छा गर्छौ गर्नदिनुहुन्छ। तपाइले त मलाई यस्तो हानीकारक गलती शिक्षा दिएको सुन्नु भएको छैन्। तपाइको डर निराधार छ। जसले परमेश्वरको अनुग्रह प्राप्त गर्दछ। पाप गर्दछ जसरी प्रेरित पावलले भनेका थिए। परमेश्वरले अनुग्रहलाई जसरी व्याखा गर्नुहुन्छ त्यही प्रकारले हामी पनि गरौं।''

''त्यसो भए, बाइबलले यसलाई कसरी व्याखा गर्दछ, टिनो?'' इश्माएले सोधे।

''अनुग्रह परमेश्वरको अमूल्य निगाह हो। पश्चतापी विश्वासीहरुले येशू ख्रीष्ट द्वारा सित्तैमा अनुग्रह पाउंदछन् जबकि तिनीहरु पापमा मर्दछ अनि ख्रीष्ट सितै नयाँ जीवनमा बौरी उठदछ, परमेश्वरको परिवार भित्र फेरि जन्मेको हुँदछ। तिनीहरु परमेश्वरको धर्मपुत्र हुनेछन् अनि परमेश्वरको असिमित सम्पत्तिको ख्रीष्ट सितै साझे-हकवाला।''

''यस्ता कुराहरु बाइबलमा कहां सिकाउंछ?'' टिनोले आफ्रो बाइबल खोले। ''केहि असल उल्लेखहरु निकाल्नलाई अलिक समय दिनुहोस्।'' भिकटरले याहा गरे कि टिनोले पदहरु बताउंदा इश्माएलले लेख्दै थिए, रोमी 5:12 देखि 6:18, रोमी 8 अध्याय अनि एफिसी 2:4-7।'' भिकटरले पनि आफ्रो खातामा लेखे।

अभाग्यवश, कतिपय ईसाई शिक्षकहरुले अनुग्रहलाई बेठीकसंग व्याखा गर्दछ, टिनोले स्पष्ट पारे। तिनीहरु विचार गर्छन् कि यसको मतलब हामीले कसैलाई कहिले विरोध गर्नु हुंदैन, अर्थात हामीले हर तरहले प्यारो सम्बन्धहरुलाई सम्भाल्नै पर्छ। यो धारणाले परमेश्वरको वचनलाई डरलाग्दो प्रकारले घुमाइ दिन्छ! परमेश्वरका राज्यका गोठालाहरुले गलती गर्नेहरुलाई ठिक सित सुधार गर्ने प्रकारले सामना गर्नैपर्छ, यदपि अस्थाइ निराशाले घेरेता पनि यीशू ख्रीष्ट अनि

प्रेरित पावलले झै गर्नु पर्छ। सवै भन्दा प्यारो थोक हामीले गर्न सकछौ जब कसैको गलतीलाई वा पाप गरेको भाइलाई ख्रीष्टमा सुधार गर्न सकछौं, यदि त्यौ जत्तिनै कष्टदाय किन नहुन्! यदि तिनी परमेश्वरको सांचो पुत्र हुन मने, उ फर्कि आउनेछ। उसले धन्यवाद दिनेछ। गलती गर्ने र पश्चताप गर्न इन्कारगर्ने विश्वासीहरु देखि हाम्रो संगती अलग गर्नुछ। यसरी, ख्रीष्ट अनि प्रेरित पावलले भन्दछ कि हामी अपश्चतापी ईसाईहरु देखि अलग रहनुछ, अनि तिनीहरुसित प्रभु भोजमा सामेल नहोऔं।''

इश्माएलले टिनोलाई प्रश्न गरे, ''बाइबलको कुन पदहरुले यसप्रकारको अनुसाशन बारे सिकाउंछ?''

टिनोले फेरि उसको बाइबलमा हेरे अनि भने, ''मत्ती 18:15-20, 1 कोरिन्थी 5 अध्याय अनि तितस 3:10-11।'' इश्माएल अनि भिकटर दुवैले लेखे।

टिनोले कुरा अघिवड़ाए, ''अनुग्रहको वारेमा अर्को घातक मतविरोध के हो भने, परमेश्वरले विश्वासीहरुलाई तिनीहरुको पापको लागी दोषि ठहरयाउनु हुन्न।'' ''उहांले पक्कै ठहरयाउनु हुन्छ।'' परमेश्वरको क्षमाले हामीलाई आश्वासन दिंदछ कि हामी ती मध्येका होइनौ जेसलाई ख्रीष्टले मृत्यु देखि उठाउनु हुन्छ अनि अनन्तको सजायको निमि पठाउनु हुन्छ, जसै उहांले यहून्ना 5:24-29 मा सचेत गर्नुभएको छ। यदपि, उहांसित सदालाई रहनको निम्ति हामीलाई उठाउनु भएता पनि, ख्रीष्ट न्यायको सिंहासनमा बस्नुहुनेछ अनि उहांको महिमीत राज्यको ढोकामा हाम्रो कामहरुको जांचहुनेछ। मत्ती 31 अध्याय मा। जसरी मोशाले अवैध्य मालहरु जो ती सिपाहीहरुले परमेश्वरको पवित्र मन्दिर भित्र फ्याक्न चाहेका थिए ती जलाए झैं।

तब, ख्रीष्टले हाम्रो असलकामहरुको इनाम दिनु हुनेछ जसले उहांको न्यायलाई प्रतिरोध शोकाछन्।

इश्माएल अनि भिकटरले फेरि उल्लेखहरुलाई टिनोले पाए अनुसार लेखे, ''1 कोरिन्थी 3:11-15 अनि 2 कोरिन्थी 5:10''

तब इश्माएल गन्गनाउन थाले, ''मलाई अझै लाग्दैछ कि तिमीले अनुग्रहलाई साह्रै बेसी जोड़ दिंदैछौ, टिनो।''

''म जोड़ यसकारण दिदैछु कि तिम्रो सत्यवादलाई सुधार्न, इश्माएल।''

इश्माएलले हांकदिदै भने, ''म यी पदहरु निकालेर पढ़छु अनि पत्ता गर्छु को सही रहेछ, तिमी कि म!''

त्यस हप्ता पछि, टिनो र जुलीले भिकटर अनि लोरीलाई फेटि परिक्षण गरे। टिनोले सोधे, ''तपाईहरु अस्तिको सभामा किन अनुपस्थित हुनुभयो, भिकटर?''

''किनभने म डरले थाकी सकें कि कतै इश्माएल र आर्थरलाई सामना गर्नेछु। तिनीहरुले जे जसो गरुन भनि चाहन्छ हामी त्यस्तै भइ सकेकाछौं, हामीले येशूलाई प्रेम गर्छौ भनेर होइन, तर तिनीहरुले नै चाहेको गर्न बाढ्य गराइ रहेछन्। कामको समयमा पनि इश्माएलले मलाई ईसाई हुनु के गर्नुपर्छ भनि भनिरहन्छ। यदि मैले सहमती जनाइनभने उसले मलाई दोषी ठहराउंछ।''

लोरीले थपेर भने, ''हामीलाई मानिसहरुले त्याग्नेछ वा परमेश्वरले त्याग्नेछ भनि आर्थरले मलाई डर देखाउंदछ हामी यसप्रकारको डरले संगतीमा आनन्द गर्नसंकदैनौं।'' टिनो केहि क्षण विचार गर्न लाग्दछ अनि त्यसपछि टिप्पणी गदर्छ, ''यदि इश्माएल र आर्थरले नयाँ विश्वासीहरुलाई खेदो लाउंछ, वा विभाजन खड़ा गर्दछ भने तब हामी परमेश्वरले चाहनु भएझैं सुधार गर्नेछौं अनि अनुसाशन सिकाउनेछौं।''

''तपाईले कसरी सजाय दिनुहुन्छ?'' भिकटरले सोध्यो।

''मेरो मतलब सजाय होइन! हामी परमेश्वरमा छोड़ी दिन्छौं। परमेश्वरले उहांका बालकहरुलाई अनुशासन गर्नु

हुन्छ, कोहि बेला कष्टपूर्ण, किनभने उहांले तिनीहरुलाई प्रेमगर्नु हुन्छ। हामी दोषी विश्वासीहरुलाई पुन:स्थापन गर्नको खातीर सुधार गर्दछौं, सजाय दिनलाई होइन। जब विश्वासीहरुले गलती गर्दा हामीले नम्रताको साथमा सुधार गर्नैपर्छ तर ठोस प्रकारले, जसरी गलती 6:1 मा भनेका छन्। यदि तिनीहरु सुधारको विरुद्धमा हिंडदछ अनि पाप गरि रहन्छ भने मात्र हामी तिनीहरुलाई प्रभुभोजदेखि अलग गर्छौ जबसम्म तिनीहले पश्चताप गर्दैन, जसै 1 कोरिन्थी 5 ले बताउदंछ।''

तिनीहरुले प्रार्थना गरे अनि टिनोले परमेश्वरको प्रेमको आश्वासन जवान जोड़ालाई फेरि दिए। तिनीहरुले अर्को दुइ हप्तामा उत्साह पाए अनि प्रभुको निम्ति मेहनत गरे। येशूले लोरीलाई के गर्न भएको थियो त्यसवारे उसको मित्रहरुलाई टोनीले गवाही दिए। परमेश्वरको सित्तैको अनुग्रह ख्रीष्ट येशूमा अनि अनन्त मुक्ति वारे तिनीहरुलाई उसले बताए। लोरीले पनि येशूको अनुग्रह बारे महिला छिमेकीहरुलाई बताए।

झूण्डको आराधना पछि, टिनोले भिकटर अनि लोरीलाई भनें, ''तपाईहरुको कतिपय मित्रहरुले ख्रीष्टलाई ग्रहण गरे। मेरो बिचारमा तिमी अनि भिकटरले आफ्नो घरमा एउटा नयाँ झुण्डलाई नेतृत्व गर्नु पर्छ।''

''के तपाईलाई लाग्छ कि यो म गर्न सकछु? यदि मैंले झुण्डलाई नेतृत्व गरे भने इश्माएले मन नपराउला। मैंले गलती गरुंला।''

''हामी सवैले गलती गर्छौं, त्यसको डर नमान्नु होला। जुली अनि म मिलेर तपाई अनि लोरोलाई देख रेख गर्नेछौं, जसमा तपाईहरुले सही ढंगमा गर्न सकूंन। इश्माएल र आर्थर संग तपाईहरु डराउनु पर्दैन। ज्येष्ठ गोठालाहरुले अब उसो तिनीहरुलाई साथ दिने छैन्। हामीले निश्चय गरयौ कि हाम्रो झूण्डहरु प्रेमको नाता माथि बसाल्ने छौं।''

लोरी आफैलाई नियंत्रमा राखिन, ''मलाई यो जान्न पाउंदा खुशि लाग्यो। इश्माएल र आर्थरले हामीलाई दोषी ठहराउने प्रयास गरीनै रहेकोछ।''

''त्यसो भए तिनीहरु तर्फ ध्यान नदिनुहोस्, लोरी ''टिनोले सल्लाह दिए।'' तिनीहरु अब तपाईहरुको अगुवा होइनन्।''

''तिनीहरु परमेश्वरको अनुग्रहसित अत्ति लोभी छन्।''

''जब सम्म हामी विश्वासमा बलियो रहन्छौ यसको बहाऊलाई रोकने तिनीहरुसित कुनै शक्तिनै छैन्।

एउटा नयाँ झूण्ड शुरू गर्ने बारे प्रार्थना र बातचीत गरे पश्चात, भिकटरले नेतृत्वको भार लिए। तिनीहरुको पहिलो दुई सभा पछि, उसले लोरीलाई भनें, ''झुण्ड प्रारम्भ गर्नु सजिलै थिएछ। हामीले गर्नुपर्ने त जे टोनी र जुलीले गरे त्यसलाई दोहोर्‍याउनु मात्र थिएछ।''

''आज बिहान मैले प्रेरित पावलले जस्तो अर्तीदिएका थे 1 कोरिन्थी 11:1 मा पढ़े। 'म ख्रीष्ट मा भएझैं तिमीहरु पनि मेरो देखा-सिकी गर्ने होओ।' त्यो हामीले गर्दै छौं, भिकटर। हामी हाम्रो उपदेश टिनो को देखा-सिकी गर्यौं, उसले येशूको गर्नु हुन्छ।''

''हो, अनि परिणाम हेर!'' भिकटर रमायो,'' हाम्रा कतिपय मित्रहरु, अनि तिनीहरुको मित्रहरु, अनि मित्रहरुको मित्रहरु : ख्रीष्टमा आउंदैछन्। अनुग्रहको नदी मैंले कल्पना गरेको भन्दा पनि अधिक तेज बगीरहेछ।''

भिकटरको नयाँ झुण्ड कस्तो वृद्धि भइ रहेछ सो जान्न टिनोले हप्तै पछि तिनीवाट सुन्नलाई भेट गर्थे, अनि अर्को सभाहरुको निम्ति सहायता गर्थे। जसै ख्रीष्टमा तिनीहरु बड़दै गए अनि परमेश्वरको वचनमा तिनीहरुको ज्ञान बड़दै गए, भिकटरले टिनोसित कम भेटन लागे।

यी देख-भालको एक समय, टिनोले उसलाई भनें, ''म प्रचारकहरुलाई परिक्षणगर्न जांदैछु जसलाई हाम्रा झुण्डले देशको अन्य भागहरुमा पठाएकाछन्। म केहि हप्ताको निम्ति जांदैछु। म गए पछि, म आशा गर्छु कि तिमी अनि लोरीले

तिम्रो झुण्डमा भएका हरेक व्यक्तिलाई तिनीहरुको आत्मिक वरदान अनुसार अरुको सेवा गर्न मदत गर्नेछौ। सवैले तिनीहरुको वरदानहरु जान्न आवश्यक छैन्। तर यो जरूरी छ कि तिनीहरुले नयाँ नियमको ''एका-दुस्रा' को आज्ञाहरु पालन गरुन।''

''एक-दुस्रा'' आज्ञाहरु के हुन्? भिकटरले सोधे। ती हुन् एक-दुस्रा को सेवा गर, 'एक-दुस्राको बोझ उठाऊ,' 'तिमीहरुको दोष एक-दुस्रामा मानिलेऊ,' 'एक-दुस्राको सुधार गर,' 'उत्सुकतापूर्वक एक-दुस्रालाई प्रेम गर,' 'अनि अरु घेरै-घेरै। कोहि कोहि धेरै पटक दोहोरिएका छन्। यिनीहरुले हाम्रा झुण्ड भित्र अनि मांझ परस्पारिक कामगर्न खांचोछ। भिकटरले थी सबै होशियारी साथ लेखे अनि त्यस अनुसार भिन्दा-भिन्दै प्रयोग अनुसार झुण्ड बनाए, जो यसप्रकार छन् :

## 'आपसमा' पारस्पारिक कार्यगेन आज्ञाहरु

**प्रेम :**

आपसमा प्रेम गर : यूहन्ना 13:34-35, 5:12,17, रोमी 12:10,1 थिस्सलोनीकी 4:9, 1 यूहन्ना 3:11,14,23, 4:7,11,12, 2 यूहन्ना 1:5 1 पत्रुस 1:22

व्यवस्था पूरा गर्नलाई आपसमा प्रेम गर : रोमी 13:8

एक अर्कोप्रति प्रेम बड़ाउनु : 2 थिस्सलोनिकी 1:3

अरुप्रति प्रेममा प्रशस्त बन्नु : 1 थिस्सलोनिकी 3:12,

असंख्य पापहरु ढाकनलाई, आपसमा प्रगाढ़ प्रेम राख, 1 पत्रुस 4:8

**यत्न साथ प्रभाव पार्नु :**

एउटासंग अर्कोको संङ्गती होस् : 1 यूहन्ना 2:7 आपसमा क्षमा गर : एफिसी 3:13, 4:32, कलास्सी 3:13 एउटाले अर्कोलाई पवित्र चुम्मनले अभिवादन गर (अंगालो मार्नु, कुनै संस्कृतिहरुमा) रोमी 16:16, 1 कोरिन्थी 16:20, 2 कोरिन्थी 13:12, 1 पत्रुस 5:24

खानालाई एक दोस्रोलाई पर्ख : 1 कोरिन्थी 11:33

एक दुस्राको दु:खहरु भोग : 1 कोरिन्थी 12:26

एक दुस्राको सेवा गर : (व्यक्तिहरुलाई, झुण्डहरुलाई प्रयोग गर : झुण्डहरुले अर्को भुण्डहरुको सेवा गर) गलाती 5:13

**सेवा गर :**

हरेकले वरदान पाएअनुसार एउटाले अर्कोको सेवा गर : 1 पत्रुस 4:10

प्रेमबाट एक दुस्राको सेवा गर : गलाती 5:13

एक दुस्राको भलाई गर : 1 थिस्सलोनिकी 5:15

एउटाले अर्कोको वास्ता राख : 1 कोरिन्थी 12:25

एउटाले अर्कोको भार उठाऊ : गलाती 6:2

एका अर्काको खुट्टा धोओ : (अरु प्रति नम्रताको सेवाको चिन्ह) : यूहन्ना 13:14

एक दुस्रासित कामगर : 1 कोरिन्थी 3:9, 2 कोरिन्थी 6:1

**सिकाऊ :**

एक दुस्रालाई सिकाऊ : कलासी 3:16

एक दुस्रालाई शिक्षा देऊ : रोमी 5:14

**प्रोत्साहन दिनु :**

एक दुस्रालाई प्रोत्साहन देऊ : कलस्सी 3:16, हिब्रू 10:25

एक दुस्रालाई अर्ती देऊ : हिब्रू 3:13

एक दुस्रालाई सत्य बोल : एफिसी 4:25

एउटाले अर्कोको निम्ति प्राण अर्पण गर : 1 यहून्ना 3:16

प्रेम र सुकर्ममा एक अर्कालाई उत्तेजित गर : हिब्रू 10:24

**सान्त्वना :**

एउटाले अर्कोलाई सान्त्वना देऊ : 1 थिस्सलोनिकी 4:18, 5:2,11 तिमीहरु भेला हुंदा हरकेसंग भजन हुन्छ, शिक्षा हुन्छ, प्रकाश हुन्छ, बोली हुन्छ अथवा अर्थ खोल्ने शक्ति हुन्छ। सेबै कुरा सुधारको निम्ति गरिओस :1 कोरिन्थी 14:26

**आत्मिक यत्न**

एउटाले अर्को संग आफनो आफनो पाप स्वीकार गर : याकूब 5:16 झुण्डहरु मांझ अनि भित्र एकतालाई बनाईराख

**नम्रताको कार्य :**

एउटाले अर्कोको बढ़ता कदर गर : रोमी 12:10

एक दोस्रो प्रति एकै मनका होओ : 2 कोरिन्थी 13:22, रोमी 12:16, 15:5

एउटाले अर्कोको दोष नलगाओ : रोमी 14:13

एउटाले अर्कोको बदनामी नगर : याकूब 4:22, 5:13

एउटाले अर्कोको अधिनमा बस : एफिसी 5:22

एउटाले अर्को प्रति नम्रताको व्यवहार गर : 1 पत्रुस 5:5

**मिलापमा बस :**

एउटाले अर्कोलाई प्रेममा सहेर : एफिसी 4:2

एका दुस्रा आपसमा मेलमिलापमा बस : 1 थिस्सलोनिकी 5:14

एउटाले अर्कोलाई सत्कार गर : रोमी 15:7 1 पत्रुस 4:9

एकै मनका भएर परमेश्वरको महिमा गर : रोमी 15:6

मलाई लाग्दछ यी ''एका दुस्रा'' आज्ञाहरुलाई हाम्रो झूण्डका नयाँ विश्वासीहरुलाई अभ्यास गर्नमा मदत गर्न सकछौ, भिकटरले भन्यो। ''तर मलाई एउटा चिन्ता छ। बिता समयमा हामीहरु भेटदा कतिजना एका-दुस्रासित बहस गरीहेका थिए।''

''तपाईलाई परमेश्वरको मदतको खांचोछ किनमने मनपर्दो अन्तर्द्वन्दलाई शैतानले विरोध गर्दछ। परमेश्वरले चाहनु भए झै हामीले एका-दुस्रालाई मदत गर्नवाट त्यसको सेनाहरुले हामीलाई टाड़ो राख्न कोशिष गर्दछ। जब विश्वासीहरुले एका दुस्रालाई मदत गर्नलाई तिनीहरुको वरदानलाई उपयोग गर्दा शैतानले घृणा गर्दछ। शैतान अनि दुष्ट आत्माले अनुग्रहको नदीको बहाऊलाई विनाश गर्नलाई लड़ी रहन्छ। तर येशू, उहांको मृत्यु र पुनरुत्थान द्वारा, हामी माथि परेका अंधकारका सवै शक्तिहरुलाई नाश गर्नु भएकोछ। यसलाई कलस्सी 2:13-15 ले पक्का गर्दछ।

''आत्मिक बरदानहरु बारे अलिक ज्यादा बुझाई दिनु होस्।,'' मिकटरले विन्ती गर्छ।

'वरदान' को मौलिक शब्द बाईबलमा 'करिस्मा' हो, जसवाट 'अनुग्रह' वा 'वरदान' भनि अनुवाद गर्नसकिन्छ।' परमेश्वर यी योग्यताहरु अरुहरुलाई मदत गर्न भनी दिनु हुन्छ। ती परमेश्वरको अनुग्रहको अनुदानहरु हुन्। जब हामी एक-दुस्रालाई सहयोग गर्नमा यी बरदानहरु प्रयोग गर्दछौं तब उहांको अनुग्रह बहीरहने छ। सबै विश्वासीहरुमा विभिन्न वरदानहरु छन् अनि यसलाई कुनै सेवकाइको निम्ति प्रयोग गर्नुछ, जसरी एफिसी 4:11-12 मा प्रकाश गर्दछ।''

''हिज आर्थरले भन्दै थिए कि सेवा चांहि विशेष प्रचार हो। के यो सही हो?''

''सेवा प्रचार भन्दा अत्ति धेर हो!'' टिनोले जोड़ दिएर भने।''परमेश्वरले सवै विश्वासीहरुलाई विभिन्न सेवकाइको निम्ति विशेष अनुग्रह गर्नुहुन्छ। जसमा कि हामीले अरुहरुमा आशिष पुर्‍याउन सकदछौं। नयाँ नियम अनुसार ईसाई मण्डलीहरुले गर्नु पर्ने विभिन्न घेरै प्रकारका सेवाबारे बहस गरेका छन्। भिकटरले यी तरीकाहरुलाई आफ्रो नोट बुकमा लेख्दछ।

**गोठालाले गर्नुपर्ने परामर्श अनि संशाधन अनि शोकमा परेकालाई सान्त्वना दिनु, निको पार्नु, मदत पुरयाउनु अनि दया देखाउनु। प्रोत्साहनको शब्द बोल्नु, अगमवाणी अनि उत्साह दिनु, भण्डारीपन (दिने) अभ्यास गराउनु, प्राथनामा अन्तर विन्ती गर्नु अनि परिवारीक सेवा गर्नु, विवाहको सम्बन्ध दृढ़ गराउनु, परिवार अनि नानीहरुको हेर्चाह गर्नु, संगतीको निम्ति विशेष कार्यक्रम तयार गर्नु, सेवा चलाउनु, प्रचार गर्नु, चेला वनाउनु अनि गोठालो गर्नु, नयाँ मण्डली अनि प्रार्थना झुण्डहरु शुरू गर्नु, प्रचारकहरु पठाउनु, मानिसहरुको खांचो अनुसार परमेश्वरको बचनलाई प्रयोग गर्नु अनि अगुवाहरुलाई प्रशिक्षण दिनु।''**

भिकटरले टिप्पणी गरयो।''अब म धेरै कुरा बुझदैछु कि हामीले हाम्रा झूण्डहरुलाई गर्न सिकाउनु पर्दो रहेछ, मलाई त लाग्छ कि यी हामी सवै गर्न सकछौं।''

''परमेश्वरको सहयोग विना तपाईले सकनु हुन्न, तर उहांले तपाईलाई सहयोग दिन प्रतिज्ञा गर्नु भएको छ।''

अर्को विहानै, ढोकामा एउटा आवाज हुदां निद्रा बार व्यूउझिंदछ। उसले झ्यालवाट वाहिर हेरी पठाउंछ। अरे। बाहिर इश्माएल! के भयो!''

हतारसाथ इश्माएललाई भित्रल्याउंदछ जबकि लोरीले आफ्रो लुगा ओड़दछिन्। इश्माएलले स्याँ-स्याँ गर्दै, 'भिकटर'! मिकटर, तिमी आज काममा जानु खांचो छैन्!''

''किन? भिकटर सोधे, तर्सेर।

''पसलमा आगो लागेछ।''

''के?''

''जलेछ। सबै चिजविज नष्ट भयो। मेरो केहि बांचने।'' इश्माएल रूदछ। लोरी आएर उसको हात पकड़न्दछ अनि भिकटरले उसको निम्ति प्रार्थना गर्दछ।

पछि, भिकटरले इश्माएललाई कचड़ाहरु सफा गर्नमा मदत गर्दछ, अनि तिनीहरुले केहि हात-हतियारहरु जो आगो बाट बचेका थिए त्यसबाहेक अरु कुनै हातपार्न सकेनन्। अर्को दिन इश्माएल फेरि भिकटरलाई भेटनलाई आए। तिनी धेरै वेर सम्म शान्त भावमा बसे। लोरीले चिया लिएर आइन अनि सोध्छीन्, ''हामी तिमीलाई के मदत गर्न सकछौं, इश्माएल?''

तिनले जवाब दिएन। तिनीहरु सबै धेरै बेर सम्म चुप-चाप रहे। आखिरमा इश्माएल कराए, ''परमेश्वरले मलाई यसो गर्नु भयो।''

होइन! लोरीले जोड़दिएर भनीन्। ''शैताननले गरेको।''

''त्यसो भए परमेश्वरले शैतानलाई गर्न लाउनु भयो।''

भिकटरले इश्माएलसित कुरा गर्न कोशिष गरे, तर केहि अर्को घड़ी सम्म शान्त रहे। अन्तमा इश्माएल कोमल स्वरमा बोले। ''सलाई ल्याउनु होस।''

''सलाई? मिकटरले सोधे।'' किन? जलाउने विचार छ? ''ज्यू।'' तिनले आफ्नो हात खल्तीमा हाल्दछ। ''यो सुची जो मैले तिमी र लारीले गर्नु पर्ने भनी भने थे।'' लोरीले सलाई लिएर आइन। इश्माएलले होशियारी सित ती कागजका सवै टुक्रालाई जलाई दिंदछ।

तिनले बताए, म एक दिन काकाको मण्डलीमा गएको थिए। मेरो बुवाले-झैं तिनले पनि इस्लामलाई त्यागरे उत्साही ईसाई बने, तिनले ज्यादै गरेर कड़ा गर्ने। उहांले नै मलाई ती कुराहरु सिकाउनु भयो जो मैले तपाईहरुलाई गर्न लगाएं। म डराएको थिएं कि यदि मैले यो गरीन भने परमेश्वरले मलाई दण्ड दिनु हुन्छ। म डराएको थिएं। जब देखि म तिम्रो मालिक भएं त्यस समय देखि मैले सम्झन्दथे। कि परमेश्वरले मलाई तिमीहरुको देख-रेख गरेको चाहनु हुन्छ। मलाई निश्चय थियो कि यो सबै थोक तिमीहरुलाई गर्ने बनाउन मेरो कर्तव्य थियो जसमा कि परमेश्वरले तिमीहरुलाई सजाय नदिऊन। म बाइबलमा पढ़दैछु। मलाई थाहा भयो कि म गलतीमा थिएछु। म त परमेश्वरको अनुग्रहको विरुद्ध अनि उहांको पवित्र आत्माको विरुद्ध लड़दै थिएं।''

भिकटर बोल्नलाई अत्ति उदेक मांन्दै थिए। अझै अलिक शान्त रहे पछि लोरी मधुर स्वरमा बोलीन। ''मलाई थाहा छैन्-म रुनु पर्छ कि खुशिले कराउनु'' तिनले दुवै गरीन्।

अर्को दिन भिकटर घर फर्कि आएर लोरीलाई भने, ''मैले अर्को जागीर पाएं। तिनीहरुले मलाई फलाम जोड़नलगाए अनि पूर्ण जांच गरे कि म अनुभवी छु कि छुइन। मलाई प्रबन्धकले भन्नु भयो कि मेरो हातको सिप राम्रो छ यसैले मेरो तनखा पहिलेको भन्दा दोबर हुनेछ।''

''हाम्रो सबै समस्याहरु हटिरहेछ! लोरी कराऊंछिन्।

''सम्पूर्णरूपले होइन। आर्थरले एउटा ठूला मण्डलीको विश्वासीहरुबाट सेवकाइको कामलाई वृद्धि गराउन भनि पेसा पाएं, मलाई थाहा छैन कि उसको त्यसप्रकारको सेवा छ कि छैन, तर उसले छ भनेर तिनीहरुलाई विश्वास दिलाएका थिए। उसलै त्यो पैसा ती सत्यवाद कुराहरु सिकाउनलाई मानिसहरु लिएका थिए जसरी इश्माएलले आग लागीको अघि सिकाउथें।

आर्थरले टिनोको अनुपस्थीतीको फायदा उठाएर दुइ परिवारलाई टिनोको झूण्ड त्यागेर उसको पछि लाग्न सुरयाएका थिए। तिनीहरुले एउटा मण्डली शुरू गेरीरहेका छन् जसलाई एउटै सत्य वाटो भन्दछ। घर फर्कैन्दै गर्दा आर्थरलाई

एउटा घरमा पसिरहेको देखेथें जुन घरकाहरु छँदैछन्।''

लोरी बस्दछ अनि चुपचाप गन गनाउन लाग्द छ।

## अभ्यास

**परमेश्वरले हामीलाई जीवनमा यी थोकहरुबाट आशिष दिनलाई प्रतिज्ञा गर्नु हुन्छः**

भौतिक आशिषहरु

आत्मिक आशिषहरु

(एफिसी 2:6 ले आत्मिक आशिषको प्रतिमा गर्दछ। अन्यथा, संसार भरी भएका करोड़ौ ईसाईहरु जो भौतिक कुरोमा गरीब छन् तिनीहरुको हिसाब हामी राख्न सकदैनौं। जे भए पनि, गरीब विश्वासीहरु महिमामा धनको उत्तराधिकारी हुन् अनि ख्रीष्टसित राज्यगर्नेछन्।)

यी तीन मध्ये कुन असल तरीका छन् जसले मानिसहरुलाई तिनीहरुको स्थान ख्रीष्टमा छन् भनी आश्वासन दिन सकिन्छ?

तिनीहरुले कुनै नियम भंग गर्नेछ, परमेश्वरको अनुग्रह देखि गिर्नेछ अनि उहांको दण्ड पर्नेछ भनी तिनीहरुलाई डराउने

तिनीहरुले गरेका खराब कुराको लगातार संझना गराएर तिनीहरुको पापको लाागि दोषि ठहाराइ रहने

उहांको वचनहरुबाट सिकाउने, दिन-दिनैको निम्ति घन्यवाद दिने, प्रार्थनाको समय विश्वासको ढाल प्रयोग गर्न, अनि प्रभु भोज द्वारा पूर्ण क्षमाको आश्वासन प्राप्त गर्न सिकाउने।

(यदि तपाईले अनुग्रह बारे परमेश्वरले कसरी सिकाउनु हुन्छ पढ़नु भएको छैन् भने, रोमी 8 अध्याय अनि एफिसी 1 अनि 2 अध्याय होशियार साथ पढ़नु होस्।)

युक्तिवाद विचार भएकाहरुले प्रायः अश्विकार गर्दछन् कि पवित्रविधि द्वारा परलेश्वरले उहांको अलौकिक अनुग्रह ल्याउनु हुन्छ। परमेश्वरको अनुग्रह हामीले कसरी पाउंछौ भनि मानिसको तर्कले मान्त्र व्याखा गर्नाले के खतरा पर्न जान्छ?

-------------------------------------------------------------------------

-------------------------------------------------------------------------

-------------------------------------------------------------------------

(अनुग्रह मानिसको तर्क भन्दा धेरै टाड़मा छन्। कुनै धर्मगुरू वा दार्शनिकले अनुग्रहलाई बाइबलको प्रकाश बिना कहिले पनि बुझन सकदैन।)

भौतिकवादीहरुले अनुग्रहलाई संसारीक धनको भाकामा व्याखा गर्दछ। एउटा सुन्दर बाइबलको परिभाषा दिनुहोस्।

-------------------------------------------------------------------------

-------------------------------------------------------------------------

-------------------------------------------------------------------------

तपाईको मण्डली वा प्रार्थना झुण्डलाई नियमित राखने योजनाहरु के के हुन, जसमा विश्वासीहरुले एका-अर्कालाई

प्रेमपूर्वक सेवा गर्नेछन्, जसरी परमेश्वरको आज्ञाहरु ''एक-दुस्रा'' मा चाहनु हुन्छ?

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

नयाँ नियम अनुसार विश्वासीहरुले तिनीहरुको आत्मिक वरदानहरु प्रयोग गर्नलाई अनि सेवकाईरुमा अभ्यासगर्नलाई तपाईको झुण्डलाई नियमित गराउनलाई तपाईको योजनाहरु के के हुन्?

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

तपाई आफैबाट हुने अनि तपाईले देखभाल गर्दै गर्नु भएका नयाँ अगुवाहरुबाट हुने अपमानजनक आख्तियारलाई टार्नु तपाईको के योजनाहरु छन्?

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

----------------------------------------------------------------------

## अध्याय - 4

## भिकटर अनि लोरीले कसरी आनन्दित आत्मिक स्वतंत्रतालाई पत्तो लगाए।

भिकटर, लोरी अनि जुली, टोनीको साथमा रेल स्टेशनमा जान्छन्। तिनी केरि प्रचारकहरुलाई परिक्षण गर्न जांदै थिए। तिनीहरुका मण्डलीले अझै पनि नयाँ गिर्जाहरु उत्पन्न नभएका ठाउंहरुमा पठाएका थिए। बाटोमा जांदै गर्दा, टिनोले विन्ती गरे, ''जब म गएको हुन्छु मेरो झुण्डको सभामा उपस्थित भइदिनु होस्। तिनीहरुलाई मदत गर्नुहोस्। ब्वांसाहरुसित होशियार रहनुहोस किनभने मेरो अनुपस्थितीमा हाम्रा भेड़ाहरु लैजान सकछ।''

''पासो'' भिकटरले सोधे। ''तपाईको मतलब के हो?'' ''ठूलो, भोकाएको कुकुरहरु, बाघ जस्तै, कमजोड़

भेंड़ाहरुलाई खोजी हिंडछन्। येशू अनि प्रेरितहरुले यस्ताहरुलाई झूटो गोलाठाहरु ''ब्वांसाहरु'' भन्नेका थिए किनभने तिनीहरुले अरू गााठालाहरुको भेंड़ाहरु चोरेर लैजान्छन्।''

''तपाईले हामीलाई होशीयरी गराउनु भएकोमा म खुशि छु, टिनोले भन्यो।'' मेरो विचारमा यस्ता ब्वांसाहरु अघिबाटै हाम्रा बगालको वरीपरी सुंघदै घुमी रहेका होलान्। आर्थरको भानिज, शाहजी, जसले नयाँ विश्वासीहरु बनाउन चाहन्छन् अनि यस्तो सोंच्दछ कि हाम्रो झुण्डमा उ मात्रै एउटा सांचो आत्मिक व्यक्ति हो।''

''त्यसो भए होशियार! शैतानको झूट एउटा मर्चा जस्तो हो जो रोटीको सारा पिठोमा फैलिएर जान्छ। यस्ता झूटहरु घेरै पल्ट आत्मिकी सुन्दछ अनि शंका नगर्ने विश्वासीहरुमा दादुरा जस्तै फैलिएर जान्छ। परमेश्वरले दामीलाई पत्तोलाउने अनि विरोधगर्न मदत गरुन्। यस्ता वाणहरुमा भौतिकवाद, तर्कबुद्धिवाद, व्यक्तिवाद, घमण्ड, मुर्तिपूजा, अभिलासा, कामुकता सम्मिलित छन्। भूतहरुको उत्पादन गरेको सिद्धान्तहरुले प्रत्येक दिशाबाट प्राय: संधै हामीलाई गोला बर्साइरहेकोछ।''

''तपाईले व्यक्तिवाद भन्नुमयो,'' भिकटरले भन्दछ ''अनुग्रहको बहाऊलाई कसरी अठयांउदछ?''

''जब तपाईले विश्वासीहरुलाई एक-अर्का भन्ने आज्ञाहरु गम्भीरतापूर्वक अभ्यास गर्न मदत गर्नु हुन्छ तब थाहा गर्नुहुनेछ। पारस्पारिक क्रियालाई रद्दगर्नलाई शैतानले व्यक्तिवादको सियो लाउने प्रयास गर्नेछ। व्यक्तिवादीहरु गुप्त विश्वास चाहन्छन्। तिनीहरुले परमेश्वरलाई आफ्नै तरिकाले सेवा गर्दछन्। तिनीहरु प्राय: आराधनाको समयमा बसी रहन्छ अनि तिनीहरुले के सुन्छ त्यसलाई स्पञ्जले झै चुस्दछन् अरु कुनै विशेष क्रियाकलापमा भाग लिंदैनन्। तिनीहरुलाई गुंथिएको प्यारो झुण्डलाई तिरस्कार गर्दछन्।

यस्ता विच्छेदले प्रेमलाई लत्याउँदछ। शैतानको व्यक्तिवादलाई अंगाल्ने मण्डलीले कहिले कांहि नयाँ नियमको एका-दुस्रा आज्ञाहरुलाई असल प्रकारले प्रयासमा ल्याउने गर्दछ।

''घमण्ड हठवाद' ले अनुग्रहलाई कसरी रद्द गर्दछ?''

''घमण्ड हठवादले विश्वासलाई ज्ञानले मात्र निर्माण गर्ने कोशिस गर्छन्, 'टोनीले उत्तर दिए।' ज्ञानले घमण्ड बढ़ाउछ, 1 कोरिन्थी 8:1 ले सर्तक गराउंदछ। येशू हाम्रो एउटै जग हुनुहुन्छ, त्यो चटान जसमाथि बुद्धिमान मानिसले आफनो घर बनायो। बुद्धिमान मानिस अनि मुर्खमानिस जस्ले आफनो घर बालवा माथि बनाए दुवैले येशूको वचन सुनेका थिए। ती दुवैको ज्ञान थियो। तर ज्ञानी मानिसले मात्र येशूलाई ज्यादा प्रेम गरे अनि उहांको आज्ञा माने। घमण्डी हठी असल सिद्धान्तको शिक्षा सित केवल तृप्त मात्र बन्दछ। उ साहै आफनो ज्ञानमा निर्भर गर्दछ अनि येशूले चाहनु भएको अरु क्रियाकलापलाई वास्ता राख्दैनन्।''

जुलीले थप्दछ, कति घमण्डी शिक्षकहरुले त तपाईको शिरलाई छेडेर दुलो बानउछन्, एउटा कुप्पी (फुन्नेस) घुसारी दिंदछ अनि तिनीहरुको विचारहरु तपाईको गिदीमा खनाइदिन्छ! संयोगले, धेरै तरुन विश्वासीहरु यस्ता निष्क्रिय ''सुन्नेहरु मात्र'' हुन चांहदैनन्। यसको विरुहदमा याकूब 1:22 ले चेतावनी दिंदछ। तिनीहरुले सिकेपछि सक्रिय वर्तालाप सित अन्तर्द्वन्द गर्न चाहन्छन्। तिनीहरु बाइबलले जे भन्द त्यसलाई विचार गर्न, स्वतंत्रता चाहन्छन् अनि हठी मानिसहरुको धारणाहरुलाई आंखा बन्द गरेर ग्रहण गर्नु भन्दा बरु पवित्र आत्माको अगुवाइ सबै सत्यतामा चाहन्छन्। तिनीहरु सिकन मात्र चांहदैनन्, तर परमेश्वरले के भन्नुहुन्छ गर्नचांहन्छन्।''

''के हठीरु सधै गलत हुन्छन्?'' भिकटरले सोधे।'' के भेंड़ाहरुलाई तिनीहरुको इच्छामा जहीं कहीं जानदिए गोठालाहरुलोई खतरा हुं दैन?''

''निश्चय हुन्छ। सबै विश्वासीहरुलाई गोठालोको खांचोछ,'' टिनोले उत्तर दियो।''तर हामी गोठालाहरुले बाइबलमा भने झै तिनीहरुको हेर्चाह गर्नु पर्छ।''

''त्यो चांहि कसरी ?''

''एकटा असल गोठालाले विश्वासीहरुलाईपरमेश्वरको स्वतंत्र वचनलाई कसरी प्रयोग गर्नु त्यसवारे तिनीहरुको आफ्नै विचार द्वारा परिपक्क बन्नलाई मदत गर्दछ। अन्यथा, हाम्रो संसारको मुर्तिपुजकहरु ले, झुठो ईश्वरहरु जसले मानिसलाई वन्धनमा पार्छ अनि व्यर्थको दर्शनशास्त्रहरु द्वारा मानिसहरुको मनलाई पक्रन्दछ। कहिले कांहि घमण्डी हठीवादहरुले यो धारणा राख्दछ कि परमेश्वरको अनुग्रह धेरै अध्ययन गरे मात्र आउनेछ। त्यसैले तिनीहरुले अरुलाई विश्वासगर्न जे भन्दछ तिनीहरुको संकीर्ण दृष्टिकोणबाट हो।''

''म त तरूेन पिढ़ीको हूं,''लोरीले जवाब दिइन।''म अरु इसाईहरुसित गतिशील सम्बन्धलाई उपभोग गर्न चाहन्छु, अनि मलाई आशा छ कि हाम्रा गोठालाहरुले त्यसो हुन दिनुछ।''

''तर हामीले कसरी बनाउन सकछौ ?'' भिकटरले सोधे। परमेश्वरको वचन सिकन अनि पालन गर्न एक साथ सक्रियबनेर भाग लिनमा हामीले अरुलाई कसरी मदत गर्न सकछौं ?''

''तपाईले तिनीहरुलाई बाइवलका कथाहरु पढ़न वा भन्न लगाउनु होस्। टिनोले सल्लाह दिए।'' अनि कथाले परमेश्वर बारे के सिकाउंछ अनि त्यस बारे हामीले के गर्न पर्छ छलफल गर्नुहोस्। कथालाई छोटकेरीमा नाटकमा दर्शाउनु होस अनि पाठ गर्नुहोस्। तिनीहरुले के सिकेको चाहनुहुन्छ निश्चय गर्नुहोस्। परमेश्वर अनि उहाँको कामलाई मनन गर्न प्रश्नहरुको सहायता लिनु होस। प्रोत्साहन अनि महिमाका गीत वा कविताहरु लेखन लगाउनुहोस्। संधै एउटै मानिसले गर्नुभन्दा सवैले मिलेर सिकाउन तयार पार्नुहोस।''

''ओहं ! लोरी करायो।''परमेश्वरको वचनले सिकाए अनुसार छोटो नाटकहरु तयार पार्न अरुलाई मदत गर्न मलाई मन लाग्छ। अदनको वर्घेंचा वा रूथको कथालाई नाटकीय दृष्टिमा गर्न सकछौ ?''

''तिमीले रानी एस्थरको पाठ गरेको मलाई हेर्ने इच्छा छ'' भिकटरले लोरीलोई मन्यो। ''मैले उड़न्ता पूत्रको पाठ सहजै खेल्न सकने थिएं जस्ले बुवाले दिएको पैतृक धन खर्च गरेका थिए। मैले ख्रीष्टलाई चिन्न भन्दा अघि यस्तो उड़न्ते क्रियाकलापहरुको धेरै अनुभव छ।''

''म वलियो बाछाको पाठ गर्ने थें,'' टिनो हांस्दछ। ''उड़न्ता पुत्रको बुवाले छोरा कर्कि आएको खुशिमा त्यसलाई मार्दछ। ठूला दाइ असल मानिस थियो तर, जसरी येशूले बताउनु भयो, खराब अनि पश्चतापी सानो भाइलाई उसको बुवाले अनुग्रह देखाउंदा तिनी रिसाए। उ एउटा दाखबारीमा काम गर्ने परीश्रमी खेताला थिए, जो आफ्रो मालिकले तिनी भन्दा आधा काम गरेकोलाई पनि एउटै जेला दिदा रिसाए। असल व्यक्तिहरु, पनि घेरै पटक परमेश्वरको अनुग्रहलाई विरोधगर्दछ, जब तिनीहरुले अधम पापीहरुलाई सित्तैमा क्षमा भएको देख्दछ।''

''के ठूलाहरुले हामीलाई यसप्रकारको सृजनात्मक ढंगमा सिकाकने छ?'' लोरी ले सोधिन।

''लोरी बहुतै सृजनात्मक छे!'' भिकटरले बताए।

''उसले धेरै पढ़छ अनि उसले पाएका रत्नहरुलाई याद पनि गर्दछे।''

''परमेश्वरको वचन सृजनात्मक रूपमा सिकाउन अब हामी स्वतंत्र छौ,'' टिनोले तिनीहरुलाई आश्वासन दिए।'' हामीले घमण्डी हठीवाद सित आत्मिक लड़न्त लाड़यौ अनि विजयी भएकाछौं। हाम्रा ज्येष्ठहरुले तपाईहरु जस्तो नयाँ विश्वासीहरुलाई परमेश्वरको वचन खुल्ला संग सिकाउन अनि विचार गर्न अब उसो साहस गर्नु हुनेछैन्।

''कत्तिराम्रो !'' लोरी खुशिले कराउंदछिन।

''तपाईले भन्दै हुनुहुन्थ्यो कि हठीवाद संधै भूलमा हंदैन।'' भिकटरले दोहोराए। ''यसको उचित प्रशंग कहिले हो?''

टिनोले स्पष्ट गर्दछ। ''हामीलाई परमेश्वरको वचन अध्यन गदी विश्वासको संधै खांचो छ। हामी परमेश्वरको वचन बहस गर्नलाई अनि परमेश्वरको अनुग्रह कमाउनलाई अध्यन गर्दैनौ, तर हामीले अघिबाटै पाएको अनुग्रहलाई कदर गर्दछौं। हामीले हठीवादलाई शिक्षा अनि भूल प्रचारको विरुद्धमा अभ्यास गर्नु खांचो छ।''

''प्रचार कहिले भूल हुन्छ?'' भिकटरले सोध्यो।

''टिनोले बुझ्ाउंदछ, कोहि खराब शिक्षकहरु अनि प्रचारकहरुले तिनीहरुको सुन्नेहरुलाई गधाझै देखदछ। मानिसहरुले तिनीहरुको हठीवाद भाषण चुपचाप सित सुनेको चाहन्छन्। तिनीहरुले विश्वासीहरुलाई एक जीवति शरीर, एका–दुस्राको भलाइ गर्ने, समाज भित्र शैतानको विरुद्ध लड़ने, भोकाएहरुलाई खुवाउने अनि रोगीहरु निकोपार्ने भनि देख्दैनन्।

''हे, प्रिय परमेश्वर, हामीलाई छुटयाउनु होस्'' लोरी गर्जीयो। ''उहांले गर्नु भएको छ,'' जुलीले बताए।

''भिकटरले आफ्रो खातामा लेखेको टिनोको नोट हेरे। उसले सुस्केरा भरे। ''म यो सवै सिकन सकनेछु?''

टिनोले उसलाई आश्वासन दिए,''तिमी र लोरीले परमेश्वर अनि उहांको अनुग्रह वारे अन्य मानिसहरु जो चालिस वर्ष देखि विश्वासी बनकोहरु भन्दा धेरै बुझी सकेकाछौं। भिकटर तिम्रो त अनुसन्धान गर्ने मन छ। तिमीले अरुभन्दा धेरै प्रश्नहरु गर्ने गर्छौ मलाई थाहाछ।''

''धेरै–धेरै?''

''होइन! तपाईको जिज्ञासा अनि अन्तर्दृष्टि पनि परमेश्वरको अनुग्रहको बरदान हो, पवित्र आत्माको काम।

''पवित्र आत्माले हामीलोइ अन्तर्दृष्टि कसरी दिनुहुन्छ?''

''उहांले हाम्रो मनहरुलाई उज्यालो पार्दछ, टिनोले बुझाए।''यसैकारण हामीले परमेश्वरको वचनलाई हाम्रो जीवनमा, हाम्रो मित्रहरुलाई अनि शत्रुहरुलाई प्रयोग गर्न सकदछौं। 2 कोरिन्थी 4:4 ले भन्दछ कि शैतान, यो संसार को ईश्वर, ले विश्वासीहरुको मनलाई अन्धा गर्दछ। जब हामी ख्रीष्टमा विश्वास गर्दछौं अनुग्रहको आश्चर्य काम द्वारा परमेश्वरको सत्यतालाई छुटयाउन सकदछौं। पवित्र आत्माले हामीलाई अन्तर गवाही दिनु हुन्छ उहांले हामीलाई उदेक तौरले अगुवाइ गर्नु हुन्छ, जसै हामी रोमी 8 मा देखदछौं। हामी परमेश्वरका पुत्रहरु हौं भनि आश्वासन दिनु हुन्छ।''

''कस्तो आशिष! लोरी खुशिले कराइन्।

भिकटरले सोधे, ''के पवित्र आत्मा मात्र हाम्रो मनहरुलाई प्रकाश दिन धर्मशास्त्र प्रयोग गर्नुहुन्छ? अरु कुरोलाई प्रयोग गर्नु हुन्न?''

''वाइबल हाम्रो अन्तिम अधिकार हुन,'' टिनोले जवाब दिए। ''तर भजन संगह 19 अनि रोमी 9 ले जाहेर गर्दछ कि परमेश्वरले हामीलाई सिकाउन अरु साधनहरु पनि प्रयोग गर्नु हुन्छ। जसमा प्रकृती, इतिहास, मित्रहरु, विवेक, उपयुक्त साधना, प्रार्थना, अनुभवहरु अनि कहिले कांहि सपनाहरु सामेल छन्।''

''मैले यर्मिया 29 अध्यायमा अगम्बक्ताहरुले झूटो सपनाहरु बताएको पढ़ेथें, भिकटरले दोहोराए ''हामीले झूटो शिक्षाहरुबाट सत्यलाई कसरी छुटयाउनु?''

''झूठो शिक्षाले सदैव धर्मशास्त्रको खण्डन गर्दछ वा दूरपयोग गर्दछ,'' टिनोले बुझाए। ''यसले हाम्रो प्रभु येशू ख्रीष्टको महिमा पनि गर्दैन। यसले धेर जसो मानिस, संस्थाको मात्र बढ़ाइ गर्दछ, वा शक्तिका भुखा तानाशाहीहरुले

कुनै न कुनै तरिकाले आफ्नो शक्तिको स्थान बनाई राख्छन्।''

''ए त्यसो पो!'' भिकटरले भन्यो, ''तिनीहरुले परमेश्वरको वचन त प्रयोग गर्दछ तर पवित्र आत्माको शक्तिमा चांहि होइन। तिनीहरुले, मानिसको आफ्नै शक्तिमा, सिकाएका हामीले कसरी बुझन सकछौं?''

''अरु किसिमको झूटो शिक्षाहरु नराम्रो धोखा दिने हुन्छन्। किनमने त्यो सन्तोष दिने हुंदैन तर झूटको अभिप्रायले भरेको हुन्छ। यस्तो घमण्डी ढीठहरु संग होशियार रहनु पर्छ जसले आफ्नै सन्तोषको निम्ति मात्र प्रचार गर्दछ वा सिकाउंदछ। हामी जत्ती जनाले सिकाउंछौ हाम्रो झूण्डको क्रियाकलापहरुलाई वाटो देखाउन वचन प्रयोग गर्ने पर्छ। हाम्रो शाक्षीहरुमा,आराधनामा, नयाँ विश्वासीहरुलाई स्थिर गराउन, सेवकाइको आयोजन गर्न, पास्टरहरुलाई प्रशिक्षण दिन अनि प्रचारकहरु पठाउनमा अगुवाइ गरौं। झूटा शिक्षकहरुले आफ्नौ शिक्षाको सन्तुष्टी पाउनलाई प्राय: बाइबललाई ठीकसित प्रयोग गर्दछन्, तर तिनीहरुले यसो गर्दा नयाँ नियमको आधारलाई खण्डन गर्दछ।

''तपाईको गाड़ी चौड़ै छुटनेवाला छ,'' भिकटरले भन्यो। ''यसरी तपाईसित बात गर्न पाउंदा अति खुशिलागी रहेछ। तपाई रेल भित्र चड़न भन्दा अधि अझै एउटा प्रश्नगर्न मन लाग्यो त्यो प्रश्नचांहि हो, पवित्र आत्मोले हामीलाई कसरी अगुवाइ गर्दछ। हामीले परमेश्वरलाई के गर्नु पर्छ भनि परमेश्वरको इच्छालाई कसरी जान्नु?''

''कतिपय इसाईहरु तिनीहरुको अनुभव र भावनाले मात्र डोरयाइएका हुन्छन्। अरु कत्तिले धर्मशास्त्र अनि विश्लेषणात्मक शिक्षा बारे अगुवाइ खोजी–रहेका हुन्छन्। अरुहरु कत्तिले तिनीहरुको अगुवाहरुलाई खुशिपार्ने शिक्षाहरुलाई मात्रै अंगाले मण्डलीमा हिंड़ीरहेका हुन्छन् यी सबैलाई हामीले सन्तुलन गराउन खांचो छ। पवित्र आत्माले यी सिकने अनुभवहरुलाई पूरा गर्नमा सहायता गर्नुहुन्छ, जसमा हामीलाई अगुवाई गर्न तीनैवटालाई प्रयोग गर्नपनि सकनुहुन्छ। उहांले हाम्रो अनुभवहरुलाई–भावनाहरुलाई, विचार अनि ज्ञानलाई, अनि विश्वासीहरुका समाजलाई, प्रयोगगर्नु हुन्छ। यो सन्तुलन बिना, एउटा मण्डलीले उसको सेवकाइलाई एउटै दृष्टिमा जोड़ दिए, त्यो अनुचित हुन जान्छ। ख्रीष्टको मण्डलीमा भएको सन्तुलनलाई शैतानले संधै नाश गर्न कोशिष गरीरहन्छ। प्राय: संधैनै, मण्डलीको दूर्वलता चांहि त्यसको शक्ति अनुचित तर्फ लैजानु हो।''

भिकटरले बताउंदछ, ''मेरो ठूलो संर्घष आर्थर अनि तिनका शिष्यहरुसित अझै छ। तिनीहरुले नयाँ विश्वासीहरुलाई दोषी ठहराउन विवेकलाई विरक्त पार्दछ। यसरी नयाँ विश्वासीहरुले परमेश्वरको क्षमा अनि अरुलाई प्रेम गर्ने बरेमा शंका गर्दछ। मेरो मतलब, आर्थर, जसले धेरै पटक पुरानो नियमका अगमवक्ताहरुको संझना गराएर परमेश्वरले कसरी ठण्ड दिनुहुन्छ भनी देखाई रहन्छ। उसको ''बांसुरी को एकटै मात्र शुर छ।''

''आर्थर अनि तिनका शिष्यहरुले पूरानो र नयाँ नियममा थोरै मात्र भिन्नता देखाउंछन्,'' टिनोले सर्तक गराए। ''त्यसरी मानिसलाई व्याकुल पार्दछ। हामीले व्यवस्था अनि अनुग्रहलाई छुटयाउनै पर्छ। नयाँ अनि पुरानो करारमा छुटयाउन नसकने शिक्षकहरु बाट होशियार रहनु पर्छ। प्रभु यीशू ख्रीष्टको मृत्यु अनि पुनरुत्थान ले परमेश्वरको व्यवहार मानिस प्रति सधैको निम्ति बदली भइसकेको छ। परमेश्वरका मानिसहरु व्यवस्था देखि अनुग्रहमा सरीसकेका छन्, यसलाई जसरी रोमी 6:14 ले पक्का गर्दछ। सत्यवादकहरु पूरानो नियमको व्यवस्थाहरु मानै टांसिएर बस्छन। खराब शिक्षकहरु ले नियमलाई बड़ाउंदछन्। तिनीहरुले पौराणीक इस्राएललाई दिइएको पुरानो नियमको व्यवस्थामात्र प्रयोग गर्दैनन्, तिनीहरुले अविष्कार गरेको अनि मानिसले बनाएका नियमहरुलाई पनि प्रयोग गर्दछ।''

''तपाईले भन्नु भएको पूरानो नियमको व्यवस्था पौराणिक इस्राएलहरुलाई मात्र प्रयोग हुंदय्यो,'' भिकटरले आलोचना गरे। ''कुनैपनि पुरानो व्यवस्था आजका दिनहरुमा प्रयोग हुंदैन?''

''येशू अनि प्रेरितहरुले पुराना व्यवस्थाहरुलाई नयाँ नियमको मण्डलीलाई मार्गदर्शन गर्नलाई प्रयोग गरेका थिए। उदाहरणको लागी, तिनीहरुले दश आज्ञालाई जो पूरानो करारको आधारका विश्रामको दिनलाई मान्ने आज्ञा बाहेक सबैलाई फेरि पक्का गराए। हामी नयाँ नियमको आधारमा हिंड़छौं, किनभनें यदि हामीले परमेश्वरका मानिसहरूलाई पुरानो

नियमवाट केहि चुनेर अरु चांहि त्याग्न भनि भन्दछौं भने तिनीहरुलाई चोट पुरयाउनेछौं।''

''पुरानो व्यवस्थाहरु केके छन् जसलाई हामीले आज पालन गर्दैनौ ?''

''धेरै छन्।'' रेल छुटन भन्दा अघि म तपाईलाई बताउन चाहन्छु। मलाई याद गर्न दिनुहोस्। पुरानो व्यवस्थामा यी थोकहरु हामी कुनै गर्दैनौं :

खतना नभएकाहरुलाई हाम्रो पवित्र स्थानमा प्रवेश गर्न मनाही गर्नु, आमा-बुवालाई सराप्ने नानीहरुलाई तरवारले मार्नु। व्यविचारीहरुलाई दूंगाले लोहोर्‍याउनु। मुर्ति पूजा गर्नेहरुलाई मार्नु।

हप्ताको सातौं दिनमा काम गर्ने मानिसलाई मार्नु।

जसले अगमवाणी गर्दछ सो पुरा हुंदैन त्यस्ता मानिसलाई मार्नु। यरूशलेमको उत्सवमा उपस्थित हुनलाई कर लाउनु। बिवाहित पुरुषलाई उसको भाइको नानी नभएको विधवीलाई विवाह गर्न कर लगाउनु।

हरेक सात वर्षमा खेतमा उपजनी नगरी शरणलाई खेतालाहरुलाई कर लाउनु।

हाम्रो हप्ताको आरधनामा एउटा नर भेड़ा मार्नु। आराधना गर्न केवल यरुशलेमा मात्र जानु।''

''पूरानो व्यवस्था त कति कठिन थिएछ।'' लोरीले टिप्पणी गारेन।

''यो साह्रै कड़ा थियो,'' टिनोले समर्थनगरे। ''पुरानो व्यवस्थाको पत्रिले मानिसहरुलाई रद्द तुल्याए अनि मृत्युमा धकेली दिए, जसरी 2 कोरिन्थी 3:6 ले प्रष्ट पार्दछ।''

किन''भिकटरले सोधे, उसको हातमा लेखलाई कलम तयार थियो। परमेश्वरले मोशालाई दिनुभएको व्यवस्थाको के उद्देश्य थियो ?''

''पूरानो व्यवस्थाको तीन उदेश्यहरु थिए :

पहिलो रोमी 3:20 ले स्पष्ट पार्दछ कि महान पवित्र परमेश्वरले पूरानो व्यवस्था दिनु भयो, जसमा कि मानिसहरुले जानोस् तिनीहरु पापी छन्। यसले पापलाई प्रगट गरे अनि येशू ख्रीष्टको निम्ति मानिसहरुलाई तयार पारे, जसरी रोमी 3 अध्याय अनि गलाती 3 अध्यायले जाहेर गर्दछ।

दोस्रो, गलाती 3:24 अनुसार पुरानो व्यवस्था येशूको आगमनको लागी मानिसहरुलाई तयार पार्ने शिक्षक थियो। तेस्रो, पुरानो व्यवस्थाले पौरणीक इस्राएली जातीलाई शासन, स्थिरता, आशा अनि आनन्द दिए। भजन संग्रह 116:127 मा दाऊदले व्यवस्था प्रति आफ्नो प्रेमको उदघोषणा गरे।''

भिकटरले व्यवस्थाका यी उदेश्यहरु लेरव्द छ, जसमा कि उसले पछि यसलाई अनुसन्धान गर्न सकुन। टिनोले जवान दम्पतिलाई आश्वासन दिए, ''परमेश्वरले मानिसको पापलाई व्यवस्था द्वारा प्रमाण गरि दिए, अनि उहांकै अनुग्रहको बाटोले उहाले हाम्रो पापहरु क्षमा गर्नुहुन्छ अनि हामीलाई अनन्त जीवन दिनुहुन्छ। अब हामी नयाँ नियमको करारमा सम्मिलित छौ जो यर्मियाले 31:31 मा येशूको जन्म हुन भन्दा एकसय वर्ष अघि बताइसकेका थिए। परमेश्वरले यर्मिया द्वारा यो प्रकाश गराइ सकनु भएको थियो कि पुरानो, अस्थाइ करार नयाँ करार द्वारा बदली गरिनेछ जहां परमेश्वरको व्यवस्था दूंगा माथि लेखिनको बदली हृदयहरुमा लेखिने छन्।''

भिकटरले सोधे, ''पूरानो व्यवस्था अब उसो हामीमा प्रयोग हुने छैन भनि येशू र प्रेरितहरुले नयाँ नियमामा कहां भनेका छन् ?''

टिनोले बाइबल को अंशहरु निकालेर पुरानो व्यवस्था अब उसो प्रभाव कारी छैन भनि देखाए। भिकटरले लेखे:

अब सम्पूर्ण पुरानो नियमको व्यवस्था प्रेमको व्यवस्थामा पूरा भए, जो आत्माको फल हुन् जसलाई परमेश्वरले सबै विश्वासीहरुलाई दिनुहुन्छ, मत्ती 22:38-40, गलाती 5:22-23।

हामी व्यवस्थाको अधीनमा छेनौं तर अनुग्रहको अधीनमा रोमी 6:8-18,

हामी व्यवस्थाका कामद्वारा धर्मी ठहरीएका होइनौं तर विश्वास द्वारा अनुग्रहको बाटोले, गलाती 2:19, देखि 3:24 सम्मन्। येशू, उहांको मृत्यु अनि पुनरुत्थान द्वारा प्रधानताहरु र व्यक्तिहरुलाई विजयी गर्नुभयो अनि हाम्रो विरुद्धमा रहेको बमासुक र त्यसका सबै कानूनी दाबीहरूलाई क्रूंसमा किला ठोकी रद्द गर्नुभयो, कलस्सी 2:13-17।

नयाँ करारको महिमा जो अनन्तलाई छ पुरानो करारको महिमालाई जो परमेश्वरलेनै अस्थाई हुन अनि धमिल्याउन राजी हुनु भयो, 2 कोरिन्थी 3:6-13।

''अहो कस्तो संज्ञो!'' लोरीले खुशि व्यक्त गरीन्। अब थाहा लाग्यो कि आर्थरले हामीलाई तिनको घेरै नियमहरु पछि लाग्नलाई हामीलाई जोड् दिने कुनै आधार नै छैन्।

''मेरो गाड़ी अब चौड़ै छुटनेछ। म जान अघि 2 कोरिन्थी 3:6:10 मा अनुग्रहको नयाँ करार बारे के भन्दछ सुन्नुहोस्।'' तिनले पढ़ें :

परमेश्वरले हामीलाई नयाँ करारको योग्य सेवकहरु बनाउन भएकोछ – पत्रीको होइन तर आत्माको, किनमनें पत्रीले मार्दछ, तर आत्माले जीवन दिंदछ। अब यदि सेवकाईले मृत्यु ल्याउंदछभनें, जुन पत्रहरु ढूंगमाथि खोपिएका थिए, महिमामा आए, यसकारण इस्राएलीहरुले मोशाको उनुहार एक टक लगाएकर हेर्न सकदैन थिए महिमाको कारणले, जो धमिलिंदै गएको थियो, भने आत्माको सेवकाई अझ बड़ी महिमित हुने छैन् र? यदि मानिसलाई रद्द गर्ने सेवकाई महिमित छन् भने, धामिर्कतालाई उचाल्ने सवकाई झन अझ कत्ति महिमामय छन्। किनभने जे महिमामय थियो अब जित्ने महिमाले गर्दा त्यो महिमित हुन आएन।''

भिकटर र लोरी फर्केर पछि, टिनोले तिनीहरुको निम्ति तयार पारी राखीदिएको मार्गनिर्देशनलाई अध्ययन गरे। यसले पुरानो नियमका खांचोहरूलाई नयाँ नियम-बिचको प्राथमिक भिन्नताहरुलाई देखाएका थिए तर घेरै विभिन्न प्रबन्धहरुवाट।

## पूरानो अनि नयाँ काररहरु (नियमहरु) को तुलना

क्रूसले सम्पूर्ण इतिहासलाई विभाजन गर्दछ। जब मसीह गर्नुभयो अनि बौरि उठे, परमेश्वरले अब हामीलाई उसो व्यवस्थामा जीउन कोशिष गरेको चाहनुहुन्न, किनमने त्यो पौराणीक इस्राएलहरुलाई दिइएका थिए, तर उहांको पवित्र आत्माको शक्तिमा बांचेको चाहनु हुन्छ। यो चित्र रेखाले पुरानो करार जसले व्यवस्थालाई दर्शाउदछ त्यस विचको केहि भिन्नताहरुलाई प्रकट गर्दछ, अनि नयाँ नियमले अरु धैर अनुग्रह माथि एकाग्र गराउंदछ। यूहन्ना 1:17 ले भन्दछ, ''किनभने व्यवस्था मोशा द्वारा दिइयो, अनुग्रह र सत्यचांहि येशू ख्रीष्ट द्वारा आए।''

**पूरानो करार** **नया करार**
**(व्यवस्था)** **(अनुग्रह)**
अस्थायी, यर्मिया 31:31-32 टिकाउ अनन्त, हिब्रू 9:15:10:10-14
हिब्रू 8:13
पशुहरुको वली अस्थायी क्षमाको ख्रीष्ट एउटै बलिदान, सदालाई,
महत्व, हिब्रू 9:6-10:1-4,8 अर्थ हिब्रू 9:10:11: 10:9-10
भौतिक, संसारीक, अस्थायी, इनामहरु, अत्मिक, स्वर्गीय, अनन्त, एफिसि

**पावल-तिमोथी वाल-अध्ययन-आश्वासन अनि परामर्श, जी. 3 ई.**

| | | |
|---|---|---|
| व्यवस्था 30:15-20 | दण्डहरु | 1:3 यहून्ना 3:16, प्रकाश 20:23-15 |
| परमेश्वरका मानिसहरु समुन्द्रबाट | महान | बप्तिस्मा (हृदयको खतना) |
| भएर दासत्व देखि उम्के, प्रस्थान 24 | अश्चर्यकाल मत्ती 28:18-20, रोमी 2:29 | |
| | | येशूको शरीर अनि रगत, लूका 22:19-20, यहून्ना 6:25-38 |
| पूरानो व्यवस्थाले पापलाई | | नयाँ करार मा परमेश्वरले पाप |
| जाहरे गरयो अनि रद्द गराए, | उदेश्य | क्षमा गर्नु हुन्छ अनि हामीलाई |
| रोमी 3:19-20 | | स्वतन्त्रत गराउनु हुन्छ, कलस्सी 2:11-17 |
| अस्थायी मन्दीर भित्र पर्दाको | परमेश्वरको | पवित्र आत्मा हामीहरुसित संधै |
| पछि, प्रस्थान 25:8-9, 29 | उपस्थिती | बासगर्नु हुन्छ, यहून्ना 24:19-17, |
| 40:35 लेवी 16:2 | | 1 कुरिन्थी 3:16 |
| योशा व्यवस्था दिनेवाला | अत्ति | येशूले अनुग्रह अनि सत्यलाई |
| थिए, अरु अगमवक्ताहरुले | प्रभावशाली | लिएर आउनुभयो, यूहन्ना 1:1, |
| मोशाको व्यवस्थालाई | अगमवक्ता | 14:17, प्रेरित 3:22-26, |
| प्रयोग गरे, यहून्ना 1:17 | | कलस्सी 2:11-17 |
| गत्ती 12:6-8 | | |
| हारून मुख्यपूजाहारी, | अत्ति | |
| जसले धरतीको उच्चस्थानमा | प्रभावशाली | येशू, जसले हाम्रो निम्ति |
| सेवा गेर, लेवी 16:1-27 | पुजाहारी | अन्तर विन्ती गर्नु हुन्छ, |
| | | हिब्रू 4:14-16, 5:4-10, 9:1-14, |
| | | यहून्ना 14:2-3 |
| दाऊदले राज्यहरु जिते | अत्ति | येशू सबै राज्यहरुको |
| लेवी 20:23, 1 शामुएल | प्रभावशाली | चुनिएकाहरुको शिर हुन, |
| 18:7, 2 शामुएल 7:8-16, | राजा | मत्ती 28:18-20, प्रेरित 1:8, |
| व्यवस्था 20:16-18 | | एफिसी 5:23, प्रकाश 19:15-16 |
| विच्छेदन, घोर विजय, | अन्य | पुर्नमेल, सवै चेला बन्नेछन्, |
| प्रस्थान 6:6-7, 19:1-6 | राज्यहरु | एफिसी 1:4, 2:22-22, 3:1-6, |
| व्यवस्था 2:31, 4:1-9 | सित व्यवहार कलस्सी 1:19-24 प्रकाश 7:9 | |
| परमेश्वरलाई हेर्दावा | | |
| जीक हुनुको अर्थ मृत्यु, | परमेश्वरको | येशूको धार्मिकता हामीलाई |
| न्याय 3:22, प्रस्थान 19:12, | पवित्रता | प्रदान गरिएको छ, |
| लेवी 10:1-2, यशैया 6:1-7 | प्रवेश | रोमी 5:18-19 |
| एक-एक गरी व्यवस्थालाई | आचरणको | आत्मामा जीउनु, प्रेमको साथ |
| कज दण्डको भयको कारण | आधार | पालन गर्नु, यहून्ना 14:15, |
| पालन गर्नु, व्यवस्था 6:1-3 | | रोमी 13:8-10, 2 कोरन्थी |
| 28:15-29, प्रस्थान 20:15-20 | | 3:3-11 गलाती 5:5-6, |
| | | मत्ती 23:37-40 |
| पशु बलिदानहरु प्रयास अनि | शुद्धीकरण | हाम्रो आत्मिक नयाँजन्म |
| निर्दिष्ट व्यवस्थाहरु | | अनि परिवर्तन, आत्माको फल |

## पावल-तिमोथी वाल-अध्ययन-आश्वासन अनि परामर्श, जी. 3 ई.

| | | |
|---|---|---|
| लेवी 11, यशैया 55:7 | | हामी उपभाग गर्छौ, रोमी 14:1-9,17, 1 पत्रुस 1:3, 1 तिमोथी 4:3-5 |
| दश आज्ञा प्रस्थान 20:1-17 | प्राथमीक अवश्यकता | पश्चतापगर्ने पापीहरुको येशूमा विश्वास, यहून्ना 3:16, लूका 24:44-49 |
| निर्दिष्ट व्यवस्थाहरु जीवनको समस्त दुष्टिहरुमा अर्पण गरियो | मार्ग निर्देशन | परमेश्वरको पवित्र आत्मोल हामीलाई चम्कांछ, एफिसी 1:17-20, यहून्ना 14:26, रात्री 8:1-27 |
| व्यवस्था अनि दर्शनहरुमा स्वर्गेदुतहरु मध्यस्थ बने, गन्ती 12:7, व्यस्था 31:9 | परमेश्वर शरीर हुनुभयो, | जीउंदो वचन, यहून्ना 1:1-3, हिब्रू 1:1-3, 2:2-4 एफिसी 4:11-12 |
| ख्रीष्टको निम्ति तथारी गलाती 3:23-26 | शिक्षाको उदेश्य | बदलाव, मण्डलीको सुधार अनि विश्वासीहरुलाई प्रचारको निम्ति 28:30, एफिसी 4:11-12 |
| न्यायघीशहरुझैं कठोर शासन, प्रस्थान 18:24-26, मर्कुस 15:1 प्रेरित 15:10 | एल्डरहरुको प्रभाव | गोठालाहरु झै नम्रताको सेवा, तितस 1:5-9, 1 पत्रुस 5:1-4, मत्ती 20:25-28 |
| दश्वां अंश (1/10 को कमाइ) व्यवस्था 12:11 | | मनको इच्छा अनुसार दिनु, खुशिसाथ, 2 कोरिन्थी 9:7, 1 कोरिन्थी 16:2 |
| मुमि, मानिस जाती द्वारा रक्षा, अस्यायी, उत्पत्ती 12:1-2, 17:1-8 व्यवस्था 6:1-3, रूथ 4:13-17 | धन | अनन्त को धन, पवित्र आत्मको पूर्ण शक्तिद्वारा प्रतिभूत, उत्पत्ती 12:3, एफिसी 1:3-14, हिब्रू 2:14-15, 1 पत्रुस 1:3-5 |

टिनो गए पश्चातको पहिलो सभामा, मिकटरले टिनोको अनि आफ्नै झुण्डका पुराना सदस्यहरु अन्य मित्रहरुको साथमा उपस्थित भएको देख्द। चकित बनायो। तिनीहरु आर्थरको झूण्डमा थिए। कत्तिजनाले टिनोको झूण्डमा घेरै हप्ता सम्मन् भाग लिएका थिएनन्।

''हामी एउटा विशेष कामको सभा गर्दैछौ, आर्थरले सुचित गरे।'' यो झूण्डको निम्ति हामी एउटा नयाँ नेता चुन्ने छौं। टिनोको नेतृत्वमा हामी धेरै नै अस्तव्यस्त भयौं। यसैकारण म एउटा नयाँ झुण्ड शुरू गर्नेछु। म यस झुण्डलाई समावेश गर्दैछु।

आर्थरसित आएका एक जाना व्यक्ति बोले, ''मेरो नाम शाहजी हो। अब म यो झुण्डको हूं। टिनोले यो झूण्डलाई अनुसाशनविहिन नेतृत्व गरीरहेको मैले सुनें। भिकटर जस्तो नयाँ विश्वासीहरुलाई ले पनि गर्नदिंदो रहेछ। हामी यहां परमेश्वरको सत्य कुराहरु पुन:स्थापन गर्न आएकाछौं। म आर्थरलाई हाम्रो नयाँ नेता नियुक्त गर्छु।''

लोरीले भिकटर सित काने-खुसी गरीन ''उसले त मलाई म्यागुताको पो सम्झना गरायो।''

भिकटर मुस्कुरायो। तिनले याद गरे कि शाहजीको मुख चौड़ा थिएछ। उसको स्वर पनि झण्डै-झण्डै भ्यागुताको

जस्तै नै थियो।

''हजूर'' इश्माएल दृड़साथ बोले।'' हामी तपईलाई चिन्दैनौ। हाम्रो नेता टिनोको अनुपस्थितीमा म चुनावमा भाग लिन इन्कार गर्छु।''

आर्थरको आंखा सदा झैं भन्दा अरु बड़ी ठूलो भयो। उसले आफनो ओंठ अनि रिसाएर बोले, ''इश्माएल, तिमीले मलाई समर्थन गरेकाछौ मनिठाने थे। है न!''

''तिमीले के गर्न चाहेकाछौ म जान्दछु, आर्थर,'' इश्माएलले उत्तर दिए। ती योजनाहरु तिमी अनि मैले बनाएका हौं। त्यस समय म तिमी सित सहमत थिएं। तिमीले हाम्रो झूण्डकोहरु सवैलाई नियंत्रण गर्न चाहंन्छौ। तिमीले चाहेको धार्मिक कुराहरु तिनीहरुले गरेनन् भनेर तिमीले दोषी ठहराएकाछौ। परमेश्वरको दण्ड देखाएर तिनीहरुमा भय उत्पन्न गराउंदछौ। दोषको कारणले तिमीले तिनीहरुलाई पैसा दिन लगाउंछौ। तिमीले चाहेको काम गराउनलाई मानिसमा भयउत्पन्न गर्द छौ। यस्तै तिमीले म बाट नै सिकेका हौ।'' एकैक्षण रोकेर उसले आफ्रो आंखावाट आंशु पुछे। म यसको निम्ति अत्ति लज्जित छु।''

''के...तिमीलाई के भयो?'' आर्थर बग् बगीन्दै बोले।

''मैले परमेश्वरको अनुग्रहको नदीबाट पिएको छु,'' इटूमाएलले उत्तर दिए। ''सर्वशक्तिमानले आत्माद्वारा नवीनकरण गर्नुभयो।

म उसो तिम्रो इच्छाहरुमा भाग लिन्न, आर्थर। परमेश्वरले उहांको अनुग्रह द्वारा मेरो व्यपार आगोले नष्टगरीदिनु भयो। उहांले मलाई पैसा अनि मानिसहरुलाई नियन्त्रन गर्ने बारे विचारहरु गर्न कर लाउनु भयो। त्यो अग्नी काण्डको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु। अब म हाम्रो प्रभु येशू ख्रीष्टको सेवा गर्नसक्छु। म उहांलाई मेरो हृदय अनि प्राणले प्रेम गेर्दछु।''

''यहां कोठामा दुष्टआत्माहरु छन्। शाहजी गन-गनाए।

इश्माएल अघिबड़दछ, ''मलाई थाहाछतिमी यहां किन आयौ, आर्थर। प्राय: सबै विश्वासीहरु जसले नयाँ झुण्डमा सामेल भएका थिए तिनीहरु आफ्रै झुण्डमा फर्कि आएका छन्। तिनी एउटा ब्वाँसौ हो भनि तिनीहरुले थाहा गरे। तिमीले परमेश्वरको मानिसहरुलाई विभाजन गरेका देखेका छन् अनि तिनीहरुको मन जित्नलाई निन्दागर्दछौ। भेड़ाहरुले देखेका छन् कि तिमीले तिनीहरुलाई प्रेम गरेका छैनौं। तिमीले सबै झूण्डहरुलाई नियन्त्रन गर्ने योजनामा तिनीहरूको समर्थन जुटाउन प्रयोग गरयौ।''

''ईश्वर निन्दा!'' आर्थरले कराइ दिए। ''हो! यो ईश्वर निन्दा हो! तिमीले यस्तो अधर्म बोल्नु हुंदैन! इश्माएल, त्यो अग्नि काण्ड गर्दा तिमी भावात्मक रूप अस्थिर भइरहेको छ! है न!''

''दुष्टहरु!'' शाहजी कराए, उफ्रन्दै कराए।'' पवित्र आत्माले दुष्टहरुलाई देखे मेरो आंखा खोली दिनु भयो! इश्माएल र भिकटरले तिनीहरुलाई ल्याएका हुन। निस्कीजा, शैतान! हट्! परमेश्वरको नाममा गइहाल्। म तंलाई डांटदछु! एकै पटकमा गइहाल् उ हात हल्लाउंदै, उफ्रन्दै माथी तल गर्दछ। उसको अनुहार रिसमा परिवर्तन हुनलाग्यो।

''दया गरेर शान्त हुनुहोस्, शाहजी।'' भिकटरले विन्तीभाव गरे। अचानक शाहजी उदेकको स्वरमा बोल्न शुरू गरे, जो एउटा भ्यागुताको झै सुनिन्य्यो, ''हिज राती मैले एउटा सपना देखे थें। सपना एक प्रेरित अनि अगमवक्ताको थियो, सुन्नुहोस्। यो गहन प्रकाशलाई सुन्नुहोस्। म रातभर नसुती यसमाथि मनन गरीरहे। इश्मााएलको पसल जलाउनलाई सात भूत आत्माहरुले तेल खनाएका थिए। हिज, इश्माएल र भिकटर ती भूत आत्माहरु कहां दौड़े। तिनीहरु ती आत्माहरुको अघि घोप्टो परे। जब आगो दन्कीरहेको थियो तब यिनीहरुले तिनीहरुलाई पुज्दैथिए। तब भूतआत्माहरुले तिनीहरुलाई पक्रेर त्यहीं जल्दै गरेको आगामा फालीदिए।''

''बस् भयो।'' भिकटरले दर्ढ़ासत भन्दछ। शाहजी, जबसम्म कुनै सपनाले परमेश्वरको बचनलाई सहमत दिंदैन अनि मण्डलीको सुधार गर्दैन तबसभ्म हामी हाम्रो सपनाहरु यहां प्रचार गर्दैनौं। तपाईले जे मन्नु भयो यो विनाशक अनि घृणास्पद छ। अनि यहां भ्यागुता जस्तो उफ़नु बन्दगर्नु होस। यसले सबैको ध्यानलाई आकर्षण गर्दछ।''

धेरै जना हांसे, जसले गर्दा शाहजीलाई वास्तवीकतामा फर्काएर ल्याएको देखिन्थे। उ शान्त भए अनि भिकटरले कुरा अघि बड़ाए ''हामी आज्ञा पालन गरौं। हामी परमेश्वरलाई आरधना गर्न अनि वचन सिकनलाई यहां छौं।'' घेरै विश्वासीहरुलेभनें, ''आमेन!''

''आज्ञालाई कायम राखीदिनु भएको निम्ति, धन्यवाद, तिमीलाई भिकटर,'' आर्थरले शान्तसित भनें। आज्ञालाई रूचाउंछु। ए...हो। मलाई एउटा जरूरी कुरा भन्नुछ। यी झूण्डहरुको निम्ति हामीलाई अलस नियमहरुको खांचो छ। यी झुण्डहरुलाई नेतृत्व गर्नलाई दुइ एल्डरहरु मात्र नियुक्त गरौं, त्यो पनि केवल चार वर्ष सम्मलाई मात्र। तिनीहरुले टिनो अनि अरु एल्डरहरुको जसले सहयोग गरीरहेकाछन्, बदलीमा आउनेछन्। तिनीहरुले आज्ञा राख्नमा चुके।''

''म समर्थन गर्छु!'' शाहजी कराए।

''त्यो लोकतन्त्रात्मक हुन्नसकछ,'' भिकटरले विरोध गरे। ''तथापि, यस्ता नियमहरुले आत्माको स्वतन्त्रतालाई नाश गर्दछ। मलाई बुझाउन दिनुहोस्। के पवित्र आत्माले तीन भन्दा बड़ी वरदान भएकाहरुलाई दिनु हुन्न र? तिम्रो नियमहरुले दुइ जनामामात्रै अन्त गर्दछ। के परमेश्वरको आत्मिक वरदान गोणला मर्नलाई हुइ वर्णमात्र रहन्छ र? ल्यसपछि उहांले फिती लैनानु हुन्छ? यसप्रकारका मानिसले बनाएका नियमहरुले नेतृत्वको स्थानहरुमा राख्दछ जसले ख्रीष्टमा हाम्रो स्वतन्त्रतलाई खोस्दछ। कुनै पनि व्यक्तिले गोठालाको अभिभारा र उत्तरदायित्व पूरा गर्न हामी स्वतन्त्र छौ, यदि तिनीहरुले परमेश्वरको वचनलाई पुरा गर्दछन् भने। परमेश्वरले चाहनु भएकाहरुलाई मनिसले बनाएको नियमले बदलाउ गर्ने छैनौं। हाम्रा वर्तमान खांचोहरु अनि मौकाहरुलाई पूरा गर्नको निम्ति हाम्रा प्रणालीहरुलाई अनुकुल बनाउन हामीलाई हाम्रो झूण्डमा स्वतन्त्रता छ। 2 कोरिन्थी 3:17 मा हामीलाई आश्वासन दिंदछ कि जहां प्रभुका आत्मा हुनुहुन्छ, त्यहां स्वतन्त्रता हुन्छ।''

''तिमी त टिनो जस्तै बोल्दैछौ!'' आर्थरले तीतो व्यक्तगदेछ।

''मलाई यस्तैलाग्छ! उहांको अनुपस्थितीमा यो झुण्डलाई नेतृत्व गर्नलाई भन्नु भएको थियो, अनि म त्यसै गर्दैछु। हामी अरु विषयहरुमा कुरा गरौं, अब। हामी 'एका–दुस्रा' भन्ने आज्ञालाई अरु धेर असर गर्ने तरिकाले अभ्यास गर्नलाई योजनाहरु गरौं जसमा हामीले एक–दुस्रालाई आशिषित बनाउन सकछौ अनि सेवा दिन सकछौ।''

जुली खुशिले कराउंदछिन्, ''परमेश्वर धन्यवाद!''

आर्थरको निधारमा पसिनाको थोपाहरु देखा पर्दछ। झुण्डलाई हेर्दै तिनी उभिन्दछ। उसले आफ्रो ओंठ चाट्दछ। तिनको उल्लूको जस्तो ठूलो आंखाहरुले कोठाको चारै तिर भएकाहरु एक–एकलाई हेर्दै ठदउछ। केहि नभनी कोठा छोड़दछ, शाहजी अनि आर्थर सित आएका अतिथीहरु पनि तिनको पछि लाग्दछ। ज भए पनि प्राय: घेरै अतिथीहरु बस्दछ अनि भिकटरले वाइबलको कथा वाट नाटक गरेर देखाउन भनि छलकल गर्न झूण्डलाई अगुवाइ गर्दछ। अतिथीहरु मध्ये चहकिलो कपड़ा लगाएकी एउटी महिला थिइन।

